# खुला सरकार
र
# खुला संसद



FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

UNDP
Empowered lives
Resilient nations

# खुला सरकार र खुला संसद

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

UNDP
*Empowered lives*
*Resilient nations*

**लेखक तथा सम्पादकः**
तारानाथ दाहाल

**लेखन सहयोगः**
कृष्णप्रसाद सापकोटा

**प्रकाशकः**
**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
फोनः ४१०२०३०/४१०२०२२
इमेलः info@freedomforum.org.np
www.freedomforum.org.np
www.nepalpressfreedom.org

**प्रकाशन सहयोगः**

**संसद सहयोग परियोजना/यूएनडिपी**
तारा हाउस, सानेपा, ललितपुर
फोनः ५०१३०५६
वेभः np.undp.org/PSP

Empowered lives
Resilient nations

प्रथम संस्करणः भाद्र, २०७६

साजसज्जा तथा मुद्रणः स्पन्दन डिजाइन कम्युनिकेशन, फोनः ५५३५८८४

(अस्वीकरणः यस पुस्तिकामा उल्लेख भएका सूचना, तथ्याङ्क, विश्लेषण र निष्कर्ष सम्पूर्ण रुपमा प्रकाशक संस्था तथा लेखककै हुन्। संसद सहयोग परियोजना/यूएनडिपी यस प्रकाशनमा उल्लेखित विषयवस्तु तथा विचारको प्रतिनिधित्व गर्छ भन्ने जरुरी छैन)

This work is licensed under a Creative Commons Attribution 4.0 International License.

# विषय-सूची

भुमिका ज
दुई शब्द ञ

**खण्ड १ः खुला सरकार साझेदारी १**
खुला सरकार अवधारणा २
खुला सरकार साझेदारीको पृष्ठभूमि ४
खुला सरकार साझेदारीको मुख्य उद्देश्य ६
खुला सरकार साझेदारीको सिद्धान्त ७
खुला सरकार साझेदारीको संरचना १०
स्थानीय सरकारसँगको पहल १५
खुला सरकार साझेदारीमा सहभागिता १६
सदस्य राष्ट्रको जिम्मेवारी १९
खुला सरकार साझेदारीमा नेपाल २३
खुला सरकार साझेदारी र दिगो विकास लक्ष्य २६
सरकारद्वारा गठित सिफारिस समितिको प्रतिवेदन २७
खुला सरकार साझेदारी विश्व घोषणापत्र २९

**खण्ड २ः खुला संसद ३४**
खुला संसदको अवधारणा ३६
संसदीय खुलापनका प्रमुख आधारहरू ४०
संसदको नागरिक निगरानी ४३
नेपालमा संसदीय खुलापनको सन्दर्भ ४५
संसदीय खुलापनका अभियानहरू ४७
खुलापनको लागि नैतिक आचरणको नियम ५७
पारदर्शी अभ्यासमा मिनी संसद् ५८
संसदीय खुलापनसम्बन्धी घोषणापत्र ६१
स्रोत सन्दर्भ ७६

# भुमिका

लोकतन्त्रलाई परिणाममुखी बनाउन शासन पद्धतिको सुधारमा सरकार र नागरिकबीच साझेदारी गर्ने नयाँ अवधारणा स्थापित भैरहेको छ । शासन सुधार प्रक्रियामा आम नागरिकलाई मागकर्ता वा दबाबकर्ताका रूपमा मात्र सीमित नराखी उनीहरूको सक्रिय र सुसूचित सहभागिता एवं सिर्जनशील योजनाको साझेदारका रूपमा ग्रहण गरिनु पर्दछ भन्ने मान्यताको आधारमा नै यो अवधारणाले वैधता पाउँदै गएको छ । पारदर्शी संस्कृतिलाई जगदेखि नै हुर्काएर शासन प्रणालीसँग नागरिकलाई प्रत्यक्ष जोडी सहभागितामूलक लोकतन्त्रलाई यथार्थमा रूपान्तरण गर्न नै खुला सरकार साझेदारीको अवधारणा बनेको हो ।


विश्वका शासन सुधारको अभियानमा क्रियाशील राजनेताहरू, सरकारका अधिकारीहरू, नागरिक समाजका अभियन्ताहरू तथा पछिल्लो सूचना प्रविधि क्रान्तिको उपजका रूपमा आएका प्रविधिज्ञहरू समेतको साझा पहलमा सन् २०११ मा एउटा नयाँ विश्व मञ्चको उदय भयो, जसलाई Open Government Partnership (OGP) अर्थात् खुला सरकार साझेदारी भनिन्छ । यो विश्व मञ्चको स्थापनापछि खुलापनको एक एकीकृत र सिर्जनशील प्याकेजका रूपमा सुधारका विभिन्न आयामहरूलाई समेटी विश्व अभियान अगाडि बढिरहेको छ । यसै अभियानअन्तर्गत विभिन्न विषयगत क्षेत्रमा पनि खुलापन विस्तार गर्ने पहलहरू सञ्चालनमा आएका छन् । यीमध्ये खुला संसदको अवधारणा पनि एक हो ।

खुला सरकार साझेदारीमा विश्वका ७९ देशहरूका सरकार र हजारौं नागरिक समाज संस्थाहरू आबद्ध भैसकेका छन् । तर नेपाल यस साझेदारीको सदस्य भैसकेको छैन । यस विश्व संस्थाको स्थापनाकालदेखि नै नेपालले यस साझेदारीको सदस्य हुन आवश्यक न्यूनतम मापदण्ड पूरा गरेको छ । तथापि नेपाल यस अभियानको एक सक्रिय सहभागी मुलुक हुन अझै बाँकी छ । नेपालमा शासनको पारदर्शिता र नागरिक सहभागिताको प्रवर्द्धनमा संलग्न नागरिक समाजका संघसंस्था यस अभियानसँग जोडिएर विभिन्न विषयगत क्षेत्रमा वकालत गरिरहेका छन् । नेपाल सरकारलाई खुला सरकार साझेदारी (ओजिपी) प्रक्रियामा सामेल हुन घच्घच्याइ रहेका छन् ।

नागरिकसँगको सहकार्यमा राम्रो शासनको अवस्था सिर्जना गर्ने प्रतिबद्धता विश्व मञ्चमा प्रदर्शन गर्न नेपाल सरकारले हिच्किचाउनु पर्ने खास कुनै कारण छैन । नेपालले खुला सरकारका मान्यतालाई आत्मसात गरेको छ र कैयौं सफल अभ्यास र अनुभव पनि छन् । तसर्थ यो विश्व मञ्चमा नेपाल छिट्टै सहभागी हुनु राम्रो हुन्छ ।

खुला सरकार साझेदारी र सोही अभियानको एक अर्को महत्वपूर्ण पक्ष खुला संसदको मान्यताबारे जिज्ञासुहरूलाई जानकारी होस् र सरोकारवालाहरूलाई यस अभियानमा अग्रसर हुन स्पष्टता आओस् भन्ने उद्देश्यले यो जानकारी पुस्तिका प्रकाशनमा ल्याइएको हो । यसमा विषयहरूको थोरै मात्र सैद्धान्तिक पक्ष र धेरै जसो उपयोगी जानकारीहरू समावेश गरिएको छ । यो पुस्तिका नेपालका सातै प्रादेशिक विधायिकी संस्था प्रदेश सभाका सदस्यहरू र संघीय संसदका दुवै सदनका सांसदहरू तथा नागरिक समाजका अभियन्ताहरू एवं प्रेस जगतका अगुवा सम्पादक र संसदीय मामिलाका पत्रकारहरू समेतलाई यसबारेको छलफल चलाउन सहयोगी सामाग्री हुने विश्वास राखेका छौं । यसैगरी खुला सरकार साझेदारीमा नेपालको सहभागिताका लागि पनि यस केही हदसम्म दिशाबोध गर्ने विश्वास हामीले लिएका छौं ।

यसको प्रकाशन नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमअन्तर्गत संसद सहयोग परियोजनाको सहकार्य र सहयोगमा सम्भव भएको हो । यसका लागि सो परियोजनासँग सम्बद्ध सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । साथै यस पुस्तिकाको लेखन कार्यमा सहयोग गर्नुहुने फ्रिडम फोरमका नीति सल्लाहकार कृष्णप्रसाद सापकोटा सहित फ्रिडम फोरमका सम्पूर्ण सहकर्मीहरूमा आभार एवं धन्यवाद ज्ञापन गर्दछु ।



**तारानाथ दाहाल**
संस्थापक अध्यक्ष एवं कार्यकारी प्रमुख
फ्रिडम फोरम

# दुई शब्द

खुलापन, संवाद, सहभागिता, सुशासन र साझेदारी लोकतन्त्रका स्थापित मान्यता हुन् । यिनै मान्यताहरु व्यवहारमा प्रचलन हुनसके लोकतान्त्रिक पद्दति र व्यवस्था सुदृढ हुने हो । शासन प्रणालीमा पारदर्शिताको व्यापक महत्व सीमित शब्दमा समेट्न कठिन छ, तर यसको अभावमा हुने दुष्प्रभाव तथा असंगत पक्षहरुलाई सहजै आँकलन गर्न सकिन्छ। शायद अनुभवबाटै सिकेर पनि होला, धेरैजसो अनुभवी लोकतान्त्रिक मुलुकहरुले यो विषयको हेक्का राखेको पाइन्छ। शासन प्रणालीमा त्यहाँ नागरिकको महत्व र सहभागितालाई उच्च प्राथमिकताका साथ आत्मसात समेत गरिएको पाइन्छ । त्यही महत्व र अर्थपूर्ण सहभागिताका कारण नागरिक पनि मुलकप्रति जिम्मेवार र कर्तव्यनिष्ठ बन्नजान्छ। वास्तवमा आज खुला सरकार साझेदारी औपचारिक वा अनौपचारिक रुपमा हरेक लोकतन्त्रको हिस्सा बन्न गएको देखिन्छ।

यसका साथै, सूचना र प्रविधि तथा आमसञ्चार जगतमा आएका अभूतपूर्व परिवर्तन र आम मानिसमा बढ्दै गएको राजनीतिक चेतका कारण खुलापन अब लोकतन्त्रको अनिवार्य शर्तको रुपमा स्थापित भैसकेको छ । लोकतन्त्रमा यस्तो चरित्र व्यवहारतः अनुभूत हुनसकेन भने सुशासन, शान्ति, मानव अधिकार र न्याय प्राप्ति दुरुह बन्न जाने कुरामा दुइमत नहोला ।

साथसाथै, शासकीय प्रणालीमा खुलापन प्रबर्द्धनका लागि नागरिकले कर्तव्य र अधिकार दुवैको अभ्यास उत्तिकै महत्वका साथ गर्नुपर्दछ । राज्यका प्रयत्नहरुमा सहयोग पुऱ्याउन नागरिक पनि अग्रसर हुनुपर्दछ । त्यसका लागि उसको ज्ञान तथा क्षमता विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छ । प्रस्तुत पुस्तिका प्रकाशनले त्यही दिशामा टेवा पुऱ्याउनेछ । पुस्तिकाले सरोकारवालाहरुलाई जनउत्तरदायी बन्नुपर्ने विषयमा स्मरण गराउनुका साथै आम नागरिकलाई असल अभ्यासहरुका सन्दर्भहरु मार्फत शासकीय प्रणालीमा सहभागिताका लागि प्रेरित गर्नेछ भन्ने मैलै विश्वास लिएको छु ।

यस महत्वपूर्ण ज्ञान सामग्री प्रकाशन तथा प्रसार कार्यको लागि फ्रिडम फोरम परिवारलाई धन्यवाद तथा बधाइ ज्ञापन गर्न चाहन्छु। साथै, सरोकारवालाहरुका लागि खुला सरकार साझेदारी तथा खुला संसदका बारेमा सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान प्रदान गर्ने कार्यमा प्रकाशनको सफलताको कामना गर्दछु । प्रकाशन कार्यमा संलग्न यस परियोजनाका सम्पूर्ण कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

**डा.राजबहादुर श्रेष्ठ**
परियोजना व्यवस्थापक
संसद सहयोग परियोजना/यूएनडीपी

# भाग १

# खुला सरकार साझेदारी

# खुला सरकार अवधारणा

लोकतान्त्रिक शासन प्रणालीका मुख्य निर्णयकर्ता नागरिक हुन् । शासन व्यवस्थामा उनीहरूको सहभागिता आफैं वा प्रत्यक्ष सम्भव नहुने हुँदा निर्वाचनबाट चुनिएका प्रतिनिधिमार्फत् हुन्छ । ती प्रतिनिधिले नागरिकको हितमा साँच्चिकै काम गरिरहेका छन् कि छैनन् भन्ने सोच नागरिकमा रहन्छ र रहनु पर्दछ । यस्तो सोच वा सरोकारलाई सम्बोधन गर्न नै लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचित प्रतिनिधिहरूको प्रभावकारिता, पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्ने संरचनाको व्यवस्था हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थालाई दिगो र जनहितकारी बनाउन राज्य र सरकारद्वारा गरिने विभिन्न कार्यहरूमा नागरिकको सहभागिता हुनु पर्दछ भन्ने मान्यताहरू स्थापित भएका छन् । यस्तो सहभागिता नागरिकलाई सरकारको कार्यको अपनत्व लिन सक्ने बनाउन र राज्य तथा सरकारलाई नागरिकको हितमा कार्य गर्ने बनाउन आवश्यक हुन्छ ।

नागरिक सहभागितामा सरकारको पारदर्शिता, जवाफदेहीता लगायत सुशासनका विधि र पद्धतिलाई प्रवर्द्धन गर्न विभिन्न संयन्त्रहरूको विकास भएका छन् । नागरिकको सक्रिय सहभागिता हुने यस्ता संयन्त्र र विधिको अभ्यास खास घटना र विषयमा मात्र केन्द्रित नभई सरकारी कार्यप्रणालीमा समयसापेक्ष रूपान्तरण गरी सरकारको समग्र कामको प्रभावकारिता बढाउन र त्यसबाट आम नागरिकलाई लाभको अनुभूति गराउन लक्षित हुनु आवश्यक हुन्छ ।

नागरिकले राज्य प्रणाली र सरकारलाई बढीभन्दा बढी पारदर्शी र जवाफदेही बनाउन गर्नुपर्ने कामको पहिचान र त्यसको लक्ष्य निर्धारण गर्नु पर्दछ । उक्त लक्ष्य प्राप्तिमा नागरिक संस्था, निजी क्षेत्र र सरकारको भूमिका र योगदानको उचित पहिचान गरी पारस्परिक लाभका लागि सहकार्य गर्ने अवधारणा र विधिका बहस तथा अभ्यासहरू संसारभरि भइरहेका छन् । यस्ता बहसहरूबाट सरकार खुला रहनु पर्दछ र खुला सरकारले मात्र लोकतान्त्रिक शासन प्रणालीलाई दिगो र नतिजामुखी बनाउन सक्छन् भन्ने मान्यताको विकास भएको छ । सरकार प्रभावकारीरूपमा खुला हुनका लागि

उसले नागरिक तथा उनीहरूका संस्थासँग व्यवस्थित तरिकाले साझेदारी गर्नु जरूरी हुन्छ ।

लोकतान्त्रिक व्यवस्थालाई आम नागरिकको लाभ तथा सन्तुष्टिको विषय बनाउने गहन विश्वास र मान्यताबाट विकसित सरकार (खुला सरकार: नागरिक साझेदारी)को रूपमा संसारभरि चिनिन्छ । यस साझेदारीमा सरकार, नागरिक संस्थाहरू तथा निजी क्षेत्र सँगै बसी शासन पद्धतिको सुधार वा परिवर्तन र नागरिकले पाउने सेवाको प्रभावकारिताबारे छलफल गर्दछन्, कार्य योजना बनाउँछन्, एकअर्काको भूमिका किटान गर्दछन्, जिम्मेवारी बाँडफाँट गर्दछन्, मिलेर कार्यान्वयन गर्दछन् र सफलता तथा असफलताको भागीदारी संयुक्तरूपमा लिने गर्दछन् ।

खुला सरकार साझेदारीले शासन व्यवस्थामा सुधार चाहने सरकारभित्र र बाहिरका सुधारकर्ताको लागि साझा मञ्च प्रदान गर्दछ । यसले सुधारकर्तालाई पारदर्शिताको प्रवर्द्धन, नागरिक सशक्तीकरण, भ्रष्टाचारको न्यूनीकरण र नवीनतम प्रविधिको प्रयोगले शासन व्यवस्थामा प्रभावकारिता ल्याउनको लागि छलफल, कार्ययोजना निर्माण र त्यसको कार्यान्वयनका लागि अवसर प्रदान गर्दछ । खुला सरकार साझेदारीले सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारहरूबाट पारदर्शिता, जवाफदेहीता र नागरिक सहभागिताको स्पष्ट प्रतिबद्धता माग गर्दछ ।

# खुला सरकार साझेदारीको पृष्ठभूमि

लोकतान्त्रिक शासनलाई सुदृढ र नतिजामुखी बनाउन सरकार र नागरिक संस्था तथा नागरिक समाजबीच सहकार्य जरूरी भएको कुरा सैद्धान्तिकरूपमा चर्चा भइरहेको छ । यस अवधारणालाई कार्यान्वयन गर्ने प्रभावकारी संयन्त्र र पद्धतिको विकास हुन सकेको थिएन । सुशासनको क्षेत्रमा भएका विभिन्न अध्ययनहरूले भ्रष्टाचार निवारण र पारदर्शितालाई प्रभावकारी बनाउन कुनै पनि राष्ट्रको सरकार र त्यहाँका नागरिक संस्थाबीच व्यवस्थित सहकार्य गर्नु आवश्यक छ भन्ने निष्कर्ष निकालेका छन् । प्रभावकारी शासन व्यवस्थाको यसै चाहना र आवश्यकतालाई पूरा गर्न खुला सरकार साझेदारीको अवधारणा र कार्य संरचना तथा कार्यविधि विकास गरिएको छ ।

यस अवधारणा र कार्यविधिले खुला सरकारसम्बन्धी अन्तर्राष्ट्रिय तहमा स्वीकार्य र अभ्यास गरिएका मापदण्डलाई खास मुलुकमा कार्यान्वयन गर्न र संसारभर फैलाउन आधार प्रदान गरेको छ ।

यसै सन्दर्भमा सरकार, नागरिक संस्था र निजी क्षेत्रबीचको साझेदारीलाई विश्व अभियानको रूपमा अगाडि बढाउन अन्तर्राष्ट्रिय मञ्च प्रदान गर्ने उद्देश्यले “खुला सरकारः नागरिक साझेदारी” प्रति प्रतिबद्ध आठ राष्ट्र तथा नौ अन्तर्राष्ट्रिय नागरिक संस्थाहरू मिलेर चार बुँदे घोषणापत्र जारी गर्दै सन् २०११ को सेप्टेम्बरमा खुला सरकार साझेदारी (ओजिपी) को स्थापना गरेका हुन् । “खुला सरकार साझेदारी”ले सरकारलाई आफ्ना नागरिकहरूप्रति पहिलेभन्दा बढी खुला, जवाफदेही र उत्तरदायी बनाउन प्रतिबद्ध सरकारी तथा नागरिक तहका सुधारकर्ताहरूलाई एकै ठाउँमा भेला भएर काम गर्न उत्प्रेरित गर्दछ ।

**मानव अधिकारको विश्वव्यापी घोषणा, भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय अभिसन्धि र मानव अधिकार तथा सुशासनका आधारभूत सिद्धान्तको आधारमा खुला सरकार आवश्यक र सम्भव भएको विश्वास गर्दै अभियानको शुरूवात गरिएको हो ।**

यी शासनमा सुधार चाहने राष्ट्र र नागरिक संस्थाहरूले सरकारहरू नागरिकसँग सहकार्य गर्दै अहिलेभन्दा बढी खुला, जवाफदेही र प्रभावकारी बन्ने प्रक्रियालाई आफ्नो प्राथमिकताको विषय ठाने । उनीहरूले भ्रष्टाचारको अन्त्य, पारदर्शिता प्रवर्द्धन, नागरिक सशक्तीकरण गर्दै सरकारलाई जवाफदेही तथा नतिजामुखी बनाउनु आफ्नो कर्तव्य भएको स्वीकारे । साथै, उनीहरू विश्व समुदायको लागि मानवीय मर्यादा, सुख र समृद्धि प्राप्तिका निम्ति आपसको सहकार्यमा खुलापनलाई अनुकरणीय अभ्यासको रूपमा स्थापित गर्न प्रतिबद्ध भए । त्यही समय उनीहरूले सरकारका गतिविधिका सूचनाको प्रवाह बढाउन, नागरिक साझेदारीलाई प्रेरित गर्न र सघाउन, सरकार सञ्चालनमा सदाचारको उच्च मापदण्ड कायम गर्न तथा खुलापन फराकिलो पार्न र जवाफदेहीतालाई प्रभावकारी बनाउन सूचना प्रविधिको पहुँच बढाउने प्रतिबद्धता व्यक्त गरे ।

उनीहरूले खुला सरकार अवधारणालाई एक प्रक्रियागत अभियानको रूपमा ग्रहण गरी यसलाई सफल बनाउन निरन्तर क्रियाशीलता र दिगो प्रतिबद्धताको आवश्यकता बोध गरे । तसर्थ, उनीहरूले सरकार तथा नागरिक संस्थाहरूलाई यो अभियान स्वैच्छिक तथा दायित्व सिर्जना नभएको र खुला सरकारको काममा आफूलाई उदाहरणको रूपमा स्थापित गर्दै सफल अभ्यासहरू तथा आविष्कारलाई अन्तर्राष्ट्रिय रूपमा आदानप्रदान गर्न आह्वान गरे । उपस्थित सरकार तथा नागरिक संस्थाहरूले खुला सरकार साझेदारीका केही सिद्धान्त र प्रतिबद्धता समावेश भएको घोषणापत्र अनुमोदन गरी तत्काल आ-आफ्ना राष्ट्रको कार्ययोजना सार्वजनिक गरी खुला सरकार नागरिक साझेदारी अभियानको शुरूवात गरेका हुन् ।

सन् २०११ मा आठ देशबाट शुरू भएको खुला सरकार साझेदारी अभियानमा डिसेम्बर २०१८ सम्ममा विश्वका ७९ देशहरू *(खुला सरकार साझेदारीमा हाल ७६ सक्रिय देश छन् । तीन सदस्यराष्ट्र निष्क्रिय छन् । अजरबैजान, बोस्निया-हर्जगोभिना र ट्रिनिडाड-टोबागो आबद्ध भएर पनि हाल सक्रिय छैनन् भने हँगेरी, तान्जानिया र टर्कीले सदस्यता फिर्ता लिएका छन् ।)*, २० स्थानीय सरकार तथा धेरै संख्यामा नागरिक संस्थाहरू सहभागी छन् र शासन सुधारका क्षेत्रमा सहकार्य गरिरहेका छन् । यी देशका राष्ट्रिय तथा स्थानीय सरकारहरू आफूलाई अझ बढी पारदर्शी तथा प्रभावकारी बनाउन शासकीय सुधारका करिब तीन हजार प्रतिबद्धता कार्यान्वयन गर्न लागिपरेका छन् ।

# खुला सरकार साझेदारीको मुख्य उद्देश्य

खुला सरकार साझेदारीको मुख्य उद्देश्य शासन सुधारको क्षेत्रमा योगदान गर्न सक्ने सरोकारवालालाई उपयुक्त संयन्त्र उपलब्ध गराई सरकारी खुलापनलाई बृहत्तर अभियानको रूपमा संस्थागत गर्न आवश्यक राष्ट्रिय क्षमता विकास गर्नु हो ।

- सरकार, नागरिक तथा नागरिक संस्था र निजी क्षेत्रबीच साझेदारी गर्दै लोकतान्त्रिक शासन व्यवस्थालाई सहभागीमूलक बनाउनु ।
- सरकार, नागरिक संस्था र निजी क्षेत्रलाई आफ्नो परिवेश अनुसार अपेक्षित सुधार वा परिवर्तनको कामलाई सम्पन्न गर्न रणनीतिकरूपमा साझेदारी गर्ने संस्कार र कार्य संरचना प्रदान गर्नु ।
- भ्रष्टाचारविरूद्ध जुध्न, पारदर्शिता प्रवर्द्धन गर्न र नागरिक सशक्तीकरण गर्ने अवधारणा र योजना बनाउन, त्यसको कार्यान्वयन र निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्न सरकार तथा नागरिक संस्था तथा निजी क्षेत्रको भूमिका र योगदानको कदर गर्नु ।
- शासन व्यवस्थामा नागरिकको प्रत्यक्ष सहभागिता र त्यसमार्फत् पारदर्शिता, जवाफदेहीता र प्रभावकारिता प्रवर्द्धन गर्ने प्रणाली र प्रक्रियाबारे राष्ट्रहरूलाई अनुकरणीय अभ्यासको थालनी गर्न उत्प्रेरित गर्नु ।
- सरकार, नागरिक संस्था र निजी क्षेत्र मिलेर भएगरेका अनुकरणीय अभ्यासहरू आदानप्रदान गरी एकअर्का देशका सरकार, नागरिक संस्थाहरू तथा निजी क्षेत्रले सिक्ने, सिकाउने तथा परिवर्तनकर्मीहरूको लागि साझा थलो उपलब्ध गराउनु ।

# खुला सरकार साझेदारीको सिद्धान्त

खुला सरकार साझेदारी अभियानका लागि सैद्धान्तिक मूल्य र मान्यताको जग भनेको यसको घोषणापत्र हो । घोषणापत्रले निम्नानुसारका सिद्धान्तहरू प्रतिपादन गरी अवलम्बन गर्न प्रतिबद्धता प्रकट गरेको छः

- **सहभागिताः** शासन व्यवस्थामा नागरिकको सहभागिता र सन्तुष्टि महत्वपूर्ण हुन्छ । नागरिकहरू शासन प्रक्रियाको घटना विशेषमा मात्र सहभागी नभई पारदर्शिता र जवाफदेहीता सहितको शासन पद्धति र संस्थागत सुधार गरी नागरिक चासो र आवश्यकताहरू, ती प्राप्त गर्ने उपायहरू र सोको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयमा सचेत र सक्रिय ढङ्गले सहभागी भई योगदान गर्दछन् । यसमा राज्यले उदार सोचले नागरिक सहभागितालाई शासन पद्धतिमा संस्थागत गर्दछ ।

- **सहकार्य र सहसिर्जनाः** शासन व्यवस्था र यसको प्रभावकारितामा नागरिकहरूको चासो र जिम्मेवारी महत्वपूर्ण हुन्छ। सो जिम्मेवारी पूरा गर्न उनीहरूले सरकारसँग सहकार्य गर्नु पर्दछ। नागरिक संस्थाका प्रतिनिधि र सरकारी निकायहरूबीच सहकार्य भयो भने समस्या पहिचान र समाधानमा सबै पक्षको अपनत्व र सिर्जनात्मकता रहन्छ। आपसी हितका लागि गरिने साझेदारीको मूल्य, मान्यता, विधि, गतिविधि र संस्थागत संयन्त्र पनि सबै पक्षले संयुक्तरूपमा तय गर्नु पर्दछ। यसलाई सहसिर्जना भनिन्छ। सहसिर्जनामा शासन सञ्चालन प्रक्रियामा नागरिकहरू सेवाग्राही तथा प्रतिपक्ष मात्र होइनन् बरू उनीहरू यसको हिस्सेदार र स्वामित्वकर्ता हुन् भन्ने मान्यतालाई महत्व दिन्छ।

- **समावेशीकरण र विविधताः** हरेक समाज र राष्ट्र विविधतायुक्त हुन्छ । त्यस्तो विविधताले कहिलेकाहीँ केही वर्ग वा पक्षलाई लाभ र अर्कोलाई कम लाभ वा हानि भइरहेको हुन सक्दछ। शासन व्यवस्था सञ्चालनमा त्यस्तो विविधतालाई बुझ्दै र सम्मान गर्दै वहिष्करणमा परेका वा पारिएका वर्ग वा पक्षका आवश्यकता

र सहकार्यलाई खुला सरकार साझेदारीले महत्व दिन्छ । विविध आवश्यकता भएका नागरिक तथा नागरिक संस्थाका प्रतिनिधिको प्रभावकारी सहभागिता भयो भने मात्र त्यस्तो शासन प्रणालीले मानवीय मर्यादा तथा आधारभूत मानव अधिकारको सम्मान र सामाजिक न्यायको सुनिश्चितता गर्न सक्दछ । त्यस्तो हुन नसक्दा समाजमा गरिबी तथा अशान्ति भइरहन्छ जुन अन्ततः समाज तथा राष्ट्रको समावेशी समृद्धिको अभियानको बाधक बन्दछ। खुला सरकार साझेदारीले समाजका तिनै विविध चाहना र आवश्यकता भएका नागरिक तथा सरकारले संयुक्तरूपमा काम गर्छन् र सबै वर्ग वा पक्षलाई न्यायिक तरिकाले समट्न र सरकारको कामको प्रभावकारिता सबै तह र तप्कामा अनुभूति गर्न सकिने बनाउन लागीपर्छन् ।

- **खुला तथ्याङ्क:** सरकारले कार्य गर्ने सिलसिलामा धेरै तथ्य तथा तथ्याङ्क सिर्जना तथा सङ्कलन हुन्छन् । यस्ता सूचना र तथ्याङ्कबाट आम नागरिकले लाभ लिन सक्दछन् । त्यसैले यस्ता तथ्याङ्क तथा सूचनाहरू आम नागरिकले थाहा पाउनु पर्दछ र ती तथ्याङ्कहरूको सङ्कलन र भण्डारण गर्दा पुनः प्रयोग गर्न सकिने र नागरिकको पहुँच हुनेगरी गरिनु पर्दछ । सरकारको उपलब्धि तथा प्रभावकारिता मापन र जवाफदेहीताका लागि यस्ता तथ्याङ्कहरू धेरै उपयोगी हुन्छन् । सरकारी तहमा उत्पादन हुने तथ्याङ्क खुला तथ्याङ्कको रूपमा चाहेको समयमा सरल तरिकाले नागरिकले प्राप्त गर्नसक्ने, सबै नागरिकको समान पहुँचमा रहने, पुनः प्रयोग गर्न सकिने, इजाजत लिनु नपर्ने गरी व्यवस्थापन गरिएको हुनुपर्दछ । यस्ता सूचना र तथ्याङ्कले नागरिकलाई शसक्त, जिम्मेवार र प्रमाणको आधारमा बोल्ने र व्यवहार गर्ने बनाउँछ । यसले सरकारलाई पारदर्शी बनाउनुको साथै नागरिकप्रति जवाफदेही बनाउन मद्दत गर्दछ। यस्तो पद्धतिको अभ्यासले नागरिक तथा सरकारबीचको सम्बन्धलाई विश्वसनीय बनाउँछ र रचनात्मक सहकार्यलाई बढावा दिन्छ ।

- **सार्वजनिक महत्वको सूचनाको प्रवाह र प्रयोग:** खुला सरकार साझेदारीले सरकार र त्यसका निकायको नीति, कार्यक्रम, राजस्व तथा बजेट विनियोजन, बजेट खर्च, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन र त्यसका नतिजाहरू तथा अन्य सूचनाहरू नागरिकको जानकारीका लागि उनीहरूले बुझ्ने भाषा र पाउन सरल

हुने माध्यमबाट स्वतःस्फूर्त रूपमा निरन्तर प्रवाह गर्नु पर्दछ भनी विश्वास राख्दछ। त्यस्ता सूचनाहरूको पुनः प्रयोगका लागि कुनै बाधा, अवरोध हुनुहुँदैन। सूचनाको हकसम्बन्धी कानुनले सबै सरकारी तथा अन्य सार्वजनिकसंस्थाले सार्वजनिक गर्नुपर्ने सूचनाहरू र त्यस्ता सूचना सार्वजनिक गर्ने विधिबारे व्यवस्था गरेको छ। सूचनाको प्रयोग कुनै व्यक्तिले आफ्नो अधिकार तथा पाउनु पर्ने सेवाबारे जान्ने, त्यसको माग गर्ने, प्रयोग गर्ने तथा निकायहरूलाई जिम्मेवार बनाउने सन्दर्भमा ज्यादै महत्वपूर्ण हुन्छ।

- **पहुँच र सहजताः** सरकार सञ्चालनको सिलसिलामा सार्वजनिक सरोकारका विभिन्न सूचना तथा तथ्याङ्क सिर्जना हुनु र त्यसको उचित व्यवस्थापन हुनु महत्वपूर्ण कुरा हो। सरकारी तहमा सिर्जना भएका तथा सरकारले प्रवाह गर्ने कुनै पनि सूचना तथा तथ्याङ्कमा सबैको समान हक र न्यायिक पहुँच हुनुपर्दछ । यसमाकुनै व्यक्ति, वर्ग वा पक्षका आधारमा विभेद हुनुहुँदैन र ती सूचनाहरू नागरिकहरूले बुझ्ने भाषा र पायक पर्ने स्थानमा उपलब्ध हुनुपर्दछ। यस्ता सूचनाले नागरिकमा सरकार तथा शासन पद्धतिप्रति चासो सिर्जना गर्दछ र सहभागिताको स्तर बढाउँदै लैजान्छ जसले गर्दा सरकार र नागरिकबीचको साझेदारीलाई बलियो बनाउँछ। यस्तो साझेदारीले स्थानीय समस्याको स्थानीय समाधान खोजी नागरिक सन्तुष्टिको मात्रा बढाई सरकारको प्रभावकारिता र लोकप्रियता अभिवृद्धि हुन्छ। सहज पहुँचको कुरा गर्दा भाषाको विविधता, माध्यमको विविधता तथा सूचना प्रविधिको प्रयोग पनि महत्वपूर्ण हुन्छ।

- **पारदर्शिता तथा जवाफदेहीताः** सरकार सञ्चालनको सन्दर्भमा गरिने निर्णय, नीति निर्माण, स्रोत-साधनको विनियोजन र लाभको वितरण गर्दा अपनाइने पारदर्शिता र जवाफदेहीताका विधिहरूले सरकारको प्रभावकारितामा फरक ल्याउँछ । सरकारसञ्चालनका सबै गतिविधिहरूको सूचनामा नागरिकको पहुँच हुनु पर्दछ र सरकारले वाचा गरेका कुराहरूको सफलतामा श्रेय लिने र असफलताको भागीदारी लिने व्यवस्था गरिएको हुनु पर्दछ। सरकार तथा नागरिकबीचको साझेदारीले सरकारलाई आफ्नो कर्तव्य पालनामा पारदर्शिता कायम गर्न र नतिजाउपर उत्तरदायित्व वहन गर्न मद्दत पुग्दछ।

# खुला सरकार साझेदारीको संरचना

यो एक नयाँ तथा स्वेच्छिक संयन्त्र हो । यो संयन्त्र देशमा सुशासन प्रवर्द्धन गर्न प्रतिबद्ध सरकार तथा नागरिकहरूको स्वतःस्फूर्त पहल कदमी हो ।

यो संयन्त्रले कुनै विषयमा कसैलाई निर्देशन दिँदैन । सरकारको खुलापन र प्रभावकारिता बढाउन सहयोग र सहजीकरण गर्दछ । शासन प्रणालीको प्रभावकारिता तथा जवाफदेहीतामा सहकार्य, सहयोग र सिकाईलाई नै खुला सरकार साझेदारीले मूल मन्त्रको रूपमा लिएको हुँदा यसको संस्थागत संरचना तथा कार्यप्रणाली पनि सोहीरूपमा व्यवस्था छ ।

## सञ्चालक समिति

खुला सरकार सञ्चालक समितिमा सरकार तथा नागरिक संस्थाका तर्फबाट समान संख्या र हैसियतमा सहभागिता हुने गर्दछ । सञ्चालक समितिमा नागरिक संस्था र सरकारका प्रतिनिधिले सहअध्यक्षको रूपमा नेतृत्व प्रदान गर्दछन् । यो नेतृत्व प्रत्येक वर्ष हस्तान्तरण हुन्छ । सरकारहरूको तर्फबाट ११ जना तथा नागरिक संस्थाहरूबाट ११ गरी २२ सदस्यीय सञ्चालक समिति छ । राष्ट्रिय तहमा बन्ने समितिहरूमा पनि यही सिद्धान्त तथा नियम लागू हुन्छ ।

### खुला सरकार साझेदारीका सह अध्यक्षहरू

| वर्ष | सरकार | नागरिक संस्था |
|---|---|---|
| २०१२/१३ | संयुक्त अधिराज्य सरकार | वारेन क्राफ्चेक, इन्टरनेशनल बजेट पार्टनरसीप (IBP) |
| २०१३/१४ | इन्डोनेशिया सरकार | राकेश राजनी, प्रमुख, Twaweza |
| २०१४/१५ | मेक्सिको सरकार | अलेक्जेण्डर गोन्जालेज, कार्यकारी प्रमुख, GESOCAC |
| २०१५/१६ | दक्षिण अफ्रिकी सरकार | सुनिता, कैमाल, कार्यकारी प्रमुख, NRGI |
| २०१६/१७ | फ्रान्स सरकार | मनिष बापना, प्रबन्ध निर्देशक, WRI |
| २०१७/१८ | जर्जिया सरकार | मुकेलानी डिम्बा, कार्यकारी प्रमुख, OADC |
| २०१८/१९ | क्यानडा सरकार | नाथनियल हेलर, कार्यकारी उपाध्यक्ष, R4D |

साझेदारीको मुख्य निर्णायक संयन्त्र भनेको सञ्चालक समिति हो । यसले खुला सरकार साझेदारीलाई अन्तर्राष्ट्रिय तहमा दिशानिर्देश गर्दछ । समितिले मूल्य, मान्यता र सिद्धान्तको प्रवर्द्धन र संरक्षणका लागि मुख्य भूमिका निर्वाह गर्दछ । यसर्थ सञ्चालक समिति खुला सरकार साझेदारीको विश्वव्यापी नेतृत्वदायी अङ्ग हो । सञ्चालक समितिमा सरकार र सुशासन एवं पारदर्शिताको क्षेत्रमा योगदान गरेका र लामो अनुभव सङ्गालेका नागरिक संस्थामा आबद्ध व्यक्तिहरू सदस्यको रूपमा रहने गर्दछन् ।

## सहसमिति

सञ्चालक समितिले आफ्नो काममा सहजताका लागि सहसमितिहरू निर्माण गर्न सक्दछ । हाल शासन र नेतृत्व (Governance and Leadership), मापदण्ड र मानकहरू (Criteria and Standards) र समकक्षी सिकाई र ज्ञानको आदानप्रदान (Peer Learning and Exchange) गरी तीन सहसमिति क्रियाशील छन् । यस्ता सहसमितिहरूमा पनि नागरिक संस्था र सरकारको बराबर सहभागिता छ ।

## सचिवालय तथा सहयोग एकाई

अभियानलाई समन्वय गर्न संयुक्तराज्य अमेरिकामा सचिवालय स्थापना गरिएको छ । यस संयन्त्रअन्तर्गत महादेश तथा क्षेत्रीय जिम्मेवारीका प्रतिनिधिहरू तथा नागरिक संस्था र सरकारसँग समन्वयमा कार्य गर्न विशेषज्ञ प्रतिनिधिहरू छन् । यसको नेतृत्व प्रमुख कार्यकारी अधिकृतले गर्दछन् । सचिवालयले खुला सरकार साझेदारी अवधारणाको प्रवर्द्धन र आवश्यक सहयोगका लागि सञ्चालक समितिका निर्णयहरू कार्यान्वयन गर्दछ ।

सचिवालयसँगै रहेको सहयोग एकाईको मुख्य जिम्मेवारी भनेको खुला सरकार साझेदारीको संयन्त्रमा कार्य गर्न सदस्य भएका राष्ट्रमा सरकार तथा नागरिक संस्थालाई उनीहरूका प्रतिबद्धता निर्धारण गर्न र ती प्रतिबद्धता पूरा गर्न आवश्यक दक्षता, स्रोत र प्रविधिसँगको सम्बन्ध स्थापना गराउन भूमिका खेल्नु हो । सचिवालयले संसारभर खुला सरकार साझेदारी अभियान सञ्चालन गरिरहेका देशबाट उनीहरूको कार्ययोजना बमोजिम भएगरेका कामको प्रतिवेदन सङ्कलन गर्दछ जुन प्रतिवेदनमा सम्बन्धित देशका प्रगति, अनुभव र अवसरहरू समेटिन्छन् ।

## विषयगत कार्य समूह

सहभागितामूलक लोकतन्त्रलाई प्रभावकारी बनाउन यसमा नागरिक सहभागिता, सूचनाको हकको सुनिश्चितता, सार्वजनिक सेवाप्रवाह, बजेटमा पारदर्शिता, खुला तथ्याङ्क, सार्वजनिक ओहदामा रहेका पदाधिकारीहरूको स्वार्थ तथा सम्पत्तिको घोषणा, संसदीय खुलापन, न्यायिक पारदर्शिता, सुरक्षा निकायको पारदर्शिता, निर्वाचन, सार्वजनिक ठेक्का, सम्पत्ति घोषणा, वैदेशिक सहयोग, प्राकृतिक स्रोत व्यवस्थापन तथा सञ्चार माध्यमको पारदर्शिता कार्यक्षेत्र पर्दछन् ।

खुला सरकार साझेदारीअन्तर्गत विशेषज्ञहरू सम्मिलित विषयगत कार्य समूहहरू गठन गरिएका छन् । यस्ता कार्य समूहहरूमा विषयगत आवश्यकता, कार्य अनुभव र विज्ञताको आधारमा सदस्यहरू रहने गर्दछन् । यस्ता कार्य समूहहरूमा पनि खुला सरकार साझेदारीको अवधारणाअनुसार सरकार र नागरिक संस्थाहरूको समान सहभागिता हुने गर्दछ । अभियानमा हाल निम्न कार्य समूहहरू सञ्चालनमा छन् ।

- वित्तीय खुलापनसम्बन्धी कार्य समूह (Fiscal Openness Working Group)
- संसदीय खुलापनसम्बन्धी कार्य समूह (Legislative Openness Working Group)
- सूचनाको हकसम्बन्धी कार्य समूह (Access to Information Working Group)
- भ्रष्टाचारविरूद्धको कार्य समूह (Anti-Corruption Working Group)
- खुला तथ्याङ्कसम्बन्धी कार्य समूह (Open Data Working Group)
- प्राकृतिक संशाधनमा खुलापनसम्बन्धी कार्य समूह (Openness in Natural Resources Working Group)
- खुला वातावरणसम्बन्धी कार्य समूह (Open Climate Working Group)

## स्वतन्त्र प्रतिवेदन संयन्त्र

साझेदारीमा सहभागी सदस्य राष्ट्रहरूले आफूले तय गरेको कार्ययोजनाको लागि वार्षिकरूपमा स्वमूल्याङ्कन गर्ने गर्दछन् । स्वमूल्याङ्कनले शासनमा खुलापन र प्रभावकारिताको प्रगतिको अवस्था स्पष्ट पार्दछ । यसै स्वमूल्याङ्कनको परिपूरकको रूपमा स्वतन्त्र विज्ञहरूको राष्ट्रिय संरचनाले तय गरेका प्रतिबद्धता, कार्ययोजना र त्यसको प्रगतिबारे सूचना सङ्कलन र विश्लेषण गरी प्रत्येक छ महिनामा प्रतिवेदन तयार गर्दछन् । यसलाई स्वतन्त्र प्रतिवेदन

संयन्त्र भनिन्छ । यस प्रतिवेदनमा सम्बन्धित मुलुकले साझेदारीको सिद्धान्तलाई कति आत्मसात् गर्न सकेको छ भन्ने मूल्याङ्कन हुन्छ र वार्षिक कार्ययोजनाको प्रगतिबारे उल्लेख हुन्छ । यस प्रतिवेदनले आवश्यक सुधारका लागि पृष्ठपोषण र सुझावहरू पनि दिन्छ । यसरी तयार गरिएका प्रतिवेदन सम्बन्धित राष्ट्र र अन्तर्राष्ट्रिय विज्ञ समूहसँग छलफल गरेर टुङ्गो लगाउने गरिन्छ र सार्वजनिक हुने गर्दछ ।

## शिखर सम्मेलन

अभियानबाट प्राप्त उपलब्धि तथा सिकाईहरू आदानप्रदान गर्न हरेक वर्ष खुला सरकार साझेदारी विश्व सम्मेलन आयोजना गरिन्छ जहाँ सरकार, नागरिक संस्थाका प्रतिनिधिहरू, निजी क्षेत्र, प्राज्ञिक जगत् तथा सञ्चार माध्यमको उपस्थिति हुन्छ । शिखर सम्मेलन खुला सरकारबारे चासो राख्नेहरूका लागि महत्वपूर्ण अवसर हो । यस सम्मेलनमा खुला सरकार अभ्यास गरेका राष्ट्र तथा स्थानीय सरकार, नागरिक संस्था, निजी क्षेत्र तथा अनुसन्धान संस्थाका प्रतिनिधि, सञ्चार माध्यम, दातृ निकाय र अन्य सङ्घ-संस्थाका प्रतिनिधि तथा साझेदारीबारे चासो राख्ने व्यक्तिहरूको जमघट हुने गर्दछ । यसमा साझेदारी सम्बन्धमा के कस्ता अभ्यास भएका छन्, त्यसको प्रभाव कस्तो परेको छ, परिवर्तित परिवेशअनुसार तोकिनु पर्ने प्राथमिकता र अवलम्बन गरिनु पर्ने रणनीतिका विषयमा घनिभूत छलफल हुने गर्दछ । सन् २०११ मा स्थापना भएदेखि सन् २०१९ सम्म छ वटा खुला सरकार साझेदारीसम्बन्धी शिखर सम्मेलन भए । सन् २०१९ को शिखर सम्मेलन क्यानडाले आयोजना गरेको थियो भने त्यसभन्दा अगाडिका क्रमशः अमेरिका, बेलायत, मेक्सिको, फ्रान्स र जर्जियाले आयोजना गरेका थिए ।

### खुला सरकार साझेदारी शिखर सम्मेलन

| | | |
|---|---|---|
| पहिलो- | ब्राजिल | अप्रिल १७-१८, २०१२ |
| दोस्रो- | लन्डन, बेलायत | अक्टोबर ३१-नोभेम्बर १, २०१३ |
| तेस्रो- | मेक्सिको | अक्टोबर २८-२९, २०१५ |
| चौथो- | पेरिस, फ्रान्स | डिसेम्बर- ७-८ २०१६ |
| पाँचौं- | जर्जिया, टिब्लीसी | जुलाई १८-१९, २०१८ |
| छैटौं- | अट्टोवा, क्यानडा | मे २९-३१, २०१९ |

## प्रवर्द्धन कोष

यस कोषले खुला सरकार साझेदारी सदस्य राष्ट्रहरूलाई उनीहरूका प्रतिबद्धता तथा कार्ययोजना कार्यान्वयन गराउन चाहिने विशेषज्ञ सेवा तथा अन्य आवश्यक सहायता उपलब्ध गराउँछ । सदस्य राष्ट्रबीच अनुभव तथा ज्ञानको आदानप्रदान तथा समकक्षी सिकाईका लागि पनि यो कोषको प्रयोग हुन सक्दछ । तय गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनमा आर्थिक तथा प्राविधिक स्रोत, ज्ञान, सीपको कमी भएमा यस कोषले सहयोग गर्दछ । यो कोषको प्रयोग स्थानीय सरकारसँग सम्बन्धित नमुना पहलहरूमा पनि प्रयोग हुन सक्दछ । साथै खुला सरकार साझेदारीमा सदस्य नभएका राष्ट्रहरूलाई यस साझेदारीमा सहभागी गराउन आवश्यक सहयोग गर्न पनि यो कोषको रकम उपलब्ध हुने गर्दछ । यो कोषबाट नागरिक संस्था, सरकार, अनुसन्धान गर्ने निकायहरूले सहयोग लिन सक्छन् । कोषबाट सहयोग लिनका लागि प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्नु पर्दछ ।

# स्थानीय सरकारसँगको पहल

सन् २०१६ मा १५ देशका १५ भिन्न स्थानीय सरकारसँग शुरू गरिएको स्थानीय खुला सरकार साझेदारीको नमुना पहल परियोजना सन् २०१८ को अन्त्यसम्ममा २० देशका २० स्थानीय तहमा सञ्चालन गरिएको छ ।

## स्थानीय खुला सरकारहरू

१ अस्टीन, टेक्सस, संयुक्तराज्य अमेरिका
२. बास्क प्रदेश, स्पेन
३. बेजोनेगोरो, इन्डोनेसिया
४. ब्यूनस आयर्स- अर्जेन्टीना
५. इलगियो मारेक्योटा-केन्या
६. लासी, रोमानिया
७. जालिस्को, मेक्सिको
८. कदुना प्रदेश, नाइजेरिया
९. किगोमा, तान्जनिया
१०. ला लिर्वेटाड, पेरू
११. म्याड्रिड, स्पेन
१२. नारिनो, कोलम्बिया
१३. एन्टारियो, क्यानडा
१४.पेरिस, फ्रान्स
१५. साओ पाउलो, ब्राजिल
१६. स्कटलैण्ड, युके
१७. सेकोन्दी-टाकोरादी-घाना
१८. सियोल-दक्षिण कोरिया
१९. साउथ कोटाबाटो-फिलिपिन्स
२०. टिब्लिसी- जर्जिया

- **कुनै देश खुला सरकार साझेदारी सदस्य नभएको अवस्थामा पनि सो देशको कुनै स्थानीय सरकार खुला सरकार साझेदारीअन्तर्गतको अवधारणा र मापदण्डको अभ्यास गरी शासन सुधारको काम गर्न स्वतन्त्र छ ।**

- **स्थानीय सरकारसँग सम्बन्धित नमुना पहलमा सहभागी हुन चाहने स्थानीय सरकारको जनसंख्या न्यूनतम २ लाख २५ हजार हुनु आवश्यक छ ।**

# खुला सरकार साझेदारीमा सहभागिता

यो संरचना बाध्यकारी नभई स्वेच्छामा क्रियाशील हुन्छ। कुनै पनि देशले खुला सरकार साझेदारीको सदस्य बन्नका लागि केही जिम्मेवारीहरू पूरा गर्नु पर्दछ । मुख्यतः सदस्य राष्ट्रले सरकारको खुलापन, पारदर्शिता, जवाफदेहीता र नागरिक सहभागिताप्रति विश्वास प्रकट गर्नु पर्दछ र त्यसका लागि चाहिने नीति, कार्ययोजना र संरचना तयार गर्न प्रतिबद्ध हुनु पर्दछ । यो संरचना अनुभव र आवश्यकताका आधारमा अन्तर्राष्ट्रिय स्तरमा विकास गरी राष्ट्रिय स्तरमा कार्यान्वयन गर्ने किसिमको छ ।

## सदस्यको लागि योग्यता

साझेदारी अभियानको सदस्य बन्ने वा नबन्ने कुरा सम्बन्धित देशको इच्छामा निर्भर गर्दछ । तर कुनै पनि देशले चाहेकै भरमा खुला सरकार साझेदारीको प्रक्रियामा सहभागी हुन भने पाउँदैन । सो राष्ट्रले खुला सरकार साझेदारीका लागि तोकिएको प्रक्रिया पूरा गरेको र खुला सरकार साझेदारीको सिद्धान्तप्रति विश्वास रहेको प्रतिबद्धता प्रकट गर्नु पर्दछ। साझेदारीको मुख्य लक्ष्य सुधार चाहने राष्ट्रलाई अवसर प्रदान गर्नु रहेकाले यसको सदस्यता प्राप्त गर्ने न्यूनतम योग्यता र सदस्यता प्रक्रिया सरल छ।

साझेदारी अभियानमा सदस्य हुन चाहने राष्ट्रको न्यूनतम योग्यता मापनका लागि चार वटा क्षेत्रलाई मुख्य आधार मानिन्छ ।

- सूचनाको हकसम्बन्धी कानुन र सोको कार्यान्वयन
- वित्तीय खुलापनसम्बन्धी अभ्यास
- सम्पत्ति तथा दायित्वको घोषणासम्बन्धी  व्यवस्था र कार्यान्वयन
- शासन प्रक्रियामा नागरिक सहभागिता

माथि उल्लिखित प्रत्येक क्षेत्रको लागि ४ अङ्क प्रदान गरिन्छ र न्यूनतम १२ अङ्क ल्याएको देश खुला सरकार साझेदारीको सदस्य बन्ने योग्यता पुगेको मानिन्छ। यदि कुनै देशको अवस्थाले गर्दा वा कुनै एक क्षेत्रमा कुनै कार्य नै नभएको अवस्थामा

३ वटा क्षेत्रमा मात्र मूल्याङ्कन गर्न सक्ने व्यवस्था छ । कुनै ३ वटा क्षेत्रको मात्र मूल्याङ्कन भएकोमा ९ अङ्क ल्याउनु पर्दछ । अर्थात् मूल्याङ्कन भएको क्षेत्रमा ७५ प्रतिशत अङ्क प्राप्त गर्ने देश सदस्य बन्न योग्य मानिन्छ ।

## १. सूचनाको हकसम्बन्धी कानुन र सोको कार्यान्वयन

सूचनाको हक कार्यान्वयनमा ल्याएको देशले पहिलो मूल्याङ्कनको आधारमा ४ अङ्कमा ४ नै प्राप्त गर्न सक्दछ । तर संविधानमा सूचनाको हकको प्रत्याभूति छ र कानुन छैन भने ३ अङ्क मात्र प्राप्त गर्दछ । यदि कानुन पनि छैन र संविधानमा पनि उल्लेख गरिएको छैन भने कुनै अङ्क प्राप्त हुँदैन । त्यस्तै सूचनाको हकसम्बन्धी कानुनको मस्यौदा मात्र छलफलमा छ भने त्यस देशले १ अङ्क प्राप्त गर्दछ । यससम्बन्धी जानकारीका लागि right2info.org सर्भेक्षण /Centre for Law and Democracy and Access Info Europe को rti-rating.org लाई आधार लिने गरिन्छ ।

## २. वित्तीय खुलापनसम्बन्धी अभ्यास

वित्तीय खुलापनसम्बन्धी मापनमा सरकारको बजेट प्रस्ताव र लेखापरीक्षण प्रतिवेदन नागरिकको तहमा उपलब्ध छ भने सदस्य बन्न चाहने देशले प्रत्येक भिन्न दस्तावेजका लागि २-२ अङ्क गरी ४ अङ्क प्राप्त गर्दछ । कुनै एक छैन भने २ अङ्कर कुनै पनि छैन भने कुनै अङ्क प्राप्त गर्दैन । वित्तीय खुलापनसम्बन्धी व्यवस्थाको प्रत्याभूतिको आधार International Budget Partnership को Open Budget Survey लाई लिने गरिन्छ ।

## ३. सम्पत्ति तथा दायित्वको घोषणा

सार्वजनिक पद धारण गर्ने व्यक्तिले सम्पत्ति तथा दायित्वको घोषणा गर्नुपर्ने कानुन भएकोमा २ अङ्क र त्यस्तो घोषणा गरिएको दस्तावेज नागरिक तथा सञ्चार माध्यमको पहुँचमा भए २ अङ्क गरी ४ अङ्क प्राप्त गर्ने प्रावधान छ । यदि सम्पत्ति घोषणा गर्नुपर्ने तर सोसम्बन्धी जानकारी नागरिकको पहुँचमा नभएमा २ अङ्क मात्र प्राप्त हुन्छ । यससम्बन्धी कानुनी तथा प्रयोगको अवस्था मापन गर्नका लागि World Bank's Public Officials Financial Disclosure Database लाई आधार लिने गरिन्छ ।

## ४. शासन प्रक्रियामा नागरिक सहभागिता

शासन सञ्चालन प्रक्रियामा नागरिक सहभागिताको प्रत्याभूतिको सन्दर्भमा नागरिक

सहभागिताका लागि जारी गरिने नागरिक स्वतन्त्रता अङ्कको आधारमा ० देखि ४ अङ्क प्रदान गर्ने गरिन्छ । यसको मापनको लागि The Economist Intelligence Unit's Index of Democracy को अङ्कलाई लिने गरिएको छ ।

**Value Check (मूल्य जाँच)**

चारवटा क्षेत्रको मूल्याङ्कनमार्फत् कुनै देशले सदस्य बन्ने योग्यता हासिल गरेको भएतापनि सेप्टेम्बर २०, २०१७ देखि नागरिक संस्थाहरूले सो देशमा कार्य गर्ने वातावरण छ कि छैन भनी मापन गर्न थालिएको छ । यसलाई Value Check (मूल्य जाँच) भन्ने गरिन्छ । यसको मापनमा नागरिक संस्थालाई स्वतन्त्ररूपमा सञ्चालन गर्ने कानुनी र प्रशासनिक वातावरण भए नभएको हेरिन्छ । यो मूल्याङ्कनको आधार Varieties of Democracy (V-dem) को Dataset on Democracy लाई लिने गरिन्छ ।

सदस्य बन्न योग्य भएको देशको कानुन तथा व्यवहारमा परिवर्तन भएर मापन अङ्क घटेमा सदस्यता गुम्ने सम्भावना पनि उत्तिकै रहन्छ ।

## सदस्यता प्रक्रिया

कुनै देशले सदस्य बन्न चाहेमा निम्न प्रक्रियाहरू पूरा गर्नु पर्दछ:

**योग्यताको पूर्णता:**
३ वा ४ वटा क्षेत्रको अवस्था मूल्याङ्कनमा ७५ प्रतिशत अङ्क प्राप्त गरी मूल्य जाँचमा पास हुनु आवश्यक छ ।

→

**इच्छा व्यक्त:**
सदस्य बन्न योग्य राष्ट्रलाई सचिवालयले सदस्य बन्न योग्य भएकाले सदस्यको रूपमा स्वागत छ भन्ने प्रस्ताव-पत्र पठाउन सक्दछ । सम्बन्धित राष्ट्रले सदस्य बन्न इच्छुक छौं भन्ने पत्र उक्त सचिवालयमा पठाउनु पर्दछ वा औपचारिकरूपमा यसको घोषणा गर्नु पर्दछ ।

→

**घोषणापत्रको अनुमोदन :**
साझेदारीको आधार भनेकै यसको घोषणापत्र हो । घोषणापत्रको सम्बन्धित देशको सरकारले अनुमोदन गर्नु नै यस संरचनाको सदस्य बन्नु हो । कुनै पनि देशको सरकारले औपचारिक रूपमा त्यो घोषणापत्र अनुमोदन गरेको र खुला सरकार साझेदारीका लागि तयार रहेको कुरा व्यक्त गर्नु पर्दछ । अनुमोदन राष्ट्रको प्रमुख कार्यकारी वा मन्त्रिस्तरबाट पनि गर्न सकिन्छ ।

# सदस्य राष्ट्रको जिम्मेवारी

खुला सरकार : नागरिक साझेदारी विश्व अभियानमा सदस्य बन्नु कुनै पनि सुधार चाहने देशका लागि सिक्ने र सिकाउने ठूलो अवसर हो । यस्तो अभियानमा सदस्य भएपछि तपसिल बमोजिमका जिम्मेवारीहरू पूरा गर्नुपर्ने हुन्छ ।

## राष्ट्रिय सञ्चालक समितिको गठन

सहभागी देशहरूले सरकारी निकायहरू र नागरिक संस्थाका प्रतिनिधिहरूको समान साझेदारी र हैसियत रहने गरी राष्ट्रिय सञ्चालक समिति (National Steering Committee) बनाउनु पर्दछ। यस समितिले देशको लागि शासन सुधार वा परिवर्तनका प्राथमिकता निर्धारण गर्ने, वार्षिक कार्ययोजना बनाउने, त्यसको कार्यान्वयन गर्ने, प्रगतिको स्वमूल्याङ्कन गर्ने र आफ्ना प्रगति विवरण खुला सरकार साझेदारीको सचिवालयमा पठाउने काम गर्दछ ।

यससमितिमा नागरिक संस्था र सरकारका तर्फबाट समान संख्यामा सहभागिता रहने गर्दछ र दुवैले समितिको सहअध्यक्षता गर्दछन् । राष्ट्रिय सञ्चालक समितिमा रहनका लागि नागरिक संस्थाका प्रतिनिधिहरू आ-आफ्नो कार्यक्षेत्रको प्रतिनिधित्व गरेर सहमति वा चुनावमार्फत् आउन सक्छन् भने सरकारले आफ्नो तर्फबाट जिम्मेवारी सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरूलाई तोक्न सक्दछ । कार्यकारीको कुनै महत्वपूर्ण निकाय तथा मन्त्रालयले समितिको सचिवालयको रूपमा कार्य गर्न सक्दछ ।

## खुला सरकार साझेदारीको प्रवर्द्धन र कार्यान्वयनको लागि कार्ययोजना तर्जुमा

सञ्चालक समितिले दुईवर्षे राष्ट्रिय कार्ययोजना (National Action Plan) बनाउने गर्दछ। राष्ट्रिय सञ्चालक समितिले सरोकारवाला, नागरिक तथा नागरिक संस्थाहरूसँग छलफल गरेर यो कार्ययोजना बनाउनु पर्दछ ।

कार्ययोजना आफ्नो मुलुकको परिवेशलाई विचार गरेर गर्नुपर्ने र गर्न सकिने सुधार र परिवर्तनका विषयहरू समट्दै खुला सरकार साझेदारीको अवधारणालाई योगदान

गर्ने र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्नेगरी बनाउनु पर्दछ । कार्ययोजनाले मुख्यतः पारदर्शिता, भ्रष्टाचार विरूद्धका अभियान, सूचनाको हक, खुला तथ्याङ्क, उत्तरदायित्व र जवाफदेहीता, प्राकृतिक स्रोतहरूको व्यवस्थापनमा नागरिकको पहुँच, संसदीय खुलापन, न्यायमा पहुँच जस्ता क्षेत्रहरूलाई समेट्न सक्दछ ।

कार्ययोजना बनाउनु भनेको देशमा सुशासन, पारदर्शिता तथा खुलापन प्रवर्द्धन गर्न नागरिक संस्थाका प्रतिनिधि, निजी क्षेत्र तथा सरकारको तर्फबाट सहसिर्जना गर्नु हो । यो कार्ययोजनाले नै सुधारका लागि मार्गनिर्देशित गर्दछ । यसले सरकार, निजी क्षेत्र तथा नागरिक संस्थाका प्रतिनिधिहरूको प्रतिबद्धता खोज्दछ । कार्ययोजना बनाउने कार्य एक निरन्तर प्रक्रिया हो ।

## कार्ययोजनाको कार्यान्वयन

कार्ययोजनामा के गर्ने, कसले गर्ने र कहिलेसम्म गर्नेजस्ता मापनयोग्य सूचकसहित व्यवस्था गरिने हुँदा यसको कार्यान्वयन निरन्तररूपमा नै हुन्छ । पारदर्शिता, जवाफदेहीता तथा खुलापन प्रवर्द्धन गर्ने विषयमा कार्ययोजनामा उल्लिखित नागरिक संस्था तथा निजी क्षेत्रको पनि गहन भूमिका हुन्छ । प्रविधिको विकास तथा प्रयोगमा निजी क्षेत्रको ठूलो योगदान हुन्छ । त्यस्तै नागरिक जागरण, सहभागिता, अभियान, अनुसन्धान र तथ्याङ्क सङ्कलन र सम्पादित कार्यमा पृष्ठपोषण गर्न नागरिक संस्थाको महत्वपूर्ण भूमिका हुन्छ । यस्तो कार्ययोजना २ वर्षको हुने भएता पनि कार्यान्वयनका लागि सुरूवाती चरणदेखि नै प्रभावकारी ढङ्गले थालनी गर्नु पर्दछ ।

कार्ययोजना कार्यान्वयन भनेको सो योजनाले तोकेको समय र विधिबाट प्रस्ताव गरिएका कार्यहरू सञ्चालन गर्नु वा कार्यान्वयनमा ल्याउनु हो । यसले समग्रमा खुला सरकारको अवधारणलाई प्रवर्द्धन गर्दछ ।

## वार्षिक स्वमूल्याङ्कन प्रतिवेदन

सदस्य राष्ट्रले तयार पार्ने वार्षिक कार्ययोजना कार्यान्वयनको अवस्थाबारे वार्षिकरूपमा स्वमूल्याङ्कन प्रतिवेदन (Self-Assessment Report) तयार गर्नु पर्दछ । यस्तो प्रतिवेदनमा कार्ययोजनको वार्षिक प्रतिबद्धता र त्यसउपर भएको उपलब्धिबारे उल्लेख गर्नु पर्दछ । यस्तो प्रतिवेदनले समयसीमा, प्रतिबद्धता र उपलब्धिबारे इमान्दारीसाथ उल्लेख गर्दछ भन्ने विश्वास राख्दछ । एउटा कार्ययोजना कालमा दुईवटा स्वमूल्याङ्कन

प्रतिवेदनहरू तयार हुन्छन् । पहिलो प्रतिवदेन कार्यान्वयनको एक वर्षपछि हुने हुँदा यसलाई मध्यावधि र दोस्रोलाई अन्तिम प्रतिवेदनको रूपमा लिने गरिन्छ । अन्तिम प्रतिवेदनले समग्र सिकाइ र उपलब्धिबारे उल्लेख गर्दछ भने मध्यावधि प्रतिवेदनले सुधारको सम्भावनालाई इङ्गित गर्दछ ।

## सिकाई र अनुभवको आदानप्रदान

खुला सरकार साझेदारीको संरचनालाई विभिन्न देशका अनुभव र सिर्जनाहरूलाई आफ्नो अनुकूलतामा प्रयोग गर्ने र सिकाईको आदानप्रदानका लागि एक महत्वपूर्ण मञ्चको रूपमा लिने गरिन्छ । यसर्थ पारदर्शिता, सुशासन, खुलापन आदिबारे कुनै पनि देशमा भएको उपलब्धि वा सिकाईबारे अन्य सदस्य राष्ट्रलाई जानकारी दिने र अरूका असल अभ्यासबाट सिक्ने अवसर प्रदान गर्नु साझेदारीका सदस्य राष्ट्रको जिम्मेवारी हो । यस्तो सिकाई र अनुभव आदानप्रदानका लागि सदस्य राष्ट्रको सक्रियता र स्वतःस्फूर्तताको अपेक्षा गरिन्छ ।

## स्वतन्त्र मूल्याङ्कन प्रक्रिया

साझेदारीको सदस्य राष्ट्रले खुला सरकार साझेदारी सचिवालयमार्फत् आफ्ना कार्ययोजना र प्रगतिबारे गरिने स्वतन्त्र प्रतिवेदन स्वीकार गर्नु पर्दछ । सदस्य राष्ट्रले तय गरेको कार्ययोजना र प्रगतिबारे स्वतन्त्र रूपमा विज्ञमार्फत् मूल्याङ्कनका लागि खुला सरकार साझेदारी अन्तर्गत एक Independent Reporting Mechanism (IRM) संयन्त्र छ । यही संयन्त्रको माध्यमबाट सचिवालय तथा अन्य राष्ट्रले कुनै पनि देशमा खुला सरकार साझेदारीले तय गरेका प्रतिबद्धताको प्रगतिबारे जानकारी लिनसक्छन् । स्वतन्त्र मूल्याङ्कन प्रणालीले प्रत्येक सदस्य राष्ट्रको कार्य प्रगतिबारे वर्षको दुईपटक प्रतिवेदन प्रकाशन गर्दछ । यस्तो प्रतिवेदनले सदस्य राष्ट्रले गरेको असल अभ्यासलाई प्रशंसा र आफ्नो प्रतिबद्धताको थप कार्यान्वयनबारे निरन्तर झक्झक्याउने गर्दछ । साथै यसले सदस्य राष्ट्रलाई चाहिने प्राविधिक तथा अन्य सहायता वा कार्य सुधारको आवश्यकताको लागि सिफारिस गर्दछ । यस प्रक्रियाअन्तर्गत प्रतिवेदनहरू लिने र सुझाए बमोजिमको कार्य गर्नु सदस्य राष्ट्रको जिम्मेवारी हो । यस्ता प्रतिवेदनहरूले कमजोरी औंल्याउने नभई सुधारका लागि योगदान गर्ने उद्देश्य लिएका हुन्छन् ।

## सदस्यता शुल्क

साझेदारी अभियानको सदस्य राष्ट्रले सदस्यता शुल्क बुझाउनु पर्दछ । यस्तो शुल्क सो देशको आयमा आधारित भएर तय गर्ने गरिन्छ र त्यो न्यूनतम एवं अपेक्षित गरी दुई प्रकारको हुन्छ । विश्व ब्याङ्कको मापकअनुसार देशहरूलाई न्यून, न्यून मध्यम, उच्च मध्यम र उच्च आय गरी ४ वर्गमा विभाजन गरिएको छ । न्यून आय भएका देशको सदस्य शुल्क वार्षिक न्यूनतम १० हजार अमेरिकी डलर र अपेक्षित २५ हजार डलर छ । न्यून मध्यम आय भएका देशका लागि न्यूनतम २५ हजार अमेरिकी डलर र अपेक्षित ५० हजार छ । त्यस्तै उच्च मध्यम आय भएका देशका लागि न्यूनतम ५० हजार अमेरिकी डलर र अपेक्षित १ लाख छ । उच्च आय भएका देशका लागि न्यूनतम १ लाख र अपेक्षित २ लाखअमेरिकी डलर छ । सदस्यता शुल्क एउटा प्रतिबद्धता हो ।

# खुला सरकार साझेदारीमा नेपाल

नेपालले मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू र भ्रष्टाचारविरूद्धको महासन्धि अनुमोदन गरी सुशासनको क्षेत्रमा प्रतिबद्धता व्यक्त गरेको छ । नेपालसँग मानवअधिकार तथा सुशासनका विविध क्षेत्रहरूमा क्षेत्रीय तथा महादेशीय स्तरमा बाँड्न मिल्ने किसिमका राम्रा अभ्यास तथा अनुभवहरू छन् । तर नेपालले खुला सरकार साझेदारी अभियानको सदस्य भने बनिसकेको छैन ।

नेपालको संविधान संसारका प्रचलित संविधानहरूमध्ये मानव अधिकार तथा सुशासनको क्षेत्रमा प्रगतिशील मानिन्छ । यसले खुला, पारदर्शी र लोकतान्त्रिक शासनलाई राज्यको नीति तथा निर्देशक सिद्धान्तको रूपमा अख्तियार गरेको छ । अन्य धेरै देशको तुलनामा नेपालको सूचनाको हकसम्बन्धी कानुन अग्रणी छ । सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था छ । सरकारको वार्षिक बजेट तथा लेखापरीक्षण प्रतिवेदन सार्वजनिक हुन्छ । मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक हुन्छ । मन्त्रिपरिषद्का निर्णयहरू सार्वजनिक गरिन्छन् । सरकारले पारदर्शिता तथा जवाफदेहीताका कानुन तथा औजारहरू प्रयोगमा ल्याएको छ । सरकारको तर्फबाट भ्रष्टाचारमा शून्य सहनशीलताको प्रतिबद्धता प्रकट भएको छ । नेपाल खुलापनमा विश्वास गर्दछ । यस्तो अवस्थामा नेपाल खुला सरकार साझेदारी अभियानको लागि एक सबल देश मानिन्छ ।

## खुला सरकार मापदण्डमा नेपाल

खुला सरकार साझेदारीको सदस्य बन्नका लागि तोकिएका योग्यताबमोजिम सन् २०११ देखि नै नेपाल सदस्य बन्न योग्य छ । सन् २०१९ जनवरीको विश्लेषणमा नेपालले माथि उल्लिखित योग्यता मापनका चारमध्ये सूचनाको हकसम्बन्धी कानुन र त्यसको कार्यान्वयनको क्षेत्रमा ४, वित्तीय खुलापनसम्बन्धी प्रत्याभूतिको क्षेत्रमा ४, सम्पत्ति तथा दायित्वको घोषणासम्बन्धी कानुनी व्यवस्थार कार्यान्वयनको क्षेत्रमा २ र शासन सञ्चालन प्रक्रियामा नागरिक सहभागिताको प्रत्याभूतिको क्षेत्रमा ३ गरी १६ मध्ये १३ अङ्क (८१ प्रतिशत) प्राप्त गरेको छ ।

त्यस्तै योग्यता मापनको नयाँ मापदण्ड Value Check मा पनि नेपाल उत्तीर्ण भएर सदस्य बन्ने योग्यता पुगेको छ। “खुला सरकारः नागरिक साझेदारी”को सदस्य बन्न मापन हुने योग्यतामा चार क्षेत्रमा न्यूनतम ७५ प्रतिशत अङ्क र अवस्था जाँचमा उत्तीर्ण हुनु पर्दछ।

## सदस्य बन्न मापन हुने योग्यता तालिकामा नेपाल

<table>
<tr><td>क्र.सं.</td><td rowspan="4">वित्तीय पार दर्शिता</td><td colspan="2">अङ्क मापनका विषयहरू</td><td rowspan="3">जम्मा अङ्क</td></tr>
<tr><td rowspan="2">१.</td><td>कार्यकारी बजेट सार्वजनिक भएको</td><td>लेखा परीक्षण प्रतिवेदन सार्वजनिक भएको</td></tr>
<tr><td>छ - २</td><td>छ - २</td></tr>
<tr><td></td><td></td><td></td><td>४</td></tr>
<tr><td rowspan="3">२.</td><td rowspan="3">सूचनाको हक</td><td colspan="2">अङ्क मापनका विषयहरू</td><td rowspan="2">जम्मा अङ्क</td></tr>
<tr><td colspan="2">सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयन भएको</td></tr>
<tr><td colspan="2">छ - ४</td><td>४</td></tr>
<tr><td rowspan="3">३.</td><td rowspan="3">सम्पत्ति तथा दायित्वको घोषणा</td><td colspan="2">अङ्क मापनका विषयहरू</td><td rowspan="2">जम्मा अङ्क</td></tr>
<tr><td>सम्पत्ति तथा दायित्व घोषणाको कानून</td><td>घोषित सम्पत्ति तथा दायित्व नागरिकको पहुँचमा</td></tr>
<tr><td>छ - २</td><td>छैन - ०</td><td>२</td></tr>
<tr><td rowspan="3">४.</td><td rowspan="3">नागरिक सहभागिता</td><td colspan="2">अङ्क मापनका विषयहरू</td><td rowspan="2">जम्मा अङ्क</td></tr>
<tr><td colspan="2">The Economist Intelligence Unit ले प्रदान गरेको अङ्क</td></tr>
<tr><td colspan="2">१० मध्ये ५.५९ अङ्क</td><td>३</td></tr>
<tr><td colspan="4">जम्मा अङ्क</td><td>१३</td></tr>
</table>

जम्मा सम्भाव्य अङ्क . १६ (१००%)

नेपालले प्राप्त गरेको जम्मा अङ्क . १३ (८१%)

<table>
<tr><td rowspan="2">अवस्था जाँच (मुल्य जाँच)</td><td>नागरिक संस्था सञ्चालन र बन्द गर्न सक्ने वातावरण</td><td>नागरिक संस्थामाथि दमनको अवस्था</td><td>अवस्था</td></tr>
<tr><td>३</td><td>४</td><td>उत्तीर्ण</td></tr>
</table>

## नागरिक पहल

यो साझेदारीको प्रमुख विशेषता भनेकै नागरिक संघसंस्थाहरूको समानान्तर र सक्रिय संलग्नतालाई स्वीकार गर्नु हो । नेपालमा पनि शासकीय पद्धतिको सुधारका लागि नीतिगत अध्ययन, अनुसन्धान, वकालत र अभियान चालाउँदै आएका कैयौं नागरिक संघसंस्थाहरू सक्रिय छन् । उनीहरूलाई पहिचान र प्रोत्साहन गरी खुला सरकार अभियानमा एकीकृत परिचालन गर्नु आवश्यक छ । यसका लागि प्रारम्भिक पहल सुरू भएको छ ।

२०७२ मंसिर २ गते केही नागरिक संघसंस्थाको काठमाडौंमा भएको प्रारम्भिक भेलाले खुला सरकार साझेदारी (OGP) का बारेमा नागरिक पहल अगाडि बढाउने समझदारी बनाएको छ । सो समझदारी अनुरूप यस पहललाई अगाडि बढाउन नेपालमा सूचनाको हकको आन्दोलनको एक अगुवा र नेतृत्वदायी संस्था फ्रिडम फोरम एवं सूचनाको हकका लागि नागरिक अभियानका अध्यक्ष तारानाथ दाहालको संयोजकत्वमा एक नागरिक पहल गठन पनि गरिएको छ ।

यस पहलमा पारदर्शिता, सूचनाको हक, सुशासन, प्रशासकीय सुधार, बजेट पारदर्शिता, ओपन डाटा, भ्रष्टाचारविरूद्धको अभियान, सार्वजनिक वित्त व्यवस्थापन, ई-गभर्नेन्स, सदाचार पद्धति, नागरिक सहभागिता, संसदीय खुलापन, उत्तरदायित्व र जवाफदेहीता एवं न्यायमा पहुँच तथा प्राकृतिक स्रोतहरूको असल व्यवस्थापन लगायतका क्षेत्रमा कार्यरत राष्ट्रिय तहका र प्रदेश तहका अगुवा संस्था, अभियानकर्मी र प्राज्ञिक व्यक्तित्वहरू सहभागी हुनुहुन्छ ।

यसको दायरालाई फराकिलो बनाउँदै लोकतान्त्रिक शासनको सुनिश्चितताका लागि योगदान गर्दै आएकाहरूलाई यस पहलमा समेट्ने लक्ष्य राखिएको छ । यस प्रयासबाट नेपालमा यस अभियानले गति लिने अपेक्षा गरिएको छ ।

# खुला सरकार साझेदारी र दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघले घोषणा गरेको दिगो विकासको लक्ष्य (Sustainable Devlopment Goals) अन्तर्गतका १७ वटा लक्ष्यमध्ये १६ औँ लक्ष्यको अनुगमन गर्ने जिम्मेवारी संयुक्त राष्ट्रसंघले खुला सरकार साझेदारीलाई दिएको छ। यो विकास लक्ष्य हासिल गर्न संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) खुला सरकार साझेदारीको सचिवालयसँग सहकार्य गरेर अगाडि बढेको छ। दिगो विकास लक्ष्यमा न्याय, शान्ति, समावेशीकरण, पारदर्शिता, जवाफदेहीता, सूचनामा पहुँच जस्ता लक्ष्यहरू बुँदा नं १६ मा समेटिएका छन्। यस लक्ष्यलाई अन्य लक्ष्य प्राप्तिको आधार र मापदण्डका रूपमा राखिएको छ।

लोकतान्त्रिक शासनको सुनिश्चितता नभई कुनै पनि विकास लक्ष्य हासिल गर्न सम्भव छैन भन्ने अनुभवका आधारमा लक्ष्य नं. १६ र त्यसअन्तर्गतका विभिन्न मापदण्डहरू बनाइएको हो। यस अगाडिको सहस्राब्दी विकास लक्ष्य (MDG) मा शासकीय लक्ष्य नहुँदा विकासका अन्य लक्ष्य पूरा गर्न सक्षम सरकारको अभाव खट्किएको थियो। त्यसैले दिगो विकास लक्ष्य (SDG) सफल बनाउन लक्ष्य नं १६ हासिल गर्नु ज्यादै महत्वपूर्ण हुन्छ। र सोका लागि खुला सरकार साझेदारीको आधार सुनिश्चित गराउनु झन् महत्वपूर्ण मानिएको छ। नेपालले यो दिगो विकासको लक्ष्य हासिल गर्न पनि यसको मूल्य र मान्यतालाई प्रवर्द्धन गर्नु अपरिहार्य हुन गएको छ।

**लक्ष्य नं. १६:** **दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरुको प्रवर्द्धन गर्ने, न्ययमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरुको स्थापना गर्ने।**

**लक्ष्य नं. १६.१०.** **राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार सूचनामा सबैको पहुँच र मौलिक स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्ने।**

खुला तथ्याङ्क (Open Data) खुला सरकारको एक प्रमुख आधार हो । खुला सरकार बनाउने आधुनिक लोकतन्त्रको लोकप्रिय अभियान हो । यसबाट नागरिकहरू सबै खाले अधिनायकवादी प्रवृत्तिलाई परास्त गर्न सक्षम हुन्छन् । नागरिकलाई सार्वभौमसत्तासम्पन्न भएको अनुभूति दिनसक्नु नै कुनै पनि लोकतान्त्रिक राज्य र समाजको लक्ष्य हो । जुन लक्ष्य हासिल गर्न खुला सरकार साझेदारीको रणनीति अगाडि आएको हो । दिगो विकास लक्ष्य तर्जुमा हुँदै गर्दा लक्ष्य नं. १६ को परिकल्पना पनि यही रणनीतिको सफलताका लागि नै गरिएको थियो ।

- सन् २००९ मा अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामाले कार्यालयमा राष्ट्रपतिको पदभार ग्रहण गर्दा एउटा कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभयो । त्यो थियो– पारदर्शिता र खुला सरकार आदेश । यस आदेशको मुख्य उद्देश्य नै कार्यालयको व्यवस्थापन र बजेट प्रणलीको खुलापन बढाउने तथा सूचनाको हकसम्बन्धी ऐन बमोजिम खुला तथ्याङ्कको अभ्यासलाई कानुनीरूपमा प्रवर्द्धन गर्ने थियो । यो आदेशपछि अमेरिकी सरकारले DATA.GOV पनि सुरू गऱ्यो । यसैको विस्तार हुँदै गएर सन् २०१४ मा अमेरिकी संसदले "डिजिटल एकाउण्टीबिलिटी तथा टान्सपरेन्सी एक्ट" नै पारित गऱ्यो । यसको उद्देश्य सरकारको बजेट र खर्चको पारदर्शिता सुनिश्चित गराउनु हो । सन् २०१६ मा Open Government Data Act नै बनाउन प्रस्ताव गरियो र २०१७ मा यो ऐन पारित भयो । यो खुला सरकार प्रवर्द्धनको अभियान हो ।

- दक्षिण कोरियाले सरकारी कार्यालयहरूको कार्यशैलीलाई रूपान्तरण गर्ने अभियान अन्तर्गत सूचना प्रविधिलाई अवलम्बन गर्न सन् २०१३ मा विशेष रणनीति सुरू गऱ्यो, जसलाई 'सरकार ३.०' कार्यक्रम भनिन्छ । सम्पूर्ण सरकारी कार्यालयका सूचनाको डिजिटाइजेशन गर्ने र तथ्याङ्कलाई खुला गर्ने अभियान यसको रहेको छ । यसको कार्यान्वयनका लागि खुला तथ्याङ्क रणनीति परिषद् (Open Data Strategic Council) नै बनाइएको छ । र खुला तथ्याङ्कको पहुँचसम्बन्धी विवादको समाधान गर्न 'Open Data Mediation Committee' नै बनाइयो । दक्षिण कोरियालाई सरकारले DATA.GO.KR नै विकास गरेको छ जहाँ सरकारी तथ्याङ्कमा सहज पहुँच सुनिश्चित भएको छ ।

# सरकारद्वारा गठित सिफारिस समितिको प्रतिवेदन

सुशासनको क्षेत्रमा काम गर्ने नागरिक संस्थाहरूको अनुरोध र खुला सरकार साझेदारीको अन्तर्राष्ट्रिय सचिवालयको औपचारिक आमन्त्रण भएपछि नेपाल सरकारले नेपालको सदस्यता प्राप्ति सम्बन्धमा अध्ययन गरी सिफारिस सहितको प्रतिवेदन तयार गर्न वि.सं. २०७२ पुस ८ गते एक समिति बनायो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरी बास्कोटा संयोजक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव र फ्रीडम फोरमका संस्थापक तारानाथ दाहाल सदस्य तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासनसुधार महाशाखाका सहसचिव सदस्यसचिव रहेको समिति थियो । सो समितिले वि.सं. २०७२ माघ ११ गते नेपाल सरकारलाई आफ्नो प्रतिवेदन बुझायो ।

### समितिको सिफारिसका मुख्य बुँदाहरू निम्न थिए :

- खुला सरकार साझेदारी अभियानको सदस्य बन्नु नेपालको अन्तर्राष्ट्रिय सम्पर्क एवं सम्बन्ध बलियो बनाउने अवसर हो ।
- खुला सरकार साझेदारीलाई पारदर्शिता प्रवर्द्धन गर्न, नागरिक सशक्तीकरण गर्न, भ्रष्टाचारविरूद्ध लड्न र सूचना प्रविधिलाई शासन प्रणालीमा अधिकतम सदुपयोग गर्ने अवसरको रूपमा लिनुपर्दछ ।
- नेपालले खुला सरकार साझेदारीले आत्मसात् गरेका मान्यतालाई पहिलादेखि नै प्रयोगमा ल्याइसकेको छ । खुला सरकार साझेदारीको सदस्य बन्दा राज्यले लिएका लक्ष्य परिपूर्ति गर्न योगदान गर्नसक्दछ ।
- नेपालको संविधान, सूचनाको हकसम्बन्धी ऐन २०६४ र सुशासनसम्बन्धी ऐन २०६४ ले समेत खुला सरकार साझेदारीका मान्यतालाई कार्यान्वयन गर्ने उद्देश्य लिएकोमा खुला सरकार साझेदारीको सदस्य बन्दा यी ऐनको उद्देश्य परिपूर्ति गर्नसमेत सहज हुने देखिन्छ ।
- नेपालले खुला सरकारको क्षेत्रमा गरेका राम्रा कामहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने र सिकाइको समेत अवसर हुने हुँदा खुला सरकार साझेदारीको सदस्य बन्दा नेपाललाई फाइदा हुने देखिन्छ ।
- सूचना प्रविधिको माध्यमबाट सेवाप्रवाह र सार्वजनिक प्रशासनको सञ्चालनमा थप

समर्थन, सहयोग र प्रोत्साहन प्राप्त हुनेछ । ई-गभर्नेन्स र इन्टरनेटमा आधारित पारदर्शिताका मापदण्डहरू प्रवर्द्धन गर्न आवश्यक वातावरण र पूर्वाधार निर्माण हुनेछ ।

- भ्रष्टाचार घटाउन, जनसहभागिता र साझेदारी बढाउन, नवीन प्रविधिहरूको अवलम्बन बढाउन, शासकीय कार्यक्षमता वृद्धि गर्न, तथ्याङ्कीय पद्धतिहरूमा सुधार ल्याउन र प्रभावकारी सरकार सञ्चालन गर्न थप बल र समर्थन प्राप्त गर्न सहयोग पुग्नेछ ।
- राज्यका तल्ला तहहरू जस्तै प्रदेश सरकार र स्थानीय सरकारलाई पनि उत्तरदायी, पारदर्शी, सुशासनयुक्त र खुलापनको संस्कृतिमार्फत् प्रभावकारी र अनुशासित बनाउन आवश्यक मापदण्ड लागू गर्न सहयोग पुग्नेछ ।
- जवाफदेहीता वृद्धि गर्न मद्दत पुग्नेछ । उदाहरणका लागि, न्यायालयको पारदर्शिता र जवाफदेहीताको दबाब मार्फत् न्यायमा पहुँच बढाउन मद्दत पुग्नेछ भने संसदीय खुलापनको बहस र आवश्यक संयन्त्रहरूको विकासले जनताप्रति उत्तरदायी र प्रभावकारी जनप्रतिनिधित्वको संस्कृति प्रवर्द्धन गर्न सहयोग पुग्नेछ ।
- नागरिक सशक्तीकरण र नागरिकसँगको साझेदारीको वातावरणलाई सुदृढ बनाई लोकतन्त्रलाई अझ समावेशी र सहभागितामूलक तुल्याउन समर्थन र सहयोग प्राप्त हुनेछ ।
- लोकतन्त्र र खुला सरकारका अवधारणालाई आत्मसात् गरेको अवस्थामा खुलासरकार साझेदारीको सदस्य बनी अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिबद्धता देखाउने अवसर हुन्छ । तसर्थ खुला सरकार साझेदारीको सदस्य बन्नु नेपालको लागि फाइदाजनक छ ।
- खुला सरकार साझेदारीमा सहभागी हुनु भनेको परम्परागत शासनसम्बन्धी मान्यता र शैलीमा व्यापक सुधारको यात्रा थालनी गर्नु र नयाँ शासनसम्बन्धी संस्कृतिको अवलम्बन गर्नु हो । नागरिकसँग प्रत्यक्ष साझेदारी सहभागितामा आधारित शासन सञ्चालन गर्न तयार हुनु हो । यसका लागि आधुनिक प्रविधिले विकास गरेको सिर्जनशीलता र आविष्कारलाई राज्यको शासन प्रबन्धमा अधिकतम सदुपयोग गर्न अग्रसर हुनु हो ।
- नेपालका सफल प्रयोगहरू: हेलो सरकार, नागरिक मञ्च, नागरिक सचेतता केन्द्र, योजना तर्जुमा प्रक्रिया, सार्वजनिक सुनुवाई, सूचनाको हक, सुशासन ऐन, कार्यमूलक लेखापरीक्षण, तेस्रो पक्षको अनुगमन, सार्वजनिक लेखा समिति र संसदीय समितिहरूको खुला बैठक अवधारणा, नागरिक बडापत्र, होर्डिङ्ग बोर्ड, सरकारी कार्यालयले बिल सार्वजनिक गर्ने व्यवस्था लगायतको अनुभवको आदानप्रदान गर्न सकिन्छ ।
- सरकार र नागरिकबीचको विश्वासिलो सम्बन्ध स्थापना गर्न प्रभावकारी परिणाम दिन सक्ने सरकार र शासन प्रणाली सञ्चालन गर्ने यो एउटा यात्रा हो ।
- यस कार्यलाइ अझबढी प्रभावकारी र समन्वयात्मक बनाउनका लागि एक तयारी समिति बनाइ कार्य गर्नु आवश्यक छ ।
- नेपाल सरकार खुला सरकार साझेदारीको सदस्य बन्न उपयुक्त हुनेछ ।

# खुला सरकार साझेदारी विश्व घोषणापत्र

२० सेप्टेम्बर, २०११

खुला सरकार साझेदारीको सदस्यको हैसियतले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, तथा मानवअधिकार र असल शासनसम्बन्धी अन्य अन्तर्राष्ट्रिय कानुनी दस्तावेजका सिद्धान्तहरूप्रति प्रतिबद्ध हुँदै, हामी यो स्वीकार गर्छौं कि संसारभरका नागरिकहरू सरकारमा अझबढी खुलापन माग गर्दैछन् । उनीहरूले सार्वजनिक मामिलामा नागरिक सहभागिताका लागि आह्वान गर्दैछन्, र आफ्ना सरकारहरूलाई थप पारदर्शी, उत्तरदायी, जवाफदेही र प्रभावकारी बनाउने उपाय खोज्दैछन् ।

हामी यो मान्छौं कि सरकारमा खुलापन प्रवर्द्धन गर्ने प्रयासमा देशहरू विभिन्न चरणमा छन् र हामी हरेकले हाम्रा राष्ट्रिय प्राथमिकताहरू र परिवेशहरू तथा हाम्रा नागरिकहरूका चाहनाबमोजिमका पद्धति अवलम्बन गर्छौं ।

हामी पारदर्शिता प्रवर्द्धन गर्न, भ्रष्टाचारविरूद्ध लड्न, नागरिकलाई सबल बनाउन रसरकारलाई थप प्रभावकारी र जवाफदेही बनाउन नयाँ प्रविधिको प्रयोग गर्न यो अवसर उपयोग गर्ने जिम्मेवारी लिन्छौं ।

हामी सेवा सुधार गर्न, सार्वजनिक स्रोत व्यवस्थापन गर्न, नवीनता प्रवर्द्धन गर्न, र थपसुरक्षित समुदायहरू निर्माण गर्न नागरिकहरूसँगको हाम्रो खुला संलग्नताकोमहत्वको समर्थन गर्छौं ।

हाम्रा देशहरूमा र बढ्दो ढङ्गले एकआपसमा आबद्ध संसारकै थप समृद्धि, कल्याण र मानवको आत्मसम्मान हासिल गर्न हामी पारदर्शिता र खुलासरकारको सिद्धान्तहरू अङ्गिकार गर्छौं ।

हामी संयुक्त रूपमा निम्न कुरामा प्रतिबद्धता व्यक्त गर्छौं। सरकारी क्रियाकलापसम्बन्धी सूचनाको उपलब्धतामा वृद्धि गर्न सरकारले नागरिकको तर्फबाट सूचना सङ्कलन गर्ने र राख्ने गर्दछ र नागरिकहरूलाईसरकारी क्रियाकलापसम्बन्धी सूचना माग्ने हक हुन्छ ।

हामी सरकारका हरेक तहका क्रियाकलापसम्बन्धी सूचनामा पहुँच वृद्धि गर्ने तथा जानकारीमा ल्याउने कार्य प्रवर्द्धन गर्न प्रतिबद्ध छौं ।

हामी अत्यावश्यक सार्वजनिक सेवा तथा क्रियाकलापहरूमा सरकारी खर्चर कार्य सम्पादनसम्बन्धी तथ्याङ्क व्यवस्थित ढङ्गले सङ्कलन र प्रकाशन गर्न प्रयास वृद्धि गर्ने प्रतिबद्धता गर्छौं । सर्वसाधारणले सजिलै भेट्टाउने, बुझ्ने र प्रयोग गर्नसक्ने रपुनः प्रयोगको लागि सहज हुने ढाँचामा बढी महत्व भएका सूचनाका साथै अप्रशोधित तथ्याङ्क उचित समयमा सक्रिय तरिकाले उपलब्ध गराउने बाचा गर्छौं। यदि सूचना वा त्यससँग सम्बन्धित विवरणहरू अनुचित ढङ्गले स्थगन गरेको पाइएमा हामी त्यसको प्रभावकारी उपचारमा पहुँच पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुको साथै मद्दतको प्रक्रियामा प्रभावकारी निगरानी पनि गर्छौं ।

हामी सार्वजनिक तथ्याङ्कमा नागरिक समाजको पहुँच प्रवर्द्धन तथा सरकारी सूचना प्रणालीको अन्तरसञ्चालनको प्रयोगमा सहजीकरण गर्न खुला मापदण्डको महत्वलाई हामी मान्यता दिन्छौं ।

हामी सर्वसाधारणलाई सबैभन्दा बढी महत्वपूर्ण हुने सूचना पहिचानका लागि उनीहरूबाटै जानकारी माग्न प्रतिबद्ध छौं र सो जानकारीलाई यथासम्भव ध्यानमा राख्ने प्रण पनि गर्छौं ।

## नागरिक सहभागितामा सहयोग

हामी निर्णय गराइमा र नीति निर्माणमा सम्पूर्ण नागरिकको समान र विनाभेदभाव सार्वजनिक सहभागितालाई महत्व दिन्छौं । महिलाको पूर्ण सहभागिता सहितको सर्वसाधारण नागरिकको संलग्नताले सरकारको प्रभावकारिता वृद्धि गर्दछ जसले नागरिकको ज्ञान, विचार र निगरानी गर्ने क्षमताबाट लाभ लिन्छ ।

सार्वजनिक सूचना माग्न र सरकारी क्रयाकलापहरूको योजना बनाउन, अनुगमन तथा मूल्याङ्कन गर्न नयाँ माध्यम सिर्जना र प्रयोग गर्दै नीतिनिर्माण र निर्णय गराइलाई अझबढी पारदर्शी बनाउन वाचा गर्छौं ।

अभिव्यक्ति, सङ्गठन तथा विचारको स्वतन्त्रताप्रतिको हाम्रो प्रतिबद्धतासँग मेलखाने गरी नाफारहित तथा नागरिक संस्थाहरूको सञ्चालन क्षमतालाई संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्छौं ।

सरकार र नागरिक समाज तथा व्यवसायहरूबीच अझ बढी सहकार्यका लागि सघाउनसंयन्त्रहरू निर्माण गर्न हामी प्रतिबद्ध छौं ।

## सम्पूर्ण प्रशासनमा उच्चतम स्तरको पेशागत सदाचार

जवाफदेही सरकारका आफ्ना सरकारी अधिकारीहरूका लागि उच्च नैतिक मापदण्ड तथा आचारसंहिता आवश्यक पर्दछ। सार्वजनिक वित्त व्यवस्थापन, सरकारी खरिद तथा कानुनी शासनको सबलीकरणमा पारदर्शिता सुनिश्चित गर्नका लागि भ्रष्टाचारविरोधी शक्तिशाली नीति, संयन्त्र तथा अभ्यास बनाउन हामी कटिबद्ध छौं ।

देशका उच्चस्तरीय सरकारी अधिकारीहरूको आम्दानी तथा सम्पत्तिसम्बन्धी सूचना सार्वजनिक गर्न कानुनी संरचनाको स्थापना वा निरन्तरताका लागि हामी प्रतिबद्ध छौं ।

शङ्खघोष (whistle blow) गर्ने व्यक्तिलाई संरक्षणका लागि कानुन बनाउन र त्यसलाई लागू गर्न हामी प्रतिबद्धता जाहेर गर्छौं ।

हामी कानुन कार्यान्वयनसम्बन्धी निश्चित सूचनाको गोपनीयताको सम्मान गर्दै हाम्रो भ्रष्टाचारविरोधी र कानुन लागू गर्ने निकायहरू तथा ती निकायहरूसँग मागिनेसहयोगको कार्यविधिसम्बन्धी सूचना नागरिकलाई उपलब्ध गराउने प्रतिबद्धता गर्छौं ।

सार्वजनिक तथा निजी क्षेत्रमा हुने घुसखोरी तथा अन्य स्वरूपका भ्रष्टाचार निवारकहरू वृद्धि गर्न तथा सूचना र विशेषज्ञता आदानप्रदान गर्न हामी प्रतिबद्ध छौं ।

## खुलापन र जवाफदेहीताका लागि नयाँ प्रविधिमा पहुँच वृद्धि

नयाँ प्रविधिहरूले सूचनाको आदानप्रदान, सार्वजनिक सहभागिता तथा सहकार्यका लागि अवसर प्रदान गर्दछ ।

यी प्रविधिहरू उपयोग गरी हामी अझबढी सूचना सार्वजनिक गरी नागरिकलाई आफ्नो सरकारले के गरिरहेको छ भन्ने बुझ्न तथा सरकारले गर्ने निर्णयहरूलाई प्रभाव पार्ने ढङ्गले सबल बनाउछौं ।

सेवा प्रदान गर्नका लागि मञ्चको रूपमा पहुँचयोग्य र सुरक्षित विद्युतीय स्थान विकास गर्न प्रतिबद्ध छौं जसबाट नागरिकलाई संलग्न गरी सूचना र विचार आदानप्रदान गरिन्छ ।

हामी यो मान्छौं कि प्रविधिको समतामूलक र धान्न सक्ने पहुँच एउटा चुनौती हो र नागरिक संलग्नताको वैकल्पिक संयन्त्रको पहिचान र प्रवर्द्धन गर्दै बढ्दो विद्युतीय तथा मोबाइल सम्पर्क गर्न कटिबद्ध छौं ।

हामी नागरिकलाई सशक्तीकरण गर्न तथा सरकारी कार्यको पारदर्शिता प्रवर्द्धन गर्न नयाँ प्रविधिहरूको माध्यमबाट नागरिक समाज र निजी क्षेत्रलाई संलग्न गराइ प्रभावकारी अभ्यासहरू तथा नवीनतम पद्धतिहरू पहिचान गर्न प्रतिबद्ध छौं ।

हामी यो कुरा मान्छौं कि प्रविधिमा पहुँच वृद्धि गर्नु भनेको सरकार र नागरिकलाई यसको प्रयोग गर्नमा सहयोग पुऱ्याउनु हो ।

हामी सरकारी कर्मचारी र नागरिकले गर्ने प्राविधिक नवीनताको प्रयोगमा समान रूपले सहयोग र विकास गर्न प्रतिबद्ध छौं ।

हामी यो पनि जान्दछौं कि स्पष्ट, प्रयोगयोग्य तथा उपयोगी सूचनाका लागि प्रविधि एक परिपूरक हो, प्रतिस्थापक होइन ।

हामी यो स्वीकार्छौं कि खुला सरकार एउटा प्रक्रिया हो जसका लागि निरन्तर र दिगो प्रतिबद्धता आवश्यक पर्छ ।

यी सिद्धान्तहरूलाई व्यवहारमा परिणत गर्न चालिएका कदमहरूबारे सार्वजनिकरूपमा प्रतिवेदन दिन, ती कार्यहरूको कार्यान्वयनमा नागरिकसँग परामर्श गर्न तथा नयाँ चुनौती र सम्भावनाहरूको आधारमा हाम्रा प्रतिबद्धता अध्यावधिक गर्न कटिबद्ध छौं ।

अन्य देशहरूमा खुला सरकारलाई अघि बढाउन सर्वोत्तम अभ्यास तथा विशेषज्ञताको आदानप्रदान र यो घोषणामा व्यक्त प्रतिबद्धताहरू बाध्यकारी नहुने र स्वेच्छिक आधारमा गर्न, उदाहरणमार्फत् नेतृत्व गर्न र यसमा योगदान गर्न बचनबद्ध छौं ।

हाम्रो उद्देश्य नवीनतालाई प्रेरित गर्ने, प्रगतिलाई प्रोत्साहन दिने र देशहरूलाई दिइने सहयोग वा तिनको स्तरीकरणलाई परिभाषित गर्ने मापदण्ड बनाउने होइन । वृहत्तर पद्धतिको खुलापनाको प्रवर्द्धन तथा क्षमता अभिवृद्धि र सङ्गठन निर्माणमा प्राप्त प्राविधिक सहयोगको महत्वमा जोड दिनु हो ।

हाम्रा अन्तर्राष्ट्रिय संलग्नतामा यी सिद्धान्तहरू अनुशरण गर्न प्रतिबद्ध छौं र खुलासरकारको विश्वव्यापी संस्कृतिलाई प्रोत्साहन गर्छौं ताकि त्यसले नागरिकहरूलाई सशक्त बनाउँछ, सेवा प्रदान गर्दछ र २१ औं शताब्दीको खुला र सहभागितामूलक सरकारका आदर्शहरूलाई अघि बढाउँछ ।

# भाग २

# खुला संसद

# खुला संसदको अवधारणा

राज्यका विभिन्न अङ्गहरूको पारदर्शिता र नागरिकप्रतिको जवाफदेहीता लोकतन्त्रको आधार स्तम्भ हो । जनताका प्रतिनिधिहरूले जनचाहनालाई विधिको रूपमा निर्माण गर्ने र सरकारका गतिविधिको निगरानी गर्दै राज्यका साधन स्रोतको समुचित उपयोगका लागि भूमिका निर्वाह गर्ने विधायिकी निकाय, संसदको पारदर्शिता र जवाफदेहीता प्रतिनिधिमूलक लोकतन्त्रमा ज्यादै महत्वपूर्ण हुन्छ ।

संसदीय कारबाहीहरू खुलारूपमा हुने मान्यता विश्वव्यापीरूपमा नै स्वीकार भैसकेको छ । तथापि सुरक्षा संवेदनशीलता र आम मानिसको पहुँचबीचको द्वन्द्वमा संसदीय खुलापनका कतिपय मामिलाहरूमा आमधारणा एउटै बनिसकेको छैन । यी दुवै मान्यताको सन्तुलनमा संसद सचिवालय वा संसद प्रशासनले फरक-फरक नवीन अभ्यास र प्रचलन अगाडि बढाइरहेका छन् ।

सैद्धान्तिकरूपमा संसदीय गतिविधि र निर्णयहरू आम मानिसका लागि खुला रहने मान्यता भएपनि व्यवहारमा यो मान्यतालाई आत्मसात गर्न भने कैयौं कठिनाइहरू देखिन्छन । यसै कारण विश्वभरी नै खुला र जवाफदेही संसदसम्बन्धी मापदण्डहरू तय गरी अभ्यासमा ल्याउने गरिएको छ ।

पछिल्लो संवैधानिक विकास क्रममा संसदीय प्रक्रियाहरू आम नागरिकका लागि खुला रहने विषयले संवैधानिक हकका रूपमा पनि मान्यता पाउन थालेको पाइन्छ । दक्षिण अफ्रिकाको संविधानले संसदीय प्रक्रियाबारे नागरिकको पहुँचलाई भौतिकरूपमा नै केही वैध सीमाहरू सहित सुनिश्चित गरेको छ ।

व्यहारमा सबै मानिस संसद हेर्न, घुम्न र उपस्थित हुन आउँदैनन्, संसदका गतिविधिबारे उनीहरूको चासोको भोक आमसञ्चार माध्यमहरूबाट पूरा गर्दछन् । त्यसैले संसदीय खुलापनको पहिलो आधार भनेकै संसदका बैठकहरू र सूचनामा प्रेसको पहुँच कत्तिको सुनिश्चित छ भनेर हेर्नुपर्ने हुन्छ । संसदीय क्रियाकलापबारे आम मानिसलाई सुसूचित

गर्नुपर्ने दायित्व निःसन्देह प्रेसमाथि छ । तर संसद आफैँले प्रेसलाई सो प्रक्रियामा सहज अवस्था बनाउनु पूर्वशर्त हो ।

आम मानिसलाई संसदीय प्रक्रियाबारे सूसुचित गराएर देशका सार्वजनिक मामिलामा उनीहरूको सहभागिता अभिवृद्धिगराउने प्राथमिक दायित्व संसद स्वयंको हो । त्यसैले प्रेसमार्फत् मात्र नभै सूचना प्रविधिको उपलब्ध आधुनिक अवसरलाई प्रयोग गर्ने तथा संसदीय मामिलाका बहसमा विभिन्न उमेर, वर्ग र समुदायका मानिसहरूलाई संलग्न गराउन सिर्जनशील कार्यक्रमहरू सञ्चालन गर्न संसद प्रशासन अग्रसर रहनु पर्दछ ।

**व्यहारमा सबै मानिस संसद हेर्न, घुम्न र उपस्थित हुन आउँदैनन्, संसदका गतिविधिबारे उनीहरूको चासोको भोक आमसञ्चार माध्यमहरूबाट पूरा गर्दछन् । त्यसैले संसदीय खुलापनको पहिलो आधार भनेकै संसदका बैठकहरू र सूचनामा प्रेसको पहुँच कत्तिको सुनिश्चित छ भनेर हेर्नुपर्ने हुन्छ । संसदीय क्रियाकलापबारे आम मानिसलाई सुसूचित गर्नुपर्ने दायित्व निःसन्देह प्रेसमाथि छ । तर संसद आफैँले प्रेसलाई सो प्रक्रियामा सहज अवस्था बनाउनु पूर्वशर्त हो ।**

अंग्रेजीको Parliament शब्द फ्रान्सेली भाषाको Parlement शब्दबाट आएको हो जसको अर्थ छलफल वा कुराकानी हुन्छ । युरोपको इतिहासमा ८०० वर्षभन्दा अघिदेखि राज्यका गतिविधिहरूको छलफलका लागि यो शब्द प्रयोग हुँदै आएको छ । धेरैअघि संसदको पहिलो बैठक इंग्ल्याण्डको वेस्टमिन्स्टरमा सन् १२६५ मा भएको पाइन्छ । विपक्षी दलहरूले हतियारद्वारा नभई वार्ताद्वारा आफ्ना मतभेदको समाधान खोज्न प्रतिनिधिमूलक लोकतन्त्र अभ्यासमा आएको हो । त्यसैले संसदमा शब्दहरू मात्र हुन्छन्, बहस र संवाद हुन्छ ।

संसदीय अभ्यासकोइतिहास आठ सय वर्ष हुन लागेपनि प्रेसलाई छुट्टै स्थान (ग्यालरी) दिने प्रचलन सुरू भएको दुई सय वर्ष मात्र भएको छ । सन् १६८८ को Bill of Rights ले बोल्न पाउने स्वतन्त्रता दिएपनि बेलायती प्रजातन्त्रमा पनि खुलापनको

संस्कृतिले प्रवेश पाउन अर्को एक शताब्दी लाग्यो । संसदका गतिविधि र निर्णयबारे आम मानिसलाई जान्ने-थाहा पाउने अवस्था हुनु पर्दछ भन्ने मान्यता सत्रौं शताब्दीको अन्त्यतिर आएर स्थापित भएको हो । सन् १६८० मा बेलायती संसद हाउस अफ कमन्सले आफ्नो छलफल, मतदान र प्रक्रियाका बारेका गतिविधिको अभिलेख दैनिक बनाउने र छाप्ने निर्णय गऱ्यो । त्यो अगाडि संसदका छलफल र निर्णय बाहिर ल्याउन हुँदैन भन्ने मान्यता थियो ।

**आफ्नो कार्यकालमा जनप्रतिनिधिले सम्पादन गरेका काम जनचाहना बमोजिम भए भएनन् भन्ने कुरा मूल्याङ्कन हुन आवश्यक छ । यस्तो मूल्याङ्कनले केवल असल र खराब प्रतिनिधि छुट्याउने मात्र नभइ सर्वसाधारण नागरिकले अनुभव गर्ने गरी काम गर्न नसक्ने तथा अनुत्तरदायी व्यक्ति पुनः निर्वाचित हुने सम्भावनालाई समेत निरूत्साहित गर्दछ ।**

संसदका गतिविधि बाहिर ल्याएकोमा विभिन्न सञ्चार माध्यमलाई रोक समेत लगाइएको इतिहास छ । सन् १७९१ बाट मात्र संसदमा प्रेसको ग्यालरी राख्ने मान्यता पाएको हो । सन् १८०३ मा हाउस अफ कमन्समा रिपोर्टर ग्यालरी बनाएर पत्रकारलाई पहुँच दिन थालियो । सन् १९०९ बाट मात्रै बेलायती संसदले आफ्नै रिपोर्टिङ्ग स्टाफ राखेर अभिलेख सुरक्षित बनाउने प्रचलन सुरू गऱ्यो ।

१७औं शताब्दीमा बेलायतको प्रसिद्ध पत्रिका गार्जियनका पत्रकार जोन विल्कले लामै सङ्घर्ष गर्न पऱ्यो । संसदका जनप्रतिनिधिका कामका बारेमा जनताले जान्न पाउने र पत्रिकाले लेख्न पाउने विषय स्वीकार गराउन बेलायती पत्रकार र सांसदहरूले कैयौं निकाय र राजासँग समेत सङ्घर्ष गर्नु परेको थियो । बेलायतमा हाउस अफ कमन्स र हाउस अफ लर्ड्सका बहसहरू जस्ताको त्यस्तै टिपोट गरेर वितरण गरिन्छ जसलाई "ह्यानसर्ड" भनिन्छ । प्रकाशक थोमस कर्सन ह्यानसर्डको प्रयासमा सन् १८१२ मा यो परम्परा शुरू भएको हो । यस्तो परम्परा संसदीय व्यवस्था भएका अन्य देशमा पनि अनुकरण गरियो ।

निर्वाचन प्रतिनिधिमूलक लोकतान्त्रिक प्रणालीको जग बसाउने सर्वस्वीकार्य पद्धति हो । खास अन्तरालमा  राज्यका विभिन्न निकायबाट जनताको लोकप्रिय मत प्राप्त गरी प्रतिनिधिहरू चयन हुन्छन् । त्यसैले यसरी आउने प्रतिनिधिहरू संसद/विधायिकी निकायमा खास अवधिका लागि मात्र योग्य हुन्छन् । जनप्रतिनिधिले संसदमा नागरिकको आवाजलाई मुखरित गर्नुपर्ने राजनीतिक, कानुनी तथा व्यवहारिक दायित्व रहन्छ ।

आफ्नो कार्यकालमा जनप्रतिनिधिले सम्पादन गरेका काम जनचाहना बमोजिम भए भएनन् भन्ने कुरा मूल्याङ्कन हुन आवश्यक छ । यस्तो मूल्याङ्कनले केवल असल र खराब प्रतिनिधि छुट्याउने मात्र नभइ सर्वसाधारण नागरिकले अनुभव गर्ने गरी काम गर्न नसक्ने तथा अनुत्तरदायी व्यक्ति पुनः निर्वाचित हुने सम्भावनालाई समेत निरूत्साहित गर्दछ ।

जबसम्म आम जनता संसदका काम र सूचनाबारे पूर्णतः जानकार हुँदैनन तबसम्म उनीहरूले आफ्ना प्रतिनिधिहरूमार्फत् हुने निर्णयबारे जानकारी पाउने उचित प्रबन्ध हुनु पर्दछ । सुसूचित मतदाताले आफ्ना प्रतिनिधिमार्फत् सार्वजनिक मामिलामा सहभागिताको सन्तुष्टी पाउन संसदले अधिकतम खुलापनको संस्कृतिलाई बढाउनु पर्दछ ।

लोकतान्त्रिक प्रणाली र राजनीतिप्रति नागरिकको विश्वासलाई थप उचाइमा पुऱ्याउन सबै पक्षबाट थप कार्य गर्नुपर्ने अवस्था छ । विश्वासका सङ्कट घटाई राज्य-नागरिक सम्बन्ध बलियो बनाउन दोहोरो सञ्चारको राम्रो संयन्त्रले केही सहयोग पुऱ्याउन सक्दछ । तसर्थ संसदीय खुलापनको वृहत्तर अवधारणा आत्मसात गर्दै जनप्रतिनिधि संस्था अधिकतम खुला भएर क्रियाशील हुनुपर्ने मान्यता अगाडि आएको हो ।

# संसदीय खुलापनका प्रमुख आधारहरू

अन्तर व्यवस्थापिका परिषद इन्टर पार्लियामेन्ट्री युनियन (आइपियु) सन् १८८९ मा स्थापित भएको विश्वका संसदहरूको साझा संगठन हो । यो बहुर्राष्ट्रिय राजनीतिक संस्था एउटा स्थायी राजनीतिक संयन्त्र हो । यस संस्थाले राजनीतिक मान्यता र संयन्त्रहरूको बारेमा विभिन्न साझा सिद्धान्तहरू स्थापित गर्दै आएको छ । संसदीय अभ्यास, संसदहरूको प्रभावकारिता र प्रगतिशील परिवर्तनलाई सहयोग पुऱ्याउन विभिन्न क्षेत्र र विषयमा यस युनियनले विभिन्न मान्यताहरू तर्जुमा गरेको छ । यस क्रममा संसदीय पारदर्शिता, संसदीय गतिविधिमा नागरिक सहभागिता तथा संसदीय अभिलेख एवं सूचनाहरूको भण्डार मानिने पुस्तकालयको डिजिटाइजेशन लगायतका विभिन्न विषयमा मापदण्डहरू विकास गरेको छ । नेपालको संसद पनि आइपियुमा सक्रिय सहभागी रहँदै आएको छ ।

अन्तर व्यवस्थापिका परिषद्ले संसदको खुलापन र पारदर्शिताबारे असल अभ्यास दिग्दर्शन समेत बनाएको छ । जसका आधारमा संसदीय खुलापनका प्रमुख आधारहरू यस प्रकार रहेका छन्:

- पत्रकारहरू र सञ्चार माध्यमहरूका लागि व्यवहारिक सहज पहुँच,
- सूचनाको हकको कानुनी दायित्वको पालना तथा खुला तथ्याङ्कहरूको उपलब्धता,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा र सम्मान,
- सार्वजनिक प्रशारण सेवा सहित बहुल आमसञ्चार माध्यमहरूको पहुँचको कानुनी सुनिश्चितता,
- सूचना प्रविधिका माध्यम, जस्तै वेबसाइट, एप्स, सोसल मिडिया आदिको अधिकतम सदुपयोग,
- जनतासँग सांसद, जस्तै युवा, विद्यार्थी आदि समूहसँग संसदीय नमूना अभ्यास,
- कानुन पारित प्रक्रियामा जनतासँगको परामर्श

उपरोक्त अभ्यासलाई किन सुदृढ गर्ने भन्ने प्रश्नसँगै संसदीय पारदर्शिताको महत्वको मूल्यको खोजी हुनु स्वाभाविक हुन्छ ।

संसदको पारदर्शिताले संसदलाई मतदातासँग नजिक ल्याउँछ। नागरिकको सहभागिता बढ्ने र त्यस्तो सहभागिता पनि अर्थपूर्ण हुने हुनाले संसदको प्रभावकारिता बढ्न पुग्छ ।

**खुला संसदका निम्न चार खम्बा हुन्छन्,**

१) पारदर्शिता

२) उत्तरदायित्व

३) नागरिक सहभागिता

४) सदाचार

लोकतन्त्रको प्रमुख संरचना भनेकै संसद हो । स्वतन्त्र र निस्पक्ष निर्वाचनद्वारा चुनिएका जनप्रतिनिधिले शासन संयन्त्रहरू निर्माण गरी आफूमार्फत् जनताप्रति उत्तरदायी बनाउने प्रणालीहरू सुनिश्चित गर्नु नै लोकतन्त्र हो ।

यस्तो सर्वोच्च निकाय आफू स्वयं पनि सदा जनताप्रति जवाफदेही र उत्तरदायी बन्न सक्नु पर्दछ । संसद पनि सक्षम र प्रभावकारी बन्नु आवश्यक छ । सदाचारी र आदर्शवान व्यवहार प्रदर्शन गर्न पर्‍यो । जनताको सेवामा समर्पित रहन पर्‍यो । र, तोकिएका काम-कर्तव्य, इमान्दारी र दक्षतापूर्वक सम्पन्न गरिनु पर्‍यो । यही मान्यतालाई नै एक असल संसद वा खुला संसद हुनुको अर्थमा बुझ्न सकिन्छ ।

संसद जनताको प्रतिनिधिहरूले जनताका लागि कानुन बनाउने स्थान भएको हुँदा यो जनताको पहुँचमा हुनु पर्दछ । संसद मार्गदर्शक भएको हुँदा अन्य निकायको पारदर्शिताका लागि पनि संसद आफैँले पारदर्शी भएर कार्य गर्नु पर्दछ । संसदमा देशका सबै जनताको समान पहुँचका लागि पनि संसदले पारदर्शी भएर कार्य गर्नु पर्दछ ।

संसद सदस्यलाई जनताप्रति जवाफदेही बनाउन र निरन्तर आफ्नो जिम्मेवारी बोध गराउन,स्थापित मापदण्ड तथा व्यवहारिकरूपमा असल र खराब गर्ने संसद सदस्यको बीचमा भिन्नता देखाउन, संसदको निरन्तर कार्यसम्पादनमा सहयोग पुऱ्याउन, लोकतन्त्रलाई व्यवहारिकरूपमा प्रयोग गराउन, जनतालाई आफ्ना प्रतिनिधिप्रतिको विश्वास बढाउन र संसदको गरीमा बढाउन संसदले पारदर्शी हुनु पर्दछ। संसद लोकतन्त्रको प्रतिफल हो र लोकतन्त्रमा नागरिकको सुसूचित हुने कुरा आधारभूत शर्त हो।

संसदीय खुलापनले सार्वजनिक नीतिहरू जस्तै बजेट र कानुन जनताको अधिकतम हित हुनेगरी बनाउन मद्दत पुग्दछ। सरकार र स्वयं संसदका काम-कारबाहीको निगरानी गर्न र मूल्याङ्कन गर्न जनतालाई सहज हुन्छ। जनताको आकांक्षा र अपेक्षा अनुरूप नीति-निर्णय गर्न सक्षम हुँदा जनताको विश्वासको मात्रा पनि बढ्छ। नागरिक र राज्यको सम्बन्धमा बढ्दो विश्वसनियताले समग्र राष्ट्र नै सुदृढ हुन पुग्दछ।

खुलापनले खराब नियत र स्वार्थहरूलाई नीति तर्जुमामा प्रभाव पार्नबाट रोक्न सक्दछ। भ्रष्ट आचरण र प्रवृत्तिलाई निरूत्साहित पार्दछ। र, समग्रमा उद्देश्यपूरक र परिणामुखी कार्यसम्पादनलाई सहज बनाइदिन्छ।

एउटा सशक्त र सक्षम संसदका आधारभूत चरित्र भनेकै पारदर्शी हुनु, उत्तरदायी बन्नु र समावेशी आवाजलाई प्रतिनिधित्व दिनु हो। पारदर्शिताको अर्थ निर्णयहरूको खुलासा मात्र होइन, प्रक्रियामा नै सहभागिताको आधार सिर्जना गर्नेगरी समग्र निर्णय प्रक्रिया नै पारदर्शी हुनु हो। वैध जिम्मेवारीको सम्पादन गर्दा पनि सहमति र फरक विचारको सम्बोधनको संवेदनशिलता अवलम्बन गर्नु एक सफल संसदको आधारभूत चरित्र हो भनिन्छ ।

# संसदको नागरिक निगरानी

संसदको जवाफदेहीता बढाउनका लागि र राजनीतिमा उत्तरदायीपना एवं स्वच्छता आओस् भन्नका लागि संसदीय क्रियाकलापमा नागरिक समाजका संस्थाहरूले सक्रिय निगरानी गर्नुपर्ने मान्यता पनि प्रबल बन्दै गएको छ ।

आमसञ्चारका माध्यमको निगरानीले मात्र नपुग्ने नागरिक संस्थाहरूले नै संसदीय तथ्याङ्क र सूचनाका आधारमा प्रमाणमा आधारित मूल्याङ्कन तथा अनुगमनका पहलहरू सञ्चालन गरिरहेका विभिन्न अभ्यासहरू पनि छन् । नेपालमा संसदीय निगरानीका लागि नागरिक संघ-संस्थाहरूले संगठित पहल सुरू गरेका छैनन् । नागरिकको सक्रिय निगरानीले पारदर्शिता, सहभागिता, जवाफदेहीता र समावेशीपनमा योगदान पुग्दछ ।

सांसदहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित दलको मात्र होइन । प्रेस र नागरिक समाजले यो दायित्व निर्वाह गर्न चुकेमा आम मतदाता सुसूचित मतदान गर्नबाट प्रभावित हुन पुग्छन् । सुसूचित छनौटले मात्र प्रतिनिधिमूलक लोकतन्त्रलाई जीवन्त र यथार्थ प्रतिनिधित्वको वातावरण प्रदान गर्दछ । तसर्थ सांसदहरूको निगरानीमा नागरिक भूमिकाको अहम् महत्व छ र खुला संसद भएमात्र नागरिकले आवश्यक सूचना र तथ्याङ्कमा पहुँच पाएर प्रमाणमा आधारित वकालत र पैरवी गर्न सक्षम हुन्छन् ।

नागरिकले सांसदहरूका निम्न पक्षहरूमा खुलापनको माग गर्न सक्दछन् । जसबाट प्राप्त सूचनाको विश्लेषण गरी सांसदहरूको कार्यसम्पादनको तथ्यमा आधारित मूल्याङ्कन गर्न पाउँछन् । ती पक्षहरूमध्ये सांसदहरूको व्यक्तिगत तथा राजनीतिक पृष्ठभूमि जस्तै- स्वार्थ बाझिने संलग्नता, पेशा, सम्पत्ति र करसम्बन्धी जानकारी, अपराधजन्य अभियोग, शैक्षिक एवं प्राज्ञिक क्षमता आदि ।

यस्तै संसदभित्र उनीहरूको कार्यसम्पादन जस्तै- उपस्थिति, व्यक्त धारणा तथा विचार, नीतिगत विशेषज्ञता, बजेट तथा कानुन तर्जुमामा पुऱ्याएको भूमिका, विशेष प्रस्तावहरू तथा विधेयक उपरको कारबाहीमा संलग्नता आदि पर्दछन् ।

एउटा जनप्रतिनिधिका रूपमा मतदाता र निर्वाचन क्षेत्रसँगको सम्बन्ध, अन्तरक्रिया निस्पक्षता जस्ता जनसर्म्पकका आधारहरू पनि निगरानीका क्षेत्रहरू हुन् भने सांसदहरूलाई बजेटमार्फत् नै निर्वाचन क्षेत्र केन्द्रित बजेट तथा कार्यक्रमहरू विनियोजित हुने प्रचलनले गर्दा सोसम्बन्धी कार्यसम्पादनका क्षेत्रपनि नागरिक निगरानीको महत्वपूर्ण आयाम हुनसक्छन् । तसर्थ ती विषयका तथ्याङ्क र सूचनाको व्यवस्थित एवं त्यसमाथि प्रेस र नागरिकको सहज पहुँचको प्रबन्धले मात्र खुला संसदको भावनालाई सकारात्मक बनाउन सक्दछ ।

जनप्रतिनिधिद्वारा आफ्नो कार्यकालमा सम्पादित कामलाई मूल्याङ्कन गर्दा प्रतिनिधिले गरेका प्रत्येक कामको नजिकबाट विहङ्गम अध्ययन गर्नु पर्दछ । संसदमा निर्वाचित प्रतिनिधिको कार्यसम्पादनलाई वास्तविक अर्थमा मूल्याङ्कन गर्ने र असल, खराब तथा जवाफदेही प्रतिनिधि छुट्याउने मुख्य सरोकारवाला मतदाता नै हुन् ।

नेपालमा संसद सदस्यहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने मापदण्ड निर्धारण गर्न अत्यन्त आवश्यक भैसकेको छ । अन्ततः संसदीय गतिविधि र संसद सदस्यको नागरिक अनुगमन गर्ने यो औजारको प्रयोगले प्रतिनिधिमूलक लोकतन्त्रको उत्तरदायीपनालाई समृद्ध बनाउँछ ।

# नेपालमा संसदीय खुलापनको सन्दर्भ

नेपालमा संसदीय अभ्यास सुरू भएको पाँच दशक पुगिसकेको भएपनि यसले अझै खुलापनले संस्थागत रूप लिन सकेको छैन । अनेक प्रकारका राजनीतिक उतारचढाव, प्रयोग र अस्थिरताका कारण नागरिक तहमा संसद तथा संसदीय गतिविधिको पारदर्शी ढङ्गले सूचना दिने संयन्त्रको विकास संगठित र प्रभावकारी अझै हुन सकेको छैन ।

संविधानसभाले तर्जुमा गरेको नेपालको संविधान अनुसार नेपाल सङ्घीय राज्यमा रूपान्तरण भएको छ । सङ्घीय देशहरूको व्यवस्थापन संसदीय लोकतन्त्रबाट मात्र हुनसक्ने हुनाले परिवर्तित नेपाल राज्यका लागि संसदको सान्दर्भिकता र महत्व झन् बढेर गएको छ ।

सङ्घीय नेपालमा केन्द्रीय अर्थात् सङ्घीय तहमा राष्ट्रिय सभा (माथिल्लो सदन) र प्रतिनिधि सभा (तल्लो सदन) रहेको दुई सदनात्मक संसदीय संरचना छ भनेसात प्रदेशमा प्रदेश सभा छन् ।

संविधानले निर्दिष्ट गरे अनुसारको विधायिकी दायित्व र निर्वाह गर्न तथा दुवै तहको सरकार निर्माण र नियन्त्रणका लागि सङ्घीय संसद र प्रदेश सभाहरू रहेका छन् । यी समग्र संसदीय संरचनाहरू एकै प्रकारको मूल्यमान्यता र सिद्धान्तमा सञ्चालित हुन्छन् । यी सबैमा पारदर्शिता र खुलापनको अभिवृद्धिको सन्दर्भ नै नेपालमा संसदीय खुलापनको विषय बन्न पुगेको छ ।

हुनत, स्थानीय तहमा पनि विधायिकी संरचना छन् । ७५३ पालिका तहमा रहेका परिषद्हरू स्थानीय संसद हुन् जहाँबाट ऐन तर्जुमा गरिन्छ, बजेट छलफल र पारित हुन्छ । यी संरचनाहरूको सञ्चालनमा पनि संसदीय परम्परा र शैली अवलम्बन होस् भन्ने सदीक्षा संविधान निर्माताहरूको रहेको बुझ्न सकिन्छ । पालिका तहका संसदीय

कारबाहीहरू पनि पारदर्शी बनुन्, उत्तरदायी हुन् र त्यहाँ पनि जनसहभागिताको अवसर फराकिलो होस्,बैठक प्रक्रिया र सूचनामा प्रेसका लागि सहज पहुँच होस् भनेर चर्चा गर्न सकिन्छ ।

तसर्थ नागरिकसमक्ष संसदीय सूचनाको पहुँच बढाउन, संसदीय प्रक्रियामा सहभागिताका लागि नागरिकको क्षमता अभिवृद्धि गर्न तथा संसदीय उत्तरदायित्वको सुदृढीकरण गर्ने सन्दर्भमा संसदीय खुलापन सम्बन्धी बहस नेपालको सन्दर्भमा उपयोगी हुन सक्नेछ ।

संसदीय खुलापनलाई बढावा दिन, खुलापनले नागरिकको राजनीतिक सहभागितालाई व्यापक बनाउन, प्रतिनिधिमूलक निकायहरूलाई अझ जिम्मेवार बनाउन तथा अन्ततः एक समुन्नत लोकतान्त्रिक समाज निर्माणलाई सुनिश्चित गर्न बहसले सजिलो पार्नेछ । संसदीय खुलापनको बहसलाई नेपालको सन्दर्भमा तीनै तहका विधायिकी निकायहरूको पारदर्शी अभ्याससँग जोडेर छलफल गर्नुपर्ने देखिन्छ ।

# संसदीय खुलापनका अभियानहरू

संसदीय सञ्चार प्रणालीमा वेबसाइट एक प्रमुख माध्यम हुन सक्ने बुझेर आजभन्दा २० वर्ष अगाडि सन् २००० मा नै आइपियुले संसदको वेबसाइटमा हुनुपर्ने आधारभूत मापदण्ड तयगरी सदस्य संसदहरूलाई सिफारिस पनि गरेको थियो। प्रविधिको निरन्तर विस्तार र विकासले इन्टरनेटमा आधारित यस्ता माध्यमहरूका स्वरूपमा पनि विविधता आएको छ भने वेबसाइटलाई पनि एक जीवन्त संवाद र सञ्चार माध्यमका रूपमा प्रयोग गर्न सकिने अवसर थपिएका छन् ।

संसदीय क्रियाकलापबारे नयाँ पुस्तालाई अवगत गराउन प्रभावकारी र सिर्जनशील संवादमूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिए त्यसले संसदप्रति आम नागरिकमा चासो र जागरूकता बढ्न जान्छ । धेरै देशमा यस्ता विविधखाले बाह्य संवाद (आउटरीच) कार्यक्रमहरू संसद स्वयमले संस्थागत ढङ्गले सञ्चालन गरेको देखिन्छ। खासगरी विद्यार्थी तथा युवा समुदायसँगको संसदीय संवाद तथा संसदीय नमुना अभ्यासलाई एक प्रभावकारी उपायका रूपमा मानिन्छ। संसदीय खुलापनको अभ्यासमा 'युवा-संवाद' एक हुनैपर्ने विषयमा रूपमा अवलम्बन गर्न अन्तर-व्यवस्थापिका परिषद्ले सदस्य संसद संस्थाहरूलाई सुझाव दिएको छ ।

यसैगरी शैक्षिक संस्थामा अतिरिक्त क्रियाकलाप अन्तर्गत संसदीय नमुना अभ्यासलाई अवलम्बन गरिनु उचित हुने सिफारिस परिषद्को छ। यसबाट संसदप्रतिको विश्वास बढ्ने, सार्वजनिक मामिला र राजनीतिप्रति आकर्षणहुने, भविष्यका लागि योग्य पुस्ता पनि तयार हुने तथा संसदका जानकारी पनि सहजरूपमा घरघरसम्म पुग्ने अनुभव विभिन्न देशहरूमा रहेको पाइन्छ ।

संसदीय खुलापनका संगठित अभियानहरू भने सन् २०११ मा खुला सरकार साझेदारी (Open Government Partnership) को स्थापना भएपछि प्रभावकारीरूपमा अगाडि आएको देखिन्छ । दक्षिण अमेरिकी संसदहरूले खुला संसद सञ्जाल नै बनाएर यो अभियानलाई अगाडि बढाएका छन् । फलस्वरूप, खुला सरकार साझेदारीमा खुला संसद कार्यसमूह (Working Group) नै स्थापना भयो भने संसदीय मामिलामा निगरानी

राख्ने नागरिक संस्थाहरूको विश्वव्यापी प्रयासमा संसदीय खुलापनको घोषणापत्र समेत जारी हुन पुगेको छ । यो घोषणपत्रलाई यतिबेलासम्ममा विश्वका ६० भन्दा बढी देशहरूबाट अनुमोदन भैसकेको छ । यो एक नागरिक-संसद साझेदारीको आधारपत्रका रूपमा विश्वव्यापी छलफल गरिने दस्तावेज बन्न पुगेको छ ।

संसदीय खुलापनको अभियानलाई सार्थक बनाउन The Open Parliament e-Network समेत अस्तित्वमा आएको छ । यस सञ्जालले खुला सरकार साझेदारी अन्तर्गतको संसदीय खुलापन कार्यसमूहसँग रचनात्मक साझेदारी गरेको छ ।

खुला सरकार साझेदारी अन्तर्गतको संसदीय खुलापन कार्यसमूह सन् २०१३ मा स्थापना भएको हो । चिलीको संसद कंग्रेस अफ चिली र नेसनल डेमोक्रेटिक इन्स्टिच्यूट (एन.डी आई.) यस कार्यसमूहका सहअध्यक्ष रहेका छन् । यस विश्वव्यापी खुला सरकार साझेदारी अन्तर्गत सदस्य राष्ट्रका संसदले खुलापन बढाउने प्रतिबद्धताहरू जाहेर गरेर सुधार अभियानलाई गति दिएका छन् ।

नेपाल सो साझेदारीमा नभए पनि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमसँगको सहकार्यमा संसदीय खुलापनका लागि नेपालको संसद र सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यो पहल संसदीय खुलापनको बढोत्तरी तर्फको प्रयास र प्रतिबद्धता नै हो ।

तर, खुला सरकार साझेदारीमा नेपलको सहभागिता हुनसके संसदीय खुलापनको अभिवृद्धिमा अझ धेरै सिकाई हुने र नेपालको तर्फबाट पनि थप योगदान हुने अवसर प्राप्त हुने थियो । व्यक्तिगतरूपमा सो कार्यसमूहका प्रस्तुतिहरूमा सहभागी हुनुभएका कतिपय नेपाली सांसदहरूको अनुभव निकै सकारात्मक रहेको पाइएको छ ।

एसियामा इन्डोनेसियाले खुला संसदसम्बन्धी छलफलको अगुवाइ गरिरहेको छ र नेपालका तर्फबाट पनि ती कार्यक्रममा संसदीय तहबाट नै सहभागिता हुँदै आएको छ । प्रमाणमा आधारित नीति तर्जुमाका लागि सक्षम संसद र सोको लागि नागरिक समाजसँग जीवन्त सहकार्य र साझेदारीको भावना बढाउन एसियाली विधायिकी संस्थाहरू प्रतिबद्ध रहेको बाली प्रतिबद्धता पनि सन् २०१८ मा जारी भएको छ ।

# संसदीय खुलापनका केही अभ्यासहरू

## जर्जिया: खुला संसद कार्य समूह

यस क्षेत्रमा खुला संसदका सिद्धान्तहरूको कार्यान्वयन प्रक्रिया शुरू गर्ने पहिलो राष्ट्र पनि जर्जिया हो । यस दोस्रो राष्ट्रिय कार्ययोजनामा कानुन निर्माणको प्रक्रियामा नागरिक सहभागितालाई सहयोग पुऱ्याउने प्रतिबद्धतालाई समावेश गरिएको थियो । यसअन्तर्गत समावेश गरिएका सुझावहरूमा मुख्यतया जर्जियाको संसदमा नागरिक उजुरीसम्बन्धी प्रणालीलाई स्थापित गर्ने र विधेयकको छलफलमा नागरिक सहभागितालाई सबलीकरण गर्ने जर्जियामा प्रजातान्त्रिक संसदीय अभ्यासलाई सुदृढ गर्ने र खुलापनलाई प्रवर्द्धन गर्न खुला संसद जर्जिया कार्यसमूहले विभिन्न प्रयासहरू गर्दै आएको छ । यो समूहको मुख्य ध्येय खुला संसदको सिद्धान्तलाई योजनाबद्धरूपमा कार्यान्वयन गर्ने जर्जियाको संसदलाई सहयोग पुऱ्याउनु रहेको छ । यो समूहसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउन जर्जियाको संसदले अन्तर-समूह पनि निर्माण गरेको छ । एघार जना सांसद् रहेको यस समूहले खुला सरकार सहकार्यमा जर्जियाको संसदलाई निरन्तर संलग्न गराउने र खुला संसदको सिद्धान्तलाई अभ्यासमा ल्याउने कार्यमा सहयोग पुऱ्याउन सो समूहले खुला सरकार जर्जिया कार्ययोजना निर्माणमा पनि सहयोग पुऱ्याउनुका साथै ओजीपी प्रक्रियामा जर्जियाको संसदलाई सहयोग पुऱ्याउँछ ।

यसबाहेक जर्जियाको संसदले खुला संसद जर्जिया कार्यसमूहका प्रतिनिधिसँग संसदीय खुलापनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरी खुला संसद सिद्धान्त कार्यान्वयन गर्ने जिम्मेवारी पनि लिएको छ । यसै सन्दर्भमा जर्जियाको संसदले संसदीय खुलापनको घोषणापत्रलाई अनुमोदन गरेको छ । ओजीपीको प्रारूपमा संसदीय खुलापनसम्बन्धी प्रतिबद्धतालाई सुस्पष्ट गर्न जर्जियाको नागरिक समाज संस्थाले खुला संसद प्रवर्द्धनमा नागरिक समाज र संसदले गरेको उत्कृष्ट अभ्यासहरूको अध्ययन पनि गरेको थियो ।

सेप्टेम्बर २०१५ देखि डिसेम्बर २०१६ सम्मका लागि तयार गरिएको जर्जियाको खुला संसद कार्ययोजनामा संसदीय क्रियाकलापमा नागरिक संलग्नता, संसदीय दस्तावेज र सूचनाको खुलापन, विधायकी विद्युतीय प्रक्रिया कार्यान्वयन, समितिका बैठकका

विषयहरूको उपलब्धता र संसदको वेबसाइट सञ्चालनमा संशोधन लगायतका विषय रहेका थिए । यी प्रतिबद्धतालाई नागरिक संलग्नता, सूचनामा पहुँच, नवप्रवर्तन र प्रविधि र जवाफदेहीता गरी चार विभिन्न समूहमा राखिएका थिए ।

नागरिक संलग्नता अन्तर्गतको प्रतिबद्धतामा जर्जियाका नागरिकलाई विधेयकको मस्यौदामा आफ्ना टिप्पणीहरू राख्न पाउने र संसदबाट पनि पृष्ठपोषण पाउने अवसरलाई पनि स्थान दिएको थियो । त्यसैगरी नागरिकले संसदीय क्रियाकलापमा सहभागिता जनाउने र आफ्ना विधायिकीको प्रस्तुति र प्रयासहरू प्रस्तुत गर्न पाउने अवसरलाई निश्चित गर्न विद्युतीय संयन्त्र निर्माण र जर्जियाको संसदको औपचारिक वेबसाइटमार्फत् सहयोगी संयन्त्रहरूको कार्यान्वयनको विषय पनि समेटिएको थियो । संविधानको प्रस्तावित संशोधनका सम्बन्धमा संसदीय प्रक्रियामा नागरिक संलग्नतालाई सबलीकरण गर्ने । संसदीय सत्र र समितिका बैठकहरूमा नागरिक उपस्थितिलाई सहजीकरण गर्ने र जर्जियाको संसदका क्रियाकलाप, भूमिका र प्रतिबद्धताका सन्दर्भमा नागरिक सचेतना निर्माण गर्ने लगायतका प्रतिबद्धता समावेश गरिएका छन् । सूचनाको पहुँचअन्तर्गतका प्रतिबद्धताहरूमा संसदीय दस्ताबेजहरूमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँचलाई सुनिश्चित गर्ने, संसदका वार्षिक प्रतिवेदन र समितिका निश्कर्षहरूको सार्वजनिक खुलासा गर्ने, संसदीय प्रक्रियामा नागरिक परामर्शको कानुनी प्रारूप तयार पार्ने, प्रारम्भिक मस्यौदा विधेयकमा भएका संशोधनको सामयिक प्रकाशन गर्ने तथा स्वःस्फूर्त खुलासा गर्नुपर्ने सूचनाका सूची पुनरावलोकन गर्ने रहेका छन् ।

प्रविधि र नवप्रवर्तन अन्तर्गतका प्रतिबद्धताहरूको मुख्य ध्येय सक्रिय नागरिक सहभागितालाई प्रवर्द्धन गर्ने गरी नयाँ प्रविधि र नवप्रवर्तनका अवधारणालाई अवलम्बन गर्ने रहेको छ । संसदीय दस्तावेजलाई संसदको वेबसाइटमा नागरिकले प्रयोग र पुनः प्रयोग गर्न सक्ने स्वरूपमा राख्ने र युवा अल्पसंख्यक र अन्य सरोकारवालाको संलग्नतालाई अभिवृद्धि गर्ने गरी नवप्रवर्तन र प्रविधिका प्रयोगलाई प्रवर्द्धन गर्ने रहेका छन् ।

त्यसैगरी, खुलापन र पारदर्शितासम्बन्धी संसदीय परिषदको स्थापना गर्ने, नागरिक समाजसँग वार्षिक बैठक गर्ने विषयलाई बाध्यकारी बनाउने, नागरिक समाज संस्थाको विकासका लागि राज्यको नीतिगत अवधारणा निर्माण गरी अवलम्बन गर्ने र सांसदको

आचारसंहितालाई विस्तृत गर्ने लगायतका प्रतिबद्धतालाई स्थान दिइएको थियो। जर्जिया सन् २०१२ मा खुला सरकार साझेदारीको सदस्य बनेको हो । खुला सरकारसम्बन्धी पहिलो कार्ययोजना (२०१२-१४) मा जर्जियाले सूचनाको स्वतन्त्रतासम्बन्धी कानुन र अभ्यासमा सुधार, भ्रष्टाचार विरोधी व्यवस्था, नागरिक संलग्नताका संयन्त्र निर्माण र सार्वजनिक सेवाको सुदृढीकरण लगायतका महत्वाकाङ्क्षा र प्रतिबद्धतालाई अघि सारेको थियो । राष्ट्रिय कार्ययोजनाका रूपमा तयार पारिएका प्रतिबद्धताको कार्यान्वयनको परिणामस्वरूप जर्जियामा सूचनाको स्वःस्फूर्त खुलासालाई खुला सरकारको एक महत्वपूर्ण औजारको रूपमा स्थापित गर्‍यो ।

खुला सरकार जर्जिया मञ्च खुला सरकार साझेदारीप्रवर्द्धनका लागि जर्जियाको न्याय मन्त्रालय अन्तर्गत स्थापना गरिएको एक राष्ट्रिय संयोजन संयन्त्र हो । सरकार, नागरिक समाज र बहुपक्षीय निकायको प्रतिनिधित्व रहेको यस संयन्त्रमा खुला सरकार साझेदारीका सबै विषयहरू छलफल र परामर्श हुन्छन् र यसले कार्ययोजना निर्माणको चरणमा नागरिक परामर्श प्रक्रियाको योजना बनाउने तथा संयोजन गर्ने, नागरिक सचेतना निर्माण गर्ने र प्रतिबद्धताहरूको कार्यान्वयनको प्रक्रियामा सहयोग गर्ने काम पनि गर्दछ। जर्जियामा अभ्यासमा रहेको यो मञ्चलाई खुला सरकार निर्माणमा सरकार नागरिक समाज साझेदारीएक विशिष्ट उदाहरणको रूपमा मानिन्छ।

जर्जियाले दोस्रो राष्ट्रिय कार्ययोजना (२०१४-१६) मा अझ महत्वाकाङ्क्षी र समावेशी प्रतिबद्धताहरूलाई अगाडि सारेको थियो । यसअन्तर्गत समावेश गरिएका महत्वपूर्ण प्रतिबद्धताहरूमा जर्जियाको सूचनाको हकसम्बन्धी कानुनको मस्यौदा तयार पार्ने, खुला तथ्याङ्क पोर्टलको निर्माण गर्ने र सर्वोच्च अदालतमा रहेको गोप्य निगरानीसम्बन्धी तथ्याङ्कहरू सार्वजनिक गर्ने लगायतका थिए ।

जर्जियाको खुला सरकार प्रवर्द्धनमा सरकार र नागरिक समाज दुवैले महत्वपूर्ण संयन्त्रको भूमिका निर्वाह गरेका छन्। खुला सरकारको मापदण्ड र मूल्य मान्यतालाई सक्रियरूपमा प्रवर्द्धन गरेकाले जर्जिया ओजीपीको सेप्टेम्बर २०१४ देखि जुन २०१५सम्मको सञ्चालक समितिको सदस्यका रूपमा मानोनित भएको थियो ।

## केन्या: संसद र नागरिक सहभागिता

खुला सरकार पारदर्शितामा मात्र सीमित नरही सहभागिताको व्यापक क्षेत्रमा पनि प्रवेश गर्दछ। पारदर्शिता नागरिक सरकारले के कामकारबाही गरिरहेको छ भनेर हेर्ने आँखीझ्याल हो भने खुला सरकार नागरिक आवाजलाई स्थान दिने संयन्त्र हो जसमा सरकारका कामकारबाही कसरी सञ्चालन भएका छन् भन्ने अन्तरदृष्टि राखिन्छ। नागरिक सहभागिता अफ्रिकी महाद्वीपमा नयाँ विषय होइन । विगत डेढ दशक अघिदेखिनै सहभागिताको विषय लोकतन्त्रको केन्द्रीय तत्वको रूपमा स्थापित भई मौलिक अभ्यासको रूपमा रूपान्तरण भइसकेको छ। सहस्राब्दीको शुरूवातमा जारी गरिएको पचासौं सोलेम्न घोषणापत्र (Solemn Declaration) मा अफ्रिकी सङ्घका सदस्यहरूले लोकतान्त्रिक निर्वाचनमार्फत् नागरिक सहभागिताको क्षेत्रलाई व्यापक बनाउँदै जवाफदेहीता र पारदर्शिता सुनिश्चित गर्नुपर्ने विषयलाई राखिएको छ। त्यसैगरी सन् २०१२ मा कार्यान्वयनमा आएका लोकतन्त्रका अफ्रिकी बडापत्र सुशासनका लागि निर्वाचनको धारा २ ले सार्वजनिक मामिलाका व्यवस्थापनमा नागरिक सहभागिता पारदर्शिता, सूचनाको पहुँच, प्रेस स्वतन्त्रता र जवाफदेहीता अभिवृद्धि गर्न आवश्यक शर्तहरूको परिपूर्ति गर्ने विषयलाई प्राथमिकताका साथ उठान गरेको छ । यी घोषणापत्र र बडापत्र बाहेक पनि सेवाप्रवाह र प्रशासनको मूल्यमान्यता र सिद्धान्तसम्बन्धी अफ्रिकी बडापत्र र विकेन्द्रीकरण, स्थानीय शासन र स्थानीय विकासका मूल्यमान्यता र सिद्धान्तसम्बन्धी अफ्रिका बडापत्रले पनि नागरिक सहभागिता पारदर्शी र जवाफदेहीताको केन्द्रीयतालाई महत्व दिएको छ । अफ्रिकी मुलुकको विभिन्न संयन्त्र, संविधान र संस्थाहरूको प्रारूपमा यी विषयहरू समावेश हुनुले पनि अफ्रिकाले कुन हदसम्म खुला सरकारको सिद्धान्तलाई आत्मसात गरेको रहेछ भन्ने स्पष्ट हुन्छ । 'खुला सरकार' भन्ने शब्दावलीको अनुपस्थितिमा पनि अफ्रिकाले खुलापनका अभ्यासहरू गरिरहेको छ भन्ने सन्देश नै महत्वपूर्ण छ ।

अफ्रिकामा खुला सरकारको स्थिति र OGP मा प्रारम्भिक संलग्नताको विषयमा देखिएका दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अफ्रिकी महाद्वीपका मुलुकहरूले व्यक्त गरेको प्रतिबद्धताअनुरूप लोकतन्त्र र सुशासनको सुदृढीकरण पूरा हुनका लागि विधायिकीको निर्वाचन प्रक्रियामा सहयोग महत्वपूर्ण छ । संसदको खुलापनले निर्वाचनको खुलापनलाई सहयोग पुऱ्याउँछ र यदि विश्व

समुदायले अफ्रिकामा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछन् भने खुला सरकार अवधारणाको एउटा समयसापेक्षिता क्षेत्र निर्वाचन प्रक्रियाको खुलापन नै हुनेछ ।

खुला सरकारलाई मूलप्रवाहीकरण गर्ने प्रयासमा नागरिक सहभागिता सहितको लोकतन्त्र र सुशासनप्रति प्रतिबद्ध संसद र यसका सदस्यहरू अत्यन्तै महत्वपूर्ण हुन्छन् । संसदको सहयोगविनाको कार्यकारीमा मात्र केन्द्रित खुला सरकार प्रयासहरूले न्यून सहभागिता वा स्रोतको सीमित बाँडफाँड लगायतका समस्याबाट स्वतन्त्र रहन सक्दैन । त्यसकारण खुला सरकार प्रयासको केन्द्रीय भागमा संसद र संसदीय खुलापनलाई राख्नु मननीय छ ।

दिगो विकास लक्ष्य (२०१५-२०३०) प्राप्तिको अभियानमा निर्णय प्रक्रिया र कार्यान्वयनको मामिलामा नागरिक सहभागितालाई महत्व दिइएको छ । तर कार्यकारीको कामकारबाहीमा सुपरीवेक्षण गर्ने वा निगरानी राख्ने औपचारिक निकाय हो संसद । संसद मात्र एउटा त्यस्तो निकाय हो जसले नागरिकको अभिमतलाई शासकीय मामिलामा प्रतिबिम्बित गराउने महत्वपूर्ण नागरिकको भूमिका प्रदान गर्दछ । दिगो विकास प्राप्ति र प्रगतिको अनुगमन तथा समीक्षाका लागि पनि नागरिक सहभागिता महत्वपूर्ण रहन्छ र संसदले मात्र विभिन्न स्थायी संयन्त्रहरू सिर्जना गरी यी विकास लक्ष्य प्राप्तिको अनुगमनमा नागरिक आवाज मुखरित गर्दछ । त्यसकारण अफ्रिकी नागरिक जीवनको गुणात्मक विकास वृद्धिका लागि पनि संसदको खुलापनले धेरै महत्व राख्दछ । यहाँ आफूले प्रतिनिधित्व गर्ने दुईवटा सिद्धान्तको वकालत गर्दछ ।

### सिद्धान्त नं १: खुलापनको कानुन

कानुनमार्फत् नागरिकलाई प्रवाह गर्ने सेवाको मुख्य जिम्मेवारी सरकारको भए पनि कानुनसम्मत रूपमा काम भए नभएको सुनिश्चित गर्ने जिम्मेवारी संसदको हो । न्यायालयको जिम्मेवारी ती कानुनहरू सही ढङ्गले पालना भएका छन् छैनन् भनेर हेर्ने हो । सेवाप्रवाहको सुदृढीकरण र सदाचार अभिवृद्धि गर्नुपर्ने निकायहरूका लागि आधारशीला तयार गर्ने जिम्मेवारी संसदको हो ।

खुलापनको यो सिद्धान्तअन्तर्गत सूचनाको पहुँच र तथ्याङ्कीय गोपनीयतासम्बन्धी कानुनको निर्माण राजनीतिक दलहरूको पारदर्शी, जवाफदेही र सहभागितामूलक

व्यवस्थापन र स्वतन्त्र, निष्पक्ष, जवाफदेही र पारदर्शी निर्वाचन प्रक्रिया सुनिश्चित गर्ने कानुनको निर्माण लगायतका विषय छन् ।

### सिद्धान्त नं.२: कानुन निर्माणमा खुलापन

खुलापनप्रति प्रतिबद्धता जनाउने र त्यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी पनि संसदको हो । कानुन निर्माणमा जनसहभागितालाई सबलीकरण गर्ने, संसदीय छलफल र गतिविधि खुला र पारदर्शी बनाउने कामहरू यो सिद्धान्तअन्तर्गत रहन्छन् ।

### खुला संसदको यात्रामा मेक्सिको: मूल्याङ्कनको एक अनुभव

खुला सरकार प्रवर्द्धनका सम्बन्धमा मेक्सिकाली विधायिकी अधिकारका विशेषताहरू, समितिका पद्धतिहरू र संसदीय बजेटको विषयलाई यहाँ समेटिएको छ ।

### सदनको मूल्याङ्कनका चुनौतीहरू:

कुनैपनि लोकतान्त्रिक प्रणालीको पृष्ठपोषणका मौलिक अंश नै नागरिक हुन् । सार्वजनिक सरोकारका विषयमा सहभागी हुनका लागि आवश्यक पर्ने गुणात्मक सूचनाहरू के नागरिककोपहुँचमा छन्? के नागरिक समाजसंस्था र अन्य बौद्धिक समुदायले नागरिकलाई पृष्ठपोषण गर्ने भूमिका निर्वाह गरेका छन् ? के कुनै निकायले नागरिकको अवस्थामा सुधार ल्याउन उनीहरूको पहुँच र प्रभावका मापन गरेका छन् ?

## मेक्सिको: संसदीय खुलापनको अभियान

मेक्सिकोमा डेढ दशकभन्दा अघिदेखि सङ्घीय संसदका गतिविधिहरूको मूल्याङ्कन गर्ने केही मापदण्ड अभ्यासमा ल्याइएको छ । मेक्सिकोमा संसद स्थापना भएको २०० वर्षभन्दा धेरै समय भए पनि यसको सञ्चालन, पारदर्शिता र मूल्याङ्कनको कसीमा परिणाम उत्साहजनक छैन । संसदीय जीवनको दुई शताब्दीको महत्वपूर्ण समयलाई उत्सवको रूपमा मनाइरहँदा भने मेक्सिकोमा अहिले पनि १६-१७ वर्षको संसदीय किशोरावस्थामा रहेको बताउँछन् नागरिक अगुवाहरू । उदाहरणका लागि, संसदीय समिति र मूल सत्रमा भइरहेका संशोधनको विषयमा बेखबर रही कानुनी प्रयासहरूलाई मूल्याङ्कनका सूचीमा राख्ने र समितिका क्रियाकलापहरूको जानकारी नै नलिई संसदको मूल सदनको उपस्थितिलाई मात्र निगरानी राख्नु ।

यसै सन्दर्भमा आउँछ नागरिक समाजको भूमिका जसले वस्तुनिष्ठ, यथार्थ अवलोकन गर्ने सामर्थ्य राख्दछ । खुला संसदको मूल्याङ्कन, अनुगमन र कार्यान्वयन संसदीय संस्थाहरूको गहिरो विश्लेषण गर्ने एक महत्वपूर्ण अवसर हो । यसका लागि हामीलाई खुला, सुदृढ र विशिष्टीकृत विधि आवश्यक पर्दछ जुन केही सीमित व्यक्ति र संस्थाको मात्र पहुँचमा नभइ आमसञ्चार र नागरिक समाज संस्थाले पनि प्रयोग गर्न सकुन् । यसको मुख्य उद्देश्य भनेको नागरिक, राजनीतिक संस्कारलाई मुखरित गरी प्रतिनिधित्वको गुणात्मक पक्षलाई सुदृढ गर्नु रहेको छ ।

सार्वजनिक कामकारबाहीको सुपरीवेक्षण गर्ने, मूल्याङ्कन गर्ने र अनुमोदन गर्ने जिम्मेवारी नागरिकले कानुनी व्यवस्था र मिडियाको सहयोगले परिपूर्तिगर्दछन् । सौभाग्यबस, पारदर्शिता माग गर्ने सन्दर्भमा सामाजिक सञ्जालहरू महत्वपूर्ण सावित भएका छन् । मेक्सिकोले सन् २०१३ मा संसदमार्फत् नै विश्वव्यापी संसदीय खुलापनको घोषणापत्रलाई अनुमोदन गरिसकेको छ । साथै यसले घोषणापत्रका मुख्य चार उद्देश्यहरू १) पारदर्शिता संस्कृतिको प्रवर्द्धन, २) संसदीय सूचनाको पारदर्शिता, ३) सूचनाको पहुँचमा सहजीकरण र ४) सूचनामा विद्युतीय पहुँच र विश्लेषण परिपूर्ति गर्ने प्रतिबद्धताहरू पनि जनाइसकेको छ । संसदीय सचिवालयका आधिकारिक प्रतिनिधिहरूले संसदको वेबसाइट सुधारको प्रतिबद्धता यसैको परिणाम हो । संसदको वेबसाइटमा दुवै सदनका क्रियाकलापसम्बन्धी सूचना र जानकारी राखिएको भए पनि खुला तथ्याङ्क ढाँचामा भने राखिएका थिएनन् । संसदीय समितिले सम्पादन गरेका कामकारबाहीको जानकारी पनि सर्वसाधारणको पहुँचमा रहने गरी राखिएका थिएनन् न त कार्यसम्पादन प्रतिवेदनहरू नै पूर्ण थिए । यही कुरा संसदीय समूह र सरकारी निकायका सन्दर्भमा पनि लागू भएका थिए । यसले संसदहरूले (लेखा समितिका क्षेत्राधिकार भन्दा माथि गएर) कार्यकारी अधिकारको अनुगमन गर्ने कानुनी व्यवस्थालाई अभ्यास गरेका छन् कि छैनन् भन्ने सूचकको अनुपस्थिति देखिन्छ । खुला संसदलाई आत्मसात गर्ने सन्दर्भमा नागरिकको संसदीय सूचना प्राप्त गर्ने सम्बन्धमा भोल्नु परेका उल्झनहरू मुख्य चुनौतीका रूपमा रहेका छन् ।

खुला सरकारको अवधारणाले पारदर्शिता, सहभागिता र सहकार्यको मर्मलाई दर्शाउँछ । सूचनाको खुला र व्यवस्थित प्रवाहले यसको सही विश्लेषण गर्न र प्रभावकारी लोकतन्त्रको महत्वपूर्ण हिस्साका रूपमा रहेको संसदसँग नागरिक सहकार्य

गर्न आवश्यक हुन्छ । यसले सरकारका कामकारबाहीमा नागरिक सहभागिताका अधिकारलाई अन्तर्राष्ट्रिय मापदण्डका रूपमा रहेको सूचनाको हक वा पहुँचलाई स्थापित गर्दछ । यो विषयमा मेक्सिकोले जुन १०, २०११ मा संवैधानिक सुधारको घोषणा सार्वजनिक गर्दै संविधानका अन्तर्य र मर्म अनुरूप मानव अधिकारका मूल्यमान्यताको व्याख्या गर्ने र नागरिक अधिकार रक्षाको व्यापकतालाई स्वीकार गर्दै अन्तर्राष्ट्रिय मान्यतालाई आत्मसात गर्ने विषयलाई प्राथमिकतामा राख्यो ।

संसदीय खुलापनको घोषणापत्रमा संसदीय क्रियाकलाप अनुगमन गर्नेक्रममा विभिन्न ४४ वटा लक्ष्यहरू तय गरिएका थिए। यसमा निगरानीमार्फत् पारदर्शिताको संस्कृतिलाई प्रवर्द्धन गर्ने, प्रभावकारी संसदीय निगरानी बढाउने, पूर्ण र समय सापेक्षित सूचना प्रवाह गर्ने, संसदका सदस्य र सचिवालयका सूचना प्रदान गर्ने, खुला र पहुँचयोग्य ढाँचामा सूचना सार्वजनिक गर्ने र नागरिकसँग दोहोरो संवाद हुने संयन्त्र स्थापना गर्ने लगायतका विषयहरू समावेश गरिएका थिए । संसदीय पारदर्शिताको मुख्य उद्देश्य यो संस्था र सदस्यहरूले गर्ने कामकारबाही, उनीहरूको काम, कर्तव्य र अधिकार, निर्णय-प्रक्रिया, मत-अभिमत, सार्वजनिक बजेटको प्रयोग, अनुसन्धान र नागरिकको प्रतिनिधित्वको कार्यलाई सुदृढ गर्ने प्रयास र परिणामसम्बन्धी जानकारी प्रदान गर्नु हो । खुला तथ्याङ्क, संसदको कानुनी तथा संवैधानिक अधिकारअन्तर्गत संसदको वेबसाइटमा विभिन्न सात प्रकारका सूचनाहरू समावेश हुनु पर्दछ ।

क) सदनको कामकारबाही (ख) कार्य सम्पादन (ग) बजेट र नियन्त्रण (घ) नागरिकको अपनत्व (ङ) पारदर्शिता (च) अन्तर्क्रियात्मक (छ) खुला तथ्याङ्क ।

खुला तथ्याङ्कअन्तर्गत मात्र विभिन्न १९ प्रकारका डाटासेट राखिनु पर्दछ। यसअन्तर्गत सम्झौतापत्र, क्रियाकलापको समयतालिका, समिति र सदनका बैठकहरूमा उपस्थिति, मञ्चहरू, बजेट प्रतिवेदन, विधायिका प्रतिवेदन, कानुनी प्रयास, अन्तर्राष्ट्रिय कानुनी संयन्त्र, समिति एकीकरण, अनुसन्धान, नियुक्ती र अनुमोदन, अभिमत र विश्लेषण, विवरणहरू, प्रकाशन, सम्झौताका विवरणहरू, प्रकाशन, सम्झौताका बिन्दुहरू र सहभागिताका विषयहरू रहेका छन् ।

# खुलापनको लागि नैतिक आचरणको नियम

संसदीय खुलापन, सदाचार प्रवर्द्धन अभियान पनि हो । सांसदहरूको नैतिक आचरणको पक्ष ज्यादै महत्वपूर्ण राजनीतिक विषय हो । जनप्रतिनिधिहरूको व्यवहार र आचरणले सिङ्गो समाज र प्रणालीलाई दिशाबोध गर्ने भएकाले प्रत्येक विधायिकी संस्थाले सांसदहरूका नैतिक आचरणका मापदण्डहरू बनाएर अभ्यासमा ल्याएका हुन्छन् । जस्तो- नेपालमा सङ्घीय संसद र प्रदेश सभा दुवै तहका सदनका नियमावलीमा सदस्यहरूको आचरणसम्बन्धी प्रावधानहरू राखिएका छन् । संसदको कारबाही सञ्चालनका क्रममा हुनुपर्ने आचरणलाई केन्द्रित गरिएका ती नियमहरूले सांसदको आचरणलाई केही पक्षमा दिशाबोध गराएको छ । प्रतिनिधिसभा नियमावलीको नियम २१६ र राष्ट्रियसभा नियमावलीको नियम १८९ मा ८-८ बुँदामा आचरणका नियमहरू उल्लेख छन् ।

संसदीय खुलापनका लागि कार्यरत खुला सरकार साझेदारी (OGP) को खुला संसद कार्यसमूह र संसदीय निगरानीमा कार्यरत नागरिक संस्थाहरूको साझा पहल openingparliament.org ले संयुक्तरूपमा सांसदहरूका लागि नैतिक आचरणका केही साझा मापदण्डहरू पनि तय गरेको छ । ती मापदण्ड निम्न ५ बुँदामा सङ्ग्रहित छन् ।

१) लोकतन्त्र, मानव अधिकार र कानुनी शासनको संरक्षण
२) सार्वजनिक हितको सेवा
३) सार्वजनिक सदाचारको सुनिश्चितता
४) व्यवसायिकता
५) विविधता र बहुलवादका मूल्यहरूको पालन

उपरोक्त ५ शीर्षक अन्तर्गत १६ विषयमा ४४ वटा आचरणका साझा नियमहरू बनाइएका छन् । यीनियमहरू खुला संसदको अभ्यासलाई सबलीकरण गर्न सहयोगी अनुकरणीय सामग्री हुन सक्छन् । खुला संसदको मान्यतामा क्रियाशील संसदहरूका लागि आफ्ना आचरणका नियमहरू तर्जुमा गर्न पनि ती बुँदाले दिशाबोध गर्दछन् । खुला सरकार साझेदारीको अभियानमा आबद्ध भएका र नभएका दुवैखाले देशका संसदहरूले यस्ता आचरण पद्धतिहरूलाई सुदृढ गराउँदै लैजान सकेमा संसदप्रतिको जनविश्वास बढाउन मद्दत पुग्नेछ ।

# पारदर्शी अभ्यासमा मिनी संसद्

**– नारायण काफ्ले**

खुला संसद्बारे पछिल्लो चरणमा बहस बढेका छन् । संसदीय सूचनाको सहज पहुँचलाई पनि खुला संसद्को बहससँग जोडिने गरेको छ । तर, संसदीय अभ्यासले खुलापनको बहस आत्मसात् गरिसकेको छैन । सूचनाको हकसम्बन्धी ऐनले तोकेको प्रत्येक तीन महिनामा सूचना स्वतः सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि सङ्घीय संसद् र मातहतका कतिपय निकायले पालना गरेका छैनन् । तर, केही समितिले भने सूचना स्वतः सार्वजनिकमा नमुना प्रयोग नै गरेका छन् ।

सङ्घीय संसद्मा हाल संयुक्तसमेत गरी १६ वटा समिति छन् । प्रतिनिधि सभामा दस र राष्ट्रिय सभामा चारवटा विषयगत समिति छन् । संयुक्त समिति दुईवटा छन् । तीमध्ये केही समितिले भने सूचना तथा विवरणको स्वतः सार्वजनिकमा नयाँ अभ्यास थालनी गरेका छन् ।

सङ्घीय संसद्ले हालसम्म सार्वजनिक गर्न 'नरुचाएको' सांसदहरूको उपस्थितिको विवरण पनि मिनी संसद्ले सार्वजनिक गरेका छन् । धेरै समितिले बैठकको सूचना, निर्णय, विधेयकहरूको प्रतिवेदन नियमित सार्वजनिक गरे पनि प्रतिनिधि सभाको कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिले भने सांसदको उपस्थितिसमेत सार्वजनिक गर्ने गरेको छ । उक्त समितिमा तत्कालीन संविधान सभा उपाध्यक्षसमेत रहनुभएकी पूर्णाकुमारी सुवेदी सभापति हुनुहुन्छ । कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिका उपसचिव सञ्जय दाहालले समितिले आफ्ना गतिविधि, निर्णय र प्रकाशनसमेत वेब पेजमै सार्वजनिक गर्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले बैठकका

सूचना, निर्णय, सांसदहरूको उपस्थिति विवरणसमेत यथाशक्य छिटो वेबसाइटमै प्रकाशन गर्ने गरेका छौँ । उपस्थिति र निर्णय बैठककै दिन सार्वजनिक गर्ने गरिएको छ । कुनै बेला प्राविधिक समस्या आएमा फरक विषय हो ।"

सङ्घीय संसद्का प्रवक्ता डा. रोजनाथ पाण्डेले सूचनाको हकसम्बन्धी ऐनले गरेको व्यवस्थाअनुसार स्वतः सूचना सार्वजनिकलाई सचिवालयले बढवा दिएको बताउनुभयो । डा. पाण्डेले भन्नुभयो, "स्वतः सूचना सार्वजनिक सचिवालयको नीति नै हो । हामीले यसलाई चरणबद्ध रूपमा कार्यान्वयनमा लगेका छौँ । धेरै समितिले स्वतः सूचना सार्वजनिकको अभ्यासलाई बढावा दिएका छन् ।"

## कुन समितिमा के अभ्यास ?

बैठकको प्रत्यक्ष प्रसारणलाई कुनै पनि समितिले अङ्गीकार गरेका छैनन् । तर, सूचनाको हकले प्रत्याभूत गरेको सार्वजनिक सूचनाको स्वतः प्रवाहमा भने केही समितिले अभ्यास गरिरहेका छन् । यसमा सबैभन्दा अगाडि प्रतिनिधि सभाको कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति छ । समितिले समितिका गतिविधि, प्रकाशन र सांसदका उपस्थिति पनि सार्वजनिक गरेको छ । अध्ययन प्रतिवेदनहरू प्रायः समितिले सार्वजनिक गरे पनि हाजिरी र दैनिक निर्णय विवरण सार्वजनिक भने कृषि समितिले मात्र नियमित गरिरहेको छ । प्रायः समितिहरूले समितिको बैठकको सूचना, वार्षिक प्रतिवेदन, समितिको निर्णय विवरण सार्वजनिक गरेका छन् ।

प्रतिनिधि सभाको अर्थ समितिले समितिको वार्षिक प्रतिवेदन, केही निर्णय र केही विधेयकका प्रतिवेदन भने आफैँले सार्वजनिक गरेको छ । अन्य विवरण भने समेटिएको छैन । यस्तै उद्योग वाणिज्य समितिले पनि विधेयकका पुराना प्रतिवेदन सबैको पहुँचमा उपलब्ध गराएको छ तर बैठकका सूचना, निर्णय भने वेब पेजमा सार्वजनिक गरेको छैन ।

राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकका प्रतिवेदन वेब साइटमा प्रकाशन गरेको छ । बैठकका निर्णय र अन्य विवरण भने कमै मात्र अपलोड भएका छन् । हालै पारित भएका प्रहरी समायोजना र नेपाल प्रहरी तथा प्रदेश प्रहरीको समन्वयसम्बन्धी विधेयकको प्रतिवेदन राज्य व्यवस्थाले वेबमै प्रकाशन गरेको छ । बैठकका जानकारी भने समितिले नियमित रूपमा प्रकाशन गरिरहेको छ । सांसदको उपस्थितिलगायतका विवरण भने समितिले सार्वजनिक गर्ने गरेको छैन ।

वि.सं. २०७५ माघयता महिला तथा सामाजिक समितिले बैठकका कुनै पनि निर्णय सार्वजनिक गरेको छैन । वार्षिक प्रतिवेदन, विधेयकको प्रतिवेदनलगायतका कुनै पनि गतिविधि समितिले उपलब्ध गराएको छैन ।

## चार समितिका छैनन् गतिविधि

मिनी संसद्का कुनै पनि गतिविधि वेबमा सार्वजनिक नगर्ने चार समिति छन् । तिनमा सरकारको सार्वजनिक लेखाको निगरानी गर्ने प्रतिनिधि सभाको लेखा समितिसमेत छ । २०७५ माघमा पछिल्लो पटक समिति बैठकको सूचना सार्वजनिकपछि कुनै पनि गतिविधिबारे समितिको वेबपेजमा जानकारी पाइन्न ।

प्रतिनिधि सभाकै विकास तथा प्रविधि समितिले कुनै पनि सामाग्री प्रकाशन गरेको छैन । प्रतिनिधि सभाकै शिक्षा तथा स्वास्थ्य समितिले पनि कुनै पनि जानकारी वेबमा प्रकाशन गरेको छैन । कानुन न्याय तथा मानवअधिकार समितिले पनि समितिका कुनै गतिविधि आफैंले वेबमा सार्वजनिक गरेको छैन ।

सङ्घीय संसद्को संयुक्त समितिमध्ये एक संसदीय सुनुवाइ समितिले आफ्ना निर्णय भने वेबमा प्रकाशन गरेको छ । संयुक्त समितिमध्ये राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिले एकमात्र प्रतिवेदनमा वेबमा प्रकाशन गरेको छ ।

राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले बैठकका निर्णय नियमित वेबमा प्रकाशन गर्ने गरेको छ । बैठक र निर्णय भने समितिको नियमित छ । अन्य विवरण भने सार्वजनिक छैन । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले निर्णय सार्वजनिक गरे पनि अन्य गतिविधि प्रकाशन गरेको छैन । राष्ट्रिय सरोकारका केही स्थलगत अनुसन्धान र केही निर्णय सार्वजनिक गरेको छ ।

सार्वजनिक रूपमा स्वतः सूचना प्रकाशनलाई समितिहरूले उपयोग गरे पनि तत्काल र प्रभावकारी भने कमै छन् । समितिका निर्णयसमेत तत्काल सार्वजनिक भने भएका छैनन् । प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैतर्फका बहुसङ्ख्यक समितिले निकै ढिला मात्र निर्णय अपडेट गरेका छन् ।

स्रोतः गेरखापत्र दैनिक, काठमाडौं, साउन ३२, २०७६ ।

# संसदीय खुलापनसम्बन्धी घोषणापत्र

सन् २०१२ अप्रिल ३० देखि मे २सम्म भएको सम्मेलनमा संसदीय अनुगमनमा कार्यरत ३८ देशका संगठनहरूले एकै मञ्चमा भेला भई संसदीय पारदर्शिता, पुनः प्रयोग गर्न सकिने सूचनामा पहुँच तथा संसदीय व्यवहारको अनुगमनका लागि संसदीय असल अभ्यासको आदानप्रदान तथा यसका अन्य उपयुक्त विधि र तौरतरिकालाई प्रोत्साहन गर्ने रणनीतिको वकालत गरेका थिए ।

www.openingparliament.org तथा संसदीय खुलापनको घोषणापत्र उक्त सम्मेलनको परिणाम हो । यस घोषणापत्रको अन्तिम प्रारूप १५ सेप्टेम्बर २०१२ को रोममा सम्पन्न ई-पार्लियामेन्ट कन्फेरेन्समा विमोचन गरिएको थियो ।

### कार्यकारी शारांस

संसदीय खुलापनसम्बन्धी घोषणापत्र नागरिक समाजको संसदीय अनुगमन संगठनहरू राष्ट्रिय संसदहरू, उपराष्ट्रिय तथा अन्तरदेशीय विधायिकी निकायहरूका लागि खुलापनसम्बन्धी प्रतिबद्धता तथा संसदीय गतिविधिमा नागरिक सहभागिता बढाउन गरिएको आह्वान/अपील हो ।

नागरिकसमक्ष संसदीय सूचनाको पहुँच बढाउन, संसदीय प्रक्रियामा सहभागिताका लागि नागरिकको क्षमता अभिवृद्धि गर्न तथा संसदीय उत्तरदायित्वको सुदृढीकरण गर्ने सन्दर्भमा संसदीय अनुगमन संगठनहरूको महत्वपूर्ण भूमिकाको सराहाना गरिन्छ । सरकारी तथा संसदीय सूचनामा व्यापक पहुँच बनाउन तथा संसदीय सुधारका क्षेत्रमा विश्वभरका संसदहरूसँग आपसी संवादलाई बढावा दिनु यसको प्रमुख उद्देश्य हो । यस घोषणापत्रले कुनै कामका लागि अपील मात्र नगरी संसदहरू तथा नागरिक

समाजको संसदीय अनुगमन संगठनहरूबीच संवादको आधार तय गर्ने उद्देश्य समेत लिएको छ । यसले सरकार र संसदीय खुलापनलाई बढावा दिनुका साथै यस खुलापनले नागरिकको सहभागितालाई व्यापक बनाउँछ । प्रतिनिधिमूलक निकायहरूलाई अझ जिम्मेवार बनाउँछ तथा अन्ततः एक समुन्नत लोकतान्त्रिक समाज निर्माणलाई सुनिश्चित गर्दछ ।

## संसदीय खुलापन घोषणापत्रका क्षेत्र

### क. खुला संस्कृतिको प्रवर्द्धन:

संसदीय सूचना आम नागरिकको हो । कानुनद्वारा निर्धारित सीमालाई ध्यान दिँदै संसदीय सूचनाको पुनः प्रयोग वा पुनः प्रकाशन गर्न सकिन्छ । संसदीय खुलापनको संस्कृति सबल बनाउन संसदले नागरिकको समावेशी संलग्नता तथा स्वतन्त्र नागरिक समाजको सुनिश्चितता गर्ने मापदण्ड तय गर्नु पर्दछ । स्वतन्त्र नागरिक समाजले निगरानीमार्फत् प्रभावकारी संसदीय अनुगमन तथा सक्रिय रूपमा यी अधिकारहरूको संरक्षणलाई सबल बनाउनु पर्दछ । संसदले नागरिकको संसदीय सूचनामा पहुँचको अधिकारको कानुनी विकल्पलाई समेत सुनिश्चित गर्नु पर्दछ । संसदीय गतिविधि तथा कामकारबाहीबारे नागरिकको बुझाइ प्रवर्द्धन गर्ने तथा खुलापन र पारदर्शिता वृद्धि गर्ने, अन्य संसदहरूसँग असल काम र व्यवहारको अनुभव आदानप्रदान गर्ने सकारात्मक जिम्मेवारी पनि संसदको हो । संसदले संसदीय सूचना पूर्ण, सही र सामयिक छ भन्ने सुनिश्चित गर्न नागरिकसँग मिलेर गर्नु पर्दछ ।

### ख. संसदीय सूचनाको पारदर्शिता:

संसदले संसदीय सूचनाको सक्रिय प्रकाशनलाई सुनिश्चित गर्ने नीतिहरू अवलम्बन गर्नु पर्दछ, साथै असल अभ्यासमार्फत् भएका सिकाइबाट फाइदा लिन आवधिकरूपमा समीक्षा समेत गर्नु पर्दछ ।

सूचनाअन्तर्गत संसदको भूमिका तथा कामहरू, विधायिकी प्रक्रियाबाट उत्पन्न सूचनाहरू लगायत नयाँ विधेयकको पाठ तथा संशोधनहरू, मतदान, संसदीय कार्यसूची तथा समयतालिका, पूर्ण बैठकका अभिलेखहरूतथा समितिका कामकारबाही, ऐतिहासिक सूचना तथा अन्य सूचना जसलाई संसदीय अभिलेखको हिस्सा मानिने छ, जस्तै- संसदले तयार पारेको वा संसदका लागि बनाइएको प्रतिवेदन आदि यसमा पर्दछ ।

संसदले संसदको व्यवस्थापन तथा प्रशासन, संसदीय कर्मचारीहरू तथा संसदीय बजेटको विस्तृत जानकारी तथा सूचना सार्वजनिक गर्नेछ । संसदले संसद सदस्यको पृष्ठभूमि, क्रियाकलाप तथा मुद्दा लगायत पर्याप्त सूचना उपलब्ध गर्नु पर्दछ ताकि नागरिकले तिनको अक्षुण्णता, सत्यता तथा सम्भावित स्वार्थबीचको द्वन्द्व आदिबारे पूर्ण जानकारी लिएर निर्णय गर्न सक्नेछन् ।

**ग. संसदीय सूचनाको सहज पहुँचः**

सबै नागरिकलाई स्व-अवलोकन, छापामाध्यम, रेडियो र टेलिभिजनमा प्रत्यक्ष प्रशारण तथा माग अनुसारको प्रशारण जस्ता विविध माध्यमबाट भेदभावरहित तवरले बृहत्तररूपमा सूचनाको पहुँचको सुनिश्चितता संसदले गर्नु पर्दछ । सबै नागरिकलाई स्थानको उपलब्धता, सुरक्षा, सीमाहरू अवलम्बन गरी प्रत्यक्ष उपस्थित भई संसदभित्र सुन्न, हेर्न पाउने व्यवस्था हुनुपर्दछ ।

सूचना स्पष्टरूपमा परिभाषित तथा सार्वजनिकरूपमा उपलब्ध हुनु पर्दछ । साथै सञ्चार माध्यम र पर्यवेक्षकलाई सहज पहुँचको सुनिश्चितता हुनुपर्दछ । संसदीय सूचना निःशुल्करूपमा विविध राष्ट्रिय तथा कामकाजी भाषामा विभिन्न साधनको प्रयोग गरी उपलब्ध हुनुपर्दछ । यस्ता सूचना सरलीकृत भाषामा सार बनाइ उपलब्ध गराउनु पर्दछ जसबाट नागरिकको बृहत्तर परिधिले संसदीय सूचना बुझ्ने, लाभान्वित हुने कुराको सुनिश्चितता होस् ।

**घ. संसदीय सूचनाको विद्युतीय सम्प्रेषणको प्रवर्द्धनः**

संसदीय सूचना खुला तथा संरचनात्मक स्वरूपमा अनलाइनमा उपलब्ध हुनु पर्दछ जसबाट नागरिकले विभिन्न प्रविधिको प्रयोग गरी सूचनाको विश्लेषण गर्ने तथा पुनःप्रयोग गर्ने अवसर पाउने छन् ।

संसदीय सूचना सम्बद्ध सूचनासँग जोड्न सकिने साथै सहजरूपमा खोज्न सकिने तथा पूर्णरूपमा डाउनलोड गरी प्राप्त गर्न सकिने होस् । यसबाट अध्ययन अनुसन्धानमा नयाँ सञ्चार प्रविधिको बढावा मिल्नेछ । संसदीय वेबसाइटले सीमित इन्टरनेट पहुँच भएका समाजका नागरिकलाई समेत सञ्चार आदानप्रदान गर्न सघाउनेछ । खासगरी यस्ता समाजमा मध्यस्थहरूलाई सूचना उपलब्ध गराएर अन्ततःनागरिकसमक्ष सूचना सम्प्रेषण गर्न सकिन्छ ।

संसदीय वेबसाइटले नागरिकलाई निरन्तर आफूसँग जोडिराख्न तथा संवादका लागि अन्तरक्रियात्मक औजार र उपायको प्रयोग गर्नेछ । यसका लागि एलर्ट तथा मोबाइल सेवाको व्यवस्था गर्न सकिन्छ । संसदीय सूचनाको प्राविधिक उपयोगिता तथा सूचना प्रयोगकर्ताहरूको गोपनीयताको सुनिश्चितता संसदको उत्तरदायित्व हो ।

# संसदीय खुलापनसम्बन्धी घोषणापत्र

## प्रस्तावना

समावेशी, उत्तरदायी, पहुँचयोग्य तथा जिम्मेवार संसद लोकतान्त्रिकरणका लागि महत्वपूर्ण मानिन्छन् किनकि यिनले कानुन निर्माण गर्ने, नागरिकको प्रतिनिधित्व गर्ने तथा कार्यपालिकाको नीति कार्यान्वयन तथा कार्यसम्पादनको सुपरीवेक्षण गर्ने संवैधानिक दायित्व सँगसँगै नागरिक चाहनालाई समेत प्रतिबिम्बित गर्दछन् ।

संसदीय खुलापनले नागरिकलाई संसदको कामकारबाहीप्रति सुसूचित गर्न सहयोग गर्दछ, नागरिकलाई विधायिकी प्रक्रियामा सहभागी हुन सघाउँछ, संसद सदस्यहरूलाई सोधखोज गरी जिम्मेवार बनाउने नागरिक तयार पार्दछ र नागरिक हितको प्रतिनिधित्व

समेत सुनिश्चित गर्दछ । शासनमा नागरिकको सहभागिता एवं संसदीय सूचनाको पहुँच अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज[१] तथा अन्तर्राष्ट्रिय संसदीय समुदाय[२] द्वारा अवलम्बन गरिएका लोकतान्त्रिक संसदको अन्तर्राष्ट्रिय मापदण्ड तथा आधारद्वारा स्थापित गरिएका छन्, साथै अन्तर्राष्ट्रिय संगठनहरूले अनलाइन[३] माध्यमबाट संसदीय खुलापनाकालागि एक सबल आधार खडा गरेका छन् । डिजिटल युगको आगमनले संसदीय सूचनाको सार्वजनिक उपयोगको सन्दर्भ तथा सुशासनका लागि नागरिक चाहना बदलिएको छ, बढ्दो प्रविधिले साझा ज्ञानको सिर्जना गर्ने तथा प्रातिनिधिमूलक लोकतन्त्रबारे सूचित गर्ने जस्ता अहम् प्रतिज्ञाको साथ साथै संसदीय सूचनाको पुन:प्रयोग तथा विश्लेषणलाई सशक्त बनाएको छ। परम्परा, अनुभव, स्रोतसाधन तथा सन्दर्भको विभिन्नताले खुलापन सुधारसम्बन्धी संसदीय प्रस्तावमा प्रभाव पार्न सक्दछ, तापनि यसले संसदीय खुलापन तथा पारदर्शिताको महत्वलाई कम आँक्न सक्दैन ।

घोषणापत्रले संसदीय खुलापनले पुरक विषयका रूपमा व्यापक स्तरको सरकारी खुलापन आवश्यक ठान्दछ। यसै सन्दर्भमा अझ पारदर्शी, प्रभावकारी तथा उत्तरदायी सरकार र शासनका लागि निगरानी गर्न सकिने प्रतिबद्धता प्राप्त गर्न खुला सरकार साझेदारी जस्ता पहलमार्फत् धेरै सरकार नागरिक समाजसँग साझेदारी गरिरहेका छन् । बढ्दो संख्यामा रहेका संसदीय अनुगमन गर्ने नागरिक समाज तथा सहयोगी संगठनहरू संसदको लोकतान्त्रिक उत्तरदायित्वको सबलीकरणका लागि सार्थक तथा साझेदारीपूर्ण भूमिका निर्वाह गर्न चाहन्छन्, तथा उक्त भूमिका प्रभावकारी रूपमा निर्वाहका लागि संसदीय सूचनामा आफ्नो सहज पहुँच आवश्यक ठान्दछन्। संसदहरू तथा संसदीय अनुगमन संगठनबीच भएका सबल साझेदारीका धेरै उदाहरण छन् जसले

---

१ मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र २१ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ र २५ समेत ।

२. यी मूल्य तथा मापदण्डमा इन्टर पार्लियामेन्ट्री युनियन, कमनवेल्थ पार्लियामेन्ट्री एसोसिएसन, साउथ अफ्रिकन डेभलपमेन्ट कम्युनिटी पार्लियामेन्ट्री फोरम, एसेम्ब्ली पार्लियामेन्टाएर डीला फ्रेंकाफोनी तथा पार्लियामेन्ट्री कन्फेडेरेसन अफ द अमेरिकाजद्वारा तयार पारी अवलम्बन गरिएका दस्तावेजहरूपर्दछन् ।

३. यसमा इन्टर पार्लियामेन्ट्री युनियन तथा संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक मामिला विभागद्वारा तयार संसदीय दस्तावेजहरूको मार्गदर्शन २००९ समेत पर्दछन् ।

संसदीय सूचनाको बृहत्तर खुलापनलाई सूचित गर्दछ । त्यसैकारण, प्रतिनिधिहरूले संसदीय खुलापनसम्बन्धी निम्नलिखित सिद्धान्त निर्माण गरेका तथा यसलाई अझ बढी सुधार गर्दै लैजाने प्रतिज्ञा गरेका छन् ।

## क. खुलापनसम्बन्धी संस्कृतिको प्रवर्द्धन

### १. ससंदीय सूचनामा सार्वजनिक स्वामित्वको स्वीकार्यता

संसदीय सूचना सार्वजनिक हुन् । नागरिकलाई त्यस्ता सूचनाको पूर्ण वा आंशिकरूपमा पुनः प्रयोग तथा प्रकाशन गर्नअनुमति दिनु पर्नेछ । यो सिद्धान्तको कुनै अपवाद वा बन्देज कानुनद्वारा स्पष्टरूपमा परिभाषित हुनु पर्नेछ ।

### २. कानुनद्वारा खुलापन संस्कृतिको प्रवर्द्धन

कानुन निर्माणका साथै आन्तरिक कार्यविधिका नियमहरू र आचार संहिता बनाउनु संसदको काम हो, जसले सरकारी तथा संसदीय सूचनामा नागरिक अधिकारको प्रत्याभूति, खुला सरकारको संस्कृति प्रवर्द्धन, राजनीतिक वित्तको पारदर्शितामा बढावा, अभिव्यक्ति स्वतन्त्रता एवं संगठित हुने स्वतन्त्रताको संरक्षण, नागरिक तथा नागरिक समाजको विधायिकी प्रक्रियामा सहभागिताको सुनिश्चितताका लागि सहज वातावरण निर्माण गर्न योगदान दिनेछ ।

### ३. निगरानीमार्फत् खुलापन संस्कृतिको संरक्षण

संसदले आफ्नो निगरानी भूमिका निर्वाह गर्दै खुलापनसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नेछ । साथै सरकारले पूर्ण पारदर्शी तवरले आफ्ना कामकारबाही सञ्चालन गर्ने तथा सरकारले समेत खुलापन संस्कृतिको प्रवर्द्धनको प्रत्याभूति गर्नेछ ।

### ४. नागरिक शिक्षाको प्रवर्द्धन

संसदको नियम तथा कार्यविधि, संसदको काम र संसद तथा यसका सदस्यहरूको भूमिकाबारे जनमानसमा खासगरी युवामा जानकारी प्रवर्द्धन गरी नागरिक शिक्षाको सक्रिय संवर्द्धनको जिम्मेवारी संसदसँग रहेको छ ।

### ५. नागरिक तथा नागरिक समाजसँगको संलग्नता

संसदीय गतिविधि तथा निर्णय प्रक्रियामा नागरिक तथा नागरिक समाजलाई बिनाभेदभाव सक्रिय रूपमा संलग्न गराउने जिम्मेवारी संसदको हो । यस प्रक्रियाले नागरिक चाहनालाई प्रभावकारी रूपमा प्रतिनिधित्व गर्दछ तथा सरकारसमक्ष गुनासो राख्न पाउने नागरिकको अधिकारलाई सशक्त बनाउँछ ।

### ६. स्वतन्त्र नागरिक समाजको संरक्षण

नागरिक संघ संस्थाहरू बिनाकुनै रोकटोक, स्वतन्त्रतापूर्वक सञ्चालन हुन सक्ने वातावरणको प्रत्याभूतिका उपायहरू प्रोत्साहन गर्नु संसदको जिम्मेवारी हो ।

### ७. प्रभावकारी संसदीय अनुगमनको सबलीकरण

संसदले नागरिक समाज, सञ्चार माध्यम तथा सर्वसाधारणको संसद र संसद सदस्यहरूको अनुगमन गर्ने अधिकार तथा दायित्वको सम्मान गर्नेछ । संसदीय सूचनाको पहुँचमा रहेका अवरोधहरूलाई कम गर्दै, प्रभावकारी अनुगमनलाई प्रोत्साहन गर्नका लागि संसदीय अनुगमनमा संलग्न नागरिक संगठन तथा सर्वसाधारणसँग गरिने विचार विमर्शमा संसदको सहभागिता हुनेछ ।

### ८. असल अभ्यासको आदानप्रदान

अन्य संसदहरू तथा नागरिक समाज संस्थाहरूसँग अन्तर्राष्ट्रिय एवं क्षेत्रीयरूपमा असल अभ्यासहरूको आदानप्रदान गर्ने कार्यमा संसद सक्रियतापूर्वक सहभागी हुनेछ । यस क्रियाकलापले संसदीय सूचनाको खुलापन तथा पारदर्शितामा बढावा दिनेछ, सूचना एवं सञ्चार प्रविधिको उपयोगमा सुधार ल्याउनेछ तथा लोकतान्त्रिक सिद्धान्तहरूको अनुसरण गर्न बल मिल्नेछ ।

### ९. कानुनी उपचारको प्रत्याभूति

सरकारी वा संसदीय सूचनामा नागरिकको पहुँच विवादित हुन पुगेमा नागरिकलाई कानुनी वा न्यायिक उपचारको प्रभावकारी व्यवस्था सुनिश्चित गर्ने गरी संसदले कानुन बनाउनेछ ।

### १०. पूर्ण सूचनाको सम्प्रेषण

केही स्थापित र स्पष्ट अपवाद बाहेक संसदीय सूचना सम्पूर्ण संसदीय गतिविधि झल्किने गरी तथा सम्भव भएसम्म पूर्णरूपमा सार्वजनिकरूपमा उपलब्ध हुनेछन् ।

### ११. समसामयिक सूचनाको उपलब्धता

संसदीय सूचनाहरू समयमै जनमानसमा उपलब्ध गराइनेछ । आधारभूत नियमका रूपमा यस्ता सूचना तत्क्षण उपलब्ध गराइनेछ । यदि यसो गर्न असम्भव भए आन्तरिकरूपमा उपलब्ध हुनासाथ संसदीय सूचनाहरू यथाशक्य सार्वजनिकरूपमा सम्प्रेषण गरिने छ ।

### १२. सही सूचनाको प्रत्याभूति

संसदले आधिकारिक अभिलेख भण्डारण प्रक्रियाको सुनिश्चितता गर्नेछ र संसदद्वारा नागरिकमा जारी गरिने यस्ता सूचना सही छन् भन्ने कुराको प्रत्याभूति दिइनेछ ।

## ख. संसदीय सूचनाको पारदर्शिता

### १३. संसदीय पारदर्शिताको नीति अङ्गीकार

संसदले त्यस्ता नीतिहरूको अवलम्बन गर्नेछ, जसले संसदीय सूचनाका साथै त्यस्ता सूचना प्रकाशित गरिने स्वरूपसम्बन्धी नीतिहरूले अग्रसक्रिय रूपमा सार्वजनिकीकरण गर्ने कुराको सुनिश्चितता गर्दछ । संसदीय पारदर्शितासम्बन्धी नीतिहरूलाई सर्वसुलभ बनाइनेछ र प्रविधिगत विकास तथा नवीनतम असल अभ्यासहरूबाट लाभ लिनका लागि उक्त नीतिहरूको आवधिक समीक्षाका शर्तहरू निर्धारण गर्नेछ । संसदसँग तत्कालका लागि विस्तृतरूपमा संसदीय सूचना प्रकाशित गर्ने क्षमता नहुन सक्दछ, यस्तो अवस्थामा संसदीय सूचनामा बृहत्तर जनताको पहुँच सुनिश्चित गर्नका लागि संसदले नागरिक समाजसँग सहकार्य गर्नेछ ।

## १४. संसदको भूमिका तथा कार्यहरूका बारे सूचना उपलब्ध गराउने

संसदले आफ्नो तथा मातहतका समितिको संवैधानिक भूमिका, संरचना, कामकारबाही, आन्तरिक नियमहरू, प्रशासकीय प्रक्रियाहरू तथा कार्यप्रवाहका बारेमा सूचनाहरू सार्वजनिक गर्नेछ ।

## १५. संसद सदस्यहरूको सूचना उपलब्ध गराउने

संसदले नागरिकको जानकारीका लागि आफ्ना सदस्यहरूको परिचय, दलगत आबद्धता, चुनावी जनादेश, संसदमा खेलेको भूमिका, हाजिरी, निजी कर्मचारीहरूको परिचय र निज सदस्यले चाहेका अन्य कुनै पनि आफू तथा आफ्नो परिचयसँग सम्बन्धित सूचनाहरू अद्यावधिक गरी उपलब्ध गराउनेछ । संसद सदस्यहरूको संसदीय तथा निर्वाचन क्षेत्र-स्तरीय कार्यालयहरूको सम्पर्क ठेगाना समेत सार्वजनिक गरिने छ ।

## १६. संसदीय कर्मचारी तथा प्रशासनबारे सूचना उपलब्ध गराउने

संसदले संसदीय गतिविधि तथा प्रक्रियाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रशासकीय कार्यपद्धति तथा संसदीय कर्मचारीको संरचनाबारे सूचना उपलब्ध गराउनेछ । नागरिकलाई सूचना प्रवाह गर्ने जिम्मेवारी भएका कर्मचारीको सम्पर्क ठेगाना समेत सार्वजनिकरूपमा उपलब्ध गराउनु पर्दछ ।

## १७. संसदीय एजेण्डाबारे नागरिकलाई सूचित गर्ने

नागरिकहरूलाई संसदीय गतिविधिहरूको कार्यतालिका साथै संसद बैठक सत्रको तिथी-मिति, निर्धारित मतदानसँग सम्बन्धित सूचनाहरू, संसदीय कामकारबाहीको क्रमतालिका तथा समितिसमक्ष हुने सुनुवाइहरूको तालिकासँग सम्बन्धित दस्तावेजहरू उपलब्ध गराइनेछ । अत्यावश्यकीय कानुन निर्माण गर्नुपर्ने जस्ता विशेष अवस्थाहरूमा बाहेक संसदले नागरिक तथा नागरिक समाजलाई संसदमा विचाराधीन रहेका विषयहरूमा संसद सदस्यहरूसमक्ष आफ्ना विचार राख्न दिन पर्याप्तरूपमा अग्रिम जानकारी दिनेछ ।

### १८. मस्यौदा विधेयकमा नागरिक संलग्नता

मस्यौदा विधेयक संसदमा दर्ता भएपश्चात प्रकाशनगरी सार्वजनिक गरिनेछ। संसदमा विचाराधिन रहेका विषयहरूबारे नागरिक पूर्णरूपमा सूचित हुनुपर्ने तथा आफ्ना राय व्यक्त गर्न पाउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै संसदले प्रस्तावित कानुनका सम्बन्धमा नीतिगत छलफलका लागि पहल गर्नेछ, यसले विधेयकको पृष्ठभूमि तथा प्रारम्भिक विश्लेषणबारे जनताको बुझाइलाई थप परिष्कृत गर्नेछ।

### १९. समितिका कारबाहीका अभिलेख प्रकाशन

समितिले तयार पारेका र समितिमा आएका प्रतिवेदन लगायतका दस्तावेजहरू, सार्वजनिक सुनुवाइका क्रममा साक्षीहरूका बयान, प्रतिलिपीहरू तथा समितिका कारबाहीका अभिलेखलाई तुरून्तै सार्वजनिक गरिनेछ।

### २०. संसदीय मतहरूको अभिलेखीकरण

आफ्ना मतदाताको मतदान व्यवहारप्रति संसद सदस्यहरूको जवाफदेहीता सुनिश्चित गर्नका लागि संसदले अधिकांश अवस्थामा पूर्ण बैठकमा ध्वनी मतदानको प्रयोगलाई कम गरी उपस्थित मतदान वा विद्युतीय मतदानको प्रयोग गर्नेछ, जसबाट जनतालाई व्यक्तिविशेष सदस्यको पूर्ण बैठक तथा समितिहरूमा रहेको मतदान व्यवहारको अभिलेख उपलब्ध गराउन सकिन्छ। त्यसैगरी, संसदले प्रतिनिधिमार्फत् गरिने मतदानलाई न्यूनीकरण गर्नेछ, साथै पारदर्शिता एवं लोकतान्त्रिक जवाफदेहीताका मान्यताहरूलाई अवमूल्यन नगरिने कुराको सुनिश्चितता गर्नेछ।

### २१. संसदको पूर्ण बैठकका कारबाहीका अभिलेखहरू प्रकाशन

संसदले यसका पूर्ण बैठकको कारबाहीका अभिलेखहरू सहजरूपमा उपलब्ध हुने गरी तयार पार्ने, व्यवस्थित गर्ने तथा प्रकाशन गर्नेछ। संसदका कारबाहीका अभिलेखलाई प्राथमिकताका साथ श्रव्य अथवा दृश्य स्वरूपमा निर्माण गरी त्यसको लिखित प्रतिलिपि वा दुरूस्त उतार गरी स्थायी तवरले अनलाइनमा राखिनेछ।

## २२. संसदले तयार पारेका वा संसदलाई प्राप्त भएका प्रतिवेदनहरूको प्रकाशन

संसदद्वारा तयार पारिएका वा संसद, यसका कार्यालयहरू वा समितिहरूसमक्ष पेश गर्न लगाइएका वा पेश गर्नुपर्ने सम्पूर्ण प्रतिवेदनहरू कानुनद्वारा स्पष्टरूपमा परिभाषित गरिएका अवस्थाहरूमा बाहेक सार्वजनिक गरिनेछन् ।

## २३. बजेट तथा खर्च बारेका सूचना प्रदान गर्ने

राष्ट्रिय बजेट तथा सार्वजनिक व्ययहरूका साथै पछिल्ला, चालु एवं अनुमानित आय तथा व्ययहरूको व्यापक, विस्तृत तथा सरल जानकारी सार्वजनिक गर्नु संसदको जिम्मेवारी हो । त्यसैगरी, संसदको आफ्नो बजेटका साथै बजेट कार्यान्वयन, बोलपत्र तथा करारहरू प्रकाशित गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ । सिलसिलेवार वर्गीकरणका साथै सरल भाषामा संक्षेपीकरण गरी, व्याख्या अथवा प्रतिवेदनहरूका माध्यमबाट नागरिकको जानकारी प्रवर्द्धन गर्नका लागि बजेट सूचना सम्पूर्णतामा सार्वजनिक गरिनेछ ।

## २४.सम्पत्ति सार्वजनिक गर्ने तथा सदाचारिता सुनिश्चित गर्ने

संसद सदस्यहरूको सदाचारिता र इमान्दारिताका सम्बन्धमा नागरिकलाई सुसूचित मूल्याङ्कन तथा निर्णय गर्ने अवसर प्रदान गर्नका लागि संसदले सदस्यहरूबारे पर्याप्त सूचना उपलब्ध गराउनु पर्नेछ । यसैगरी संसदले सदस्यहरूको सम्पत्तिको सार्वजनिकीकरण, उनीहरूको संसदीय व्ययहरू तथा गैर-संसदीय आयहरू जस्तैः- ब्याज, लाभांश, पट्टा-भुक्तानी वा अन्य खास प्रकारका लाभ आदिका बारेमा पर्याप्त सूचना नागरिकको जानकारीका लागि सार्वजनिक गर्नेछ ।

## २५. अनैतिक आचरण तथा सम्भावित स्वार्थको द्वन्द्वबारे सूचना सार्वजनिक

संसदले वास्तविक वा सम्भावित स्वार्थहरूबीचको द्वन्द्व तथा नैतिक आचरणको उल्लङ्घनबाट सुरक्षित रहन तथा सदस्यहरूको पैरवीकर्ता तथा दबाब समूहहरूसँगको अन्तर्क्रियासम्बन्धी सान्दर्भिक सूचना सार्वजनिक गर्ने कुरा सुनिश्चित गर्न स्पष्टरूपमा परिभाषित नियमहरू निर्माण गर्नेछ । संसदले अनैतिक कार्य, स्वार्थका द्वन्द्वहरू वा भ्रष्टाचार आरोपहरूका सम्बन्धमा भएका कुनै पनि न्यायिक अथवा संसदीय अनुसन्धानका अन्तिम निष्कर्षहरू बारेका सूचना सार्वजनिक गर्नेछ ।

### २६. ऐतिहासिक सूचनामा पहुँच दिने

संसदका अघिल्ला सत्रहरूका सूचनालाई डिजिटाइज्ड गरी नागरिकलाई चीरकालसम्म बिनाकुनै कानुनी अड्चन वा निःशुल्क रूपमा पुनः प्रयोगका लागि उपलब्ध गराइनेछ। संसदले आफ्नो सूचना अंकीकरण गरी सार्वजनिक गर्न नसकेको अवस्थामा संसदीय सूचनालाई बिनाकुनै अवरोध प्रवाह गर्ने कार्यमा सहजीकरण गर्नका लागि बाह्य संस्थाहरूसँग मिली कार्य गर्नेछ। संसदले संसदको ऐतिहासिक सूचना नागरिक तथा संसद सदस्यहरूले हेर्न सक्ने गरी संसदीय पुस्तकालयमा सार्वजनिक पहुँच दिनेछ।

## ग. संसदीय सूचनामा सहज पहुँच

### २७. सूचनामा पहुँचका लागि विभिन्न माध्यमहरू उपलब्ध गराउने

संसदले स्व-अवलोकन, छापा माध्यम, रेडियो र टेलिभिजन प्रसारण तथा इन्टरनेट एवं मोबाइल उपकरण प्रविधिसहित विभिन्न माध्यमहरूबाट आफ्नो काम बारेको सूचनामा पहुँच प्रदान गर्नेछ।

### २८. भौतिक पहुँचको सुनिश्चितता

सार्वजनिक सुरक्षाको सुनिश्चितता र ठाउँको उपलब्धता लगायतका कुराले साथ दिएमा संसद र संसदको पूर्ण बैठक हरेक नागरिकलाई भौतिक उपस्थितिका लागि खुला हुनेछ।

### २९. सञ्चार माध्यमको पहुँचको सुनिश्चितता

संसदले सञ्चार माध्यम र स्वतन्त्र पर्यवेक्षकलाई संसदीय गतिविधि तथा कारबाहीमा पूर्ण पहुँचको सुनिश्चितता गर्नेछ। सञ्चार माध्यमलाई पहुँच प्रदान गर्ने मापदण्ड र प्रक्रिया स्पष्टरूपमा परिभाषित र सार्वजनिकरूपमा उपलब्ध हुनेछ।

### ३०. प्रत्यक्ष तथा माग बमोजिमको प्रसारण र प्रवाहको उपलब्धता

नागरिकलाई संसदीय कारबाहीबारे वास्तविक समय तथा चाहेका बखत अभिलेखमाथि पहुँच प्रदान गर्न रेडियो, टेलिभिजन र इन्टरनेटमार्फत् प्रयास गरिनेछ।

### ३१. देशभर पहुँच सहजीकरण गर्ने

सम्भव भएसम्म संसदीय सूचनाको पहुँच भौगोलिक कठिनाइले सीमित हुनेछैन ।

वेबसाइटको प्रयोगले बिना भौगोलिक कठिनाइ संसदीय सूचनाको पहुँचमा केही सहजता भएपनि इन्टरनेटको पहुँच र उपयोग सीमित भएका देशहरूमा संसदले देशभर संसदीय सूचनाको सार्वजनिक पहुँचको सुनिश्चितता गर्न अन्य माध्यमहरूको खोजी गर्नेछ ।

### ३२. सरल भाषाको प्रयोग

संसदीय सूचना प्राप्त गर्न खोज्ने नागरिकलाई कानुनी वा प्राविधिक भाषा बाधक बन्ने छैन भनी संसदले सुनिश्चित गर्नेछ । कानुन बनाउका लागि सटिक भाषाको आवश्यकता बोध गरिए पनि विविध पृष्ठभूमि र विशेषज्ञता भएका संसद सदस्यहरू र नागरिकलाई संसदीय सूचना सजिलै उपलब्ध हुने र सहजै बुझ्न सकिने बनाउन सरल भाषामा शारांसहरू र यस्तै अन्य उपायहरूको विकास गर्नु संसदको कर्तव्य हुनेछ ।

### ३३. विविध राष्ट्रिय वा कामकाजी भाषाको प्रयोग

जहाँ संविधान वा संसदीय नियमले संसदमा विविध राष्ट्रिय वा कामकाजी भाषा प्रयोगको अनुमति प्रदान गर्दछ, त्यहाँ संसदले दोभाषेमार्फत् संसदीय कारबाहीको समकालीक व्याख्या तथा अभिलेखको शीघ्र अनुवाद उपलब्ध गराउन समुचित प्रयास गर्नेछ ।

### ३४. निःशुल्क पहुँच

नागरिकका लागि संसदीय सूचना निर्वाधरूपमा पहुँच रहने, पुनःप्रयोग गर्न सकिने र निःशुल्करूपमा साझेदारी गर्न सकिने गरी उपलब्ध हुनेछ ।

# घ. संसदीय सूचनाको विद्युतीय सम्प्रेषण

### ३५. खुला र संरचनागत दुवै स्वरूपमा सूचनाको उपलब्धता

संसदीय सूचना खुला तथा संरचनागत स्वरूपमा सङ्कलन तथा जारी गरिनेछ, जस्तै ह्रीस्वरूप, जसलाई कम्प्युटरमा पढ्न तथा अन्य किसिमले प्रयोग तथा परिष्कृत गर्न सकिन्छ । यसरी संयोजन गरिएका संसदीय सूचना नागरिक, नागरिक समाज, निजी क्षेत्र तथा सरकारी तबरमा सजिलैसँग पुनःप्रयोग तथा विश्लेषण गर्न सकिन्छ ।

### ३६. प्रविधिगत उपयोगिताबारे प्रोत्साहन

संसदले कुनै पनि अनलाइन डाटावेस वा अन्य माध्यम तथा यिनको प्रयोगबारे स्पष्ट निर्देशन दिई संसदीय सूचनाको प्रविधिगत उपयोगिताबारे सुनिश्चित गर्नेछ । यी उपायको अवलम्बनले संसदीय वेबसाइटबाट संसदीय सूचना पुनः प्राप्त गर्न नागरिकलाई सक्षम बनाउँछ । संसदले प्रविधिका प्रयोगकर्ता तथा यो पद्धतिबीच एक तहसम्मको सहजता निर्माण गर्दछ, साथै यसमा अझ सुधार गर्न र उपयोगिता बढाउन असल अभ्यासको समेत प्रयोग गर्नेछ ।

### ३७. नागरिकको गोपनीयताको सुरक्षा

संसदीय वेबसाइटमा एक स्पष्ट तथा सङ्क्षिप्त गोपनीयता नीति हुनेछ, जसले नागरिक प्रयोगकर्तालाई कसरी तिनको व्यक्तिगत विवरण प्रयोग भैरहेछ भन्ने कुराको जानकारी देओस् । संसदीय वेबसाइटमा सूचनाको सार्वजनिक पहुँचलाई अवरोध उत्पन्न गर्ने गरी यसबाट सूचना लिन सदस्यता लिनुपर्ने वा दर्ता हुनुपर्ने प्रावधान राखिने छैन, साथै प्रयोगकर्ताको व्यक्त सहमतिबिना व्यक्तिगत चिनारी खुल्ने विवरण समेत खोजी गरिने छैन ।

### ३८. गैर-स्वामित्व स्वरूप तथा खुला-स्रोत सफ्टवेयरको प्रयोग

संसदले स्वामित्वरहीत, खुला स्वरूपका तथा निःशुल्क र खुला-स्रोत भएका सफ्टवेयर एप्लिकेसनको प्राथमिकतापूर्वक उपयोग गरी डिजीटल सूचना उपलब्ध गराउनेछ ।

## ३९. पुनः प्रयोगको लागि डाउनलोड अनुमति

संसदीय सूचना सहजरूपमा पुनःप्रयोग अनुमतिका लागि एकमुष्ट तथा उपयुक्त प्रलेखित स्वरूपमा सजिलैसँग डाउनलोड हुनेछन् ।

## ४०. संसदीय वेबसाइटको उचित व्यवस्थापन

आधुनिक तथा परस्पर अन्तरसम्बन्धित हालको विश्व परिवेशमा इन्टरनेटको सीमित उपयोग भएका राष्ट्रहरूमा पनि एक व्यापक तथा विस्तृत जानकारी सहितको संसदीय वेबसाइटको व्यवस्थापन तथा नियमित अद्यावधिक संसदीय पारदर्शिता तथा खुलापनको एक महत्वपूर्ण पक्ष हो । संसदीय सूचनाहरू विद्युतीय स्वरूपमा उपलब्ध हुने तथा एक अत्यावश्यकीय सञ्चार माध्यमका रूपमा अनलाइन प्रसारणलाई मानिने कुरालाई संसदले सुनिश्चित गर्नेछ ।

## ४१. सहज तथा दिगो खोजी संयन्त्रको उपयोग

संसदले नागरिकका लागि चाहेअनुसारको संसदीय सूचना सम्भव भएसम्म छिटो र सहजै प्राप्त गर्न सक्ने बनाउनेछ । यस प्रयोजनका लागि उपयुक्त मेटाडाटा प्रयोग गरी सरल तथा जटिल दुबै खोज संयन्त्रलाई सक्रिय बनाइ डाटाबेस निर्माण गरिनेछ । यस्ता सूचना लामो समयसम्म रहिरहने स्थायी प्रकृतिको स्थानबाट उपलब्ध हुनेछन्, जस्तै- लगातार चालु रहने स्थायी प्रकृतिको वेबपेजलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

## ४२. सम्बन्धित सूचनासँग जोड्ने

संसदले सान्दर्भिक संसदीय सूचना खोजी गरी त्यस्ता सूचनालाई सम्बन्धित अन्य सूचनासँग जोड्ने नागरिकको क्षमता सुधारका लागि पहल गर्नेछ । उदाहरणका लागि, कुनै विधेयकको ऐतिहासिक सन्दर्भलाई अघिल्लो संस्करणको कानुनसँग, समितिका सान्दर्भिक प्रतिवेदनहरूसँग, विज्ञका वयान तथा विचारसँग, प्रायोजित संशोधनहरूसँग तथा सम्बन्धित कानुनको कुनै पक्षबारे भएका संसदीय छलफलको अक्षरशः (आवाज सहितको) अभिलेखको हिस्सासँग जोडिने विषयहरू आदि यसमा पर्दछन् ।

### ४३. सजग गराउने (अलर्ट) सेवा प्रयोगमा जोड

सम्भव भएसम्म संसदले नागरिकलाई विशेष प्रकारका संसदीय गतिविधिहरूको जानकारीका लागि इमेल, एसएमएस सन्देशमार्फत् सूचना प्राप्त गर्ने वा अन्य प्रविधिको प्रयोगबाट सचेत गराउने सेवा लिन सक्ने नागरिकको क्षमता निर्माणमा जोड दिनेछ ।

### ४४. दोहोरो सञ्चारको सहजीकरण

संसदले कानुन निर्माण तथा अन्य संसदीय गतिविधिमा अर्थपूर्ण विचार तथा सुझाव दिन सक्ने अन्तरक्रियात्मक प्रविधि तथा उपायको प्रयोग गर्न भरमग्दुर प्रयत्न गर्नेछ। यसले संसद तथा संसदीय कर्मचारीहरूसँग दोहोरो सञ्चारलाई सहजीकरण गर्ने नागरिक क्षमता अभिवृद्धि गर्नेछ ।

# स्रोत सन्दर्भ


- दाहाल, तारानाथ- जानकारी पत्र , खुला सरकार सहकार्य एक परिचय । २०७२
- https://www.opengovpartnership.org/resources
- प्रतिवेदन, खुला सरकार साझेदारीमा सहभागिता सम्बन्धी सुझाव तथा सिफारिस समिति, २०७२
- पुस्तिका खुला सरकार : नागरिक साझेदारी, FHI 360 Nepal
- Research paper: Advancing Open Government and Evaluating its Impact (OGP)
- दीगो विकास एजेण्डा २०३० र दीगो विकास लक्ष्यहरूबारे जानकारी पुस्तिका, गैसस महासंघ
- OGP now: How is OGP delivering for civil society¿ (OGP)
- PPT: OGP Introduction by Taranath Dahal, 2075/76 Freedom Forum
- PPT: Krishnahari Banskota, 2075 NIC
- Open parliaments, results and expectations`edited by EdurdoBohorquez/2015
- Blog 'OGP as a platform to build trust and culture of openness in Nepal, Krishna Sapkota (2005).
- Inter-Parliament Guide on Parliament & Democracy
- The open parliament e-Network
- हमारी संसद : सुभाष कायस्थ
- www ogp govpartnership.org
- www.opening parliament .org
- Declaration on Parliamentary Openness/2012
- www.ccrinepal.org.np
- www.freedomforum.org.np

- Ppt on parliamentary reporting : Taranath Dahal
- PPt on open parliamentary : Taranath Dahal
- Ppt on parliament report card : Taranath Dahal
- सङ्घीय संसद, कानुन निर्माणसम्बन्धी परिचयात्मक पुस्तिका,सङ्घीय संसद, सचिवालय संसद सहयोग परियोजना, राष्ट्रसघीय विकास कार्यक्रम
- नेपालको संविधान
- प्रतिनिधि सभा नियमावली, २०७५
- राष्ट्रिय सभा नियमावली, २०७५
- Article 'Informed parliament for evidence-based decision-making, Krishna Sapkota.

**FREEDOM FORUM**

"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो । मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरुको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, वजेट पारदर्शिता, निर्वाचन तथा लोकतान्त्रिक शासन प्रणाली, सार्वजनिक वित्त व्यावस्थापन र सामाजिक जवाफदेहिता प्रवर्द्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ । समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरु यसका सदस्य वन्न सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ । सम्पुर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्छ ।

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्स: २४२९२
फोन: ४१०२०३०/४१०२०२२
इमेल: info@freedomforum.org.np
www.freedomforum.org.np

*Empowered lives*
*Resilient nations*

**संसद सहयोग परियोजना/यूएनडिपी**
तारा हाउस, सानेपा, ललितपुर
फोन: ५०१३०५६
वेभ: np.undp.org/PSP